प्राथमिक तहमा कार्यरत शिक्षकहरुका लागि

उच्चमाध्यमिक शिक्षा परिषद्‌बाट स्वीकृत उच्च माध्यमिक तहको

विशेष पाठ्यक्रममा आधारित

## परीक्षा सहयोग सामग्री

# नेपाली


नेपाल सरकार

शिक्षा मन्त्रालय

शैक्षिक जनशक्ति विकास केन्द्र

सानोठिमी, भक्तपुर

२०६८

**विषयसूची**


| विषय | | पेज नं. |
|---|---|---|
| **खण्ड (क) : व्याकरण** | | - ५ |
| वर्ण | - ५ | |
| अक्षरसंरचना | - ७ | |
| वर्णविन्यास | - ८ | |
| शब्दवर्ग | - १० | |
| शब्दनिर्माण | - १२ | |
| वाक्यतत्त्व र वाक्यान्तरण | - १५ | |
| **खण्ड (ख) : बोध र अभिव्यक्ति** | | - २३ |
| बोध | - २३ | |
| प्राविधिक तथा पारिभाषिक शब्द | - २६ | |
| बुँदाटिपोट | - २८ | |
| सङ्क्षेपीकरण | - ३० | |
| पत्ररचना | - ३२ | |
| निबन्धलेखन | - ३८ | |
| टिप्पणीलेखन | - ४२ | |
| प्रतिवेदनलेखन | - ४४ | |
| **खण्ड (ग) : कृतिसमीक्षा** | | - ४८ |
| **कविता** | | - ४८ |
| - नेपाली हामी रहौँला कहाँ नेपालै नरहे | - ४८ | |
| - हर्कबहादुर | - ४८ | |
| - मानुषी | - ४९ | |
| - मेरो देश | - ५१ | |
| - कान्छी, भट्टी र देश | - ५२ | |
| **कथा** | | - ५६ |
| - छिमेकी | - ५६ | |
| - मधुमालतीको कथा | - ५६ | |
| - रातभरि हुरी चल्यो | - ५७ | |
| - शत्रु | - ५८ | |
| - हारजित | - ५८ | |
| **निबन्ध** | | - ६१ |
| - आइमाईसाथी | - ६१ | |
| - म फूल लिएर आउनेछु | - ६२ | |
| - भलादमी | - ६३ | |
| - आलु | - ६४ | |
| - खाद्यसङ्कट र जैविक विविधता | - ६५ | |

**एकाङ्की र नाटक** - ६८
- नालापानीमा - ६८
- बहुलाकाजीको सपना - ६८

**उपन्यास** - ७१
- एक चिहान - ७१

**परिशिष्ट** - ८१
- पाठ्यक्रम
- विशिष्टीकरण तालिका
- नमुना प्रश्न

**परीक्षामा बस्नुभन्दा पहिले ध्यान दिनुपर्ने कुराहरू**

- तहगत तथा विषयगत पाठ्यक्रमको अध्ययन
- पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको विस्तृत र गहन अध्ययन
- अध्ययनका क्रममा महत्त्वपूर्ण बुँदाहरू टिपोट गर्ने बानी
- विशिष्टीकरण तालिकाबाट प्रश्नका क्षेत्र र प्रकृतिको पहिचान
- नमुना प्रश्नपत्रको ढाँचा बारे जानकारी
- नमुना उत्तर पढी त्यस्तै प्रकृतिका प्रश्नको उत्तर दिने तयारी
- पाठ्यपुस्तक र पाठ्यसामग्रीको अध्ययन पश्चात् परीक्षा अगावै उत्तर लेख्ने अभ्यस्तता
- परीक्षामा प्रश्नको आशय बुझी सटीक उत्तर दिने
- परीक्षामा समयको महत्त्व दृष्टिगत गरी सबै प्रश्नको समाधान गर्ने
- उत्तरलाई अनावश्यक रूपमा नलम्ब्याउने
- कुन प्रश्नको उत्तर पहिले दिने भन्ने छनोट गर्न परीक्षार्थी स्वतन्त्र
- प्रश्नपत्रको क्रमअनुसार नै उत्तर दिनुपर्ने कुनै बाध्यात्मकता नरहेको
- सामान्यतया पहिले सरल प्रश्नको उत्तर दिने र क्रमश: जटिल प्रश्नतिर अग्रसर हुने
- पूरा प्रश्न नै उतार्नतिर नलागी उत्तर मात्र लेख्ने
- प्र.नं. (१, २, ३ आदि), उपप्रश्न नं (क, ख, ग/अ, आ, इ आदि) लेख्न नबिर्सने
- पुस्तिकामा उत्तरलाई व्यवस्थित रूपमा प्रस्तुत गर्ने
    - सफाइ
    - चौडाइ
    - एक उत्तर र अर्को उत्तरका बीचमा खाली ठाउँ
    - शुद्धता

**व्याकरणका प्रश्नको उत्तर दिँदा ख्याल गर्नुपर्ने कुराहरू**

- व्याकरणमा जम्मा ४० अङ्कभार रहने, व्याकरणको सही उत्तर दिन सक्दा उत्तीर्ण मात्र होइन उत्कृष्ट नतिजा हासिल हुने
- उच्च अङ्क हासिल गर्न व्याकरण खण्डको उल्लेख्य भूमिका हुने
- व्याकरणका उत्तरहरू लेख्दा सचेत र सजग हुनुपर्ने
- व्याकरणका प्रश्नहरू गणितमा जस्तै निश्चित उत्तर आउने प्रकृतिका हुने
- सबैजसो उत्तरहरू धेरै व्याख्या गर्नु नपर्ने अति सङ्क्षिप्त प्रकृतिका रहने
- प्रश्नहरू अनिवार्य र वैकल्पिक दुवै किसिमका हुने
- प्रश्न पढेर कुनकुनको उत्तर दिने हो आफू स्पष्ट हुने र सङ्केत गर्ने
- आशय नबुझी उत्तर लेख्दा उत्तर बेठीक भई अङ्क घट्न सक्ने हुँदा प्रश्नको आशय बुझेर मात्र उत्तर दिने
- उत्तर पुस्तिकामा फोहर र केरमेट गर्दा परीक्षकमा नकारात्मक प्रभाव पर्न सक्ने भएकाले उत्तर सकभर शुद्ध, सफा र स्पष्ट रूपमा दिने प्रयास गर्ने ।

**उच्चारण स्थान, उच्चारण प्रयत्न, घोषत्व र प्राणत्वका आधारमा व्यञ्जन वर्णको चिनारी**

| वर्ण | स्थान | प्रयत्न | घोषत्व | प्राणत्व |
|---|---|---|---|---|
| क् | कण्ठ्य | स्पर्शी | अघोष | अल्पप्राण |
| ख् | कण्ठ्य | स्पर्शी | अघोष | महाप्राण |
| ग् | कण्ठ्य | स्पर्शी | सघोष | अल्पप्राण |
| घ् | कण्ठ्य | स्पर्शी | सघोष | महाप्राण |
| ङ् | कण्ठ्य | नासिक्य | सघोष | अल्पप्राण |
| च् | वर्त्स्य | स्पर्श-सङ्घर्षी | अघोष | अल्पप्राण |
| छ् | वर्त्स्य | स्पर्श-सङ्घर्षी | अघोष | महाप्राण |
| ज् | वर्त्स्य | स्पर्श-सङ्घर्षी | सघोष | अल्पप्राण |
| झ् | वर्त्स्य | स्पर्श-सङ्घर्षी | सघोष | महाप्राण |
| ट् | वर्त्स्य | स्पर्शी | अघोष | अल्पप्राण |
| ठ् | वर्त्स्य | स्पर्शी | अघोष | महाप्राण |
| ड् | वर्त्स्य | स्पर्शी | सघोष | अल्पप्राण |
| ढ् | वर्त्स्य | स्पर्शी | सघोष | महाप्राण |
| त् | दन्त्य | स्पर्शी | अघोष | अल्पप्राण |
| थ् | दन्त्य | स्पर्शी | अघोष | महाप्राण |
| द् | दन्त्य | स्पर्शी | सघोष | अल्पप्राण |
| ध् | दन्त्य | स्पर्शी | सघोष | महाप्राण |
| न् | वर्त्स्य | नासिक्य | सघोष | अल्पप्राण |
| प् | ओष्ठ्य | स्पर्शी | अघोष | अल्पप्राण |
| फ् | ओष्ठ्य | स्पर्शी | अघोष | महाप्राण |
| ब् | ओष्ठ्य | स्पशी | सघोष | अल्पप्राण |
| भ् | ओष्ठ्य | स्पर्शी | सघोष | महाप्राण |
| म् | ओष्ठ्य | नासिक्य | सघोष | अल्पप्राण |
| य् | तालव्य | अर्धस्वर | सघोष | अल्पप्राण |
| र् | वर्त्स्य | प्रकम्पित | सघोष | अल्पप्राण |
| ल् | वर्त्स्य | पार्श्विक | सघोष | अल्पप्राण |
| व् | ओष्ठ्य | अर्धस्वर | सघोष | अल्पप्राण |
| स् | वर्त्स्य | सङ्घर्षी | अघोष | महाप्राण |
| ह् | स्वरयन्त्रमुखी | सङ्घर्षी | सघोष | महाप्राण |

**नमुना प्रश्नोत्तर**

प्रश्न:

१) निम्नलिखित व्यञ्जनवर्णको उच्चारण स्थान र प्रयत्न छुट्ट्याउनुहोस् :
ख्, ज्, र्, त्, फ् ।

२) निम्नलिखित व्यञ्जनवर्णलाई घोषत्व र प्राणत्वका आधारमा छुट्टयाउनुहोस् :

क्, च्, छ्, झ्, ठ् ।

उत्तर: १)

| व्यञ्जनवर्ण | उच्चारण स्थान | उच्चारण प्रयत्न |
|---|---|---|
| ख् | कण्ठ्य | स्पर्शी |
| ज् | वर्त्स्य | स्पर्श सङ्घर्षी |
| र् | वर्त्स्य | प्रकम्पित |
| त् | दन्त्य | स्पर्शी |
| फ् | ओष्ठ्य | स्पर्शी |

२)

| व्यञ्जनवर्ण | घोषत्व | प्राणत्व |
|---|---|---|
| क्, | अघोष | अल्पप्राण |
| च्, | अघोष | अल्पप्राण |
| छ्, | अघोष | महाप्राण |
| झ् | सघोष | महाप्राण |
| ठ् | अघोष | महाप्राण |

३) तल दिइएका वर्णहरूको उच्चारण प्रयत्न र घोषत्व चिनाउनुहोस् :

ख्, ङ्, च्, ह्, व्

| उत्तर: | वर्ण | उच्चारण प्रयत्न | घोषत्व |
|---|---|---|---|
| | ख् | स्पर्शी | अघोष |
| | ङ् | नासिक्य | सघोष |
| | च् | स्पर्श सङ्घर्षी | अघोष |
| | ह् | सङ्घर्षी | सघोष |
| | व् | अर्धस्वर | सघोष |

## अभ्यास सामग्री

१) तल दिइएका व्यञ्जनवर्णलाई उच्चारण स्थान र प्रयत्नका आधारमा चिनाउनुहोस् :

- अ) क्, य्, ल्, त्, द् ।
- आ) ख्, च्, थ्, प्, ल् ।
- इ) ग्, ढ्, ल्, व्, फ् ।
- ई) घ्, ग्, च्, स्, ह् ।
- उ) न्, र्, द्, भ्, ब् ।

२) तल दिइएका व्यञ्जनवर्णलाई घोषत्व र प्राणत्वका आधारमा चिनाउनुहोस् :

- अ) घ्, ड्, ज्, प्, ल् ।
- आ) झ्, छ्, फ्, ढ्, थ् ।
- इ) ब्, च्, ङ्, द्, र् ।
- ई) ख्, छ्, ट्, प्, न् ।
- उ) ह्, त्, र्, क्, स् ।

**अक्षरसंरचना र अक्षरहरूको सङ्ख्याको निर्धारण**

एक झोक्कामा उच्चरित हुने वर्ण वा वर्ण समूहलाई अक्षर भनिन्छ । अक्षर बन्नका लागि स्वरवर्णको अनिवार्यता हुन्छ ।

**नमुना**

| शब्द | उच्चारण | अक्षरसंरचना | अक्षर सङ्ख्या |
|---|---|---|---|
| राम | राम् | र्+आ+म्<br>व्यञ्जन+स्वर+व्यञ्जन | १ |
| कलम | क/लम् | क+अ, ल्+अ+म्<br>व्यञ्जन+स्वर, व्यञ्जन+स्वर+ व्यञ्जन | २ |
| छोरो | छो/रो | छ्+ओ, र्+ओ<br>व्यञ्जन+स्वर, व्यञ्जन+स्वर | २ |
| किलकिले | किल्/कि/ले | क्+इ+ल्, क्+इ, ल्+ए<br>व्यञ्जन+स्वर+व्यञ्जन, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर | ३ |
| सामाजिक | सा/मा/जिक् | स्+आ, म्+आ, ज्+इ+क्<br>व्यञ्जन+स्वर, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर+व्यञ्जन | ३ |
| पहाडिया | प/हा/डि/या | प्+अ, ह्+आ, ड+इ, य्+आ<br>व्यञ्जन+स्वर, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर | ४ |
| कुशलताले | कु/सल्/ता/ले | क्+उ, स्+अ+ल्, त्+आ, ल्+ए<br>व्यञ्जन+स्वर, व्यञ्जन+स्वर+ व्यञ्जन, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर | ४ |
| अनुसन्धानले | अ/नु/सन्/धान्/ले | अ, न्+उ, स्+अ+न्, ध्+आ+न्, ल्+ए<br>स्वर, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर+ व्यञ्जन, व्यञ्जन+स्वर+व्यञ्जन, व्यञ्जन+स्वर | ५ |
| अमानवीय | अ/मा/न/बि/य | अ, म्+आ, न्+अ, व्+इ, य्+अ<br>स्वर, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर | ५ |
| अव्यावहारिकता | अ/ब्या/ब/हा/रिक्/ता | अ, ब्+य्+आ, ब्+अ, ह्+आ, र्+इ+क्, त्+आ<br>स्वर, व्यञ्जन+व्यञ्जन+स्वर, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर+व्यञ्जन, व्यञ्जन+स्वर | ६ |
| अनुसन्धानबाट | अ/नु/सन्/धान्/बा/ट | अ, न्+उ, स्+अ+न्, ध+आ+न्, ब्+आ, ट्+अ<br>स्वर, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर+ व्यञ्जन, व्यञ्जन+स्वर+व्यञ्जन, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर | ६ |
| छोराछोरीहरूले | छो/रा/छो/रि/ह/रु/ले | छ्+ओ, र्+आ, छ्+ओ, र्+इ, ह्+अ, र्+उ, ल+ए<br>व्यञ्जन+स्वर, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर | ७ |
| पढिसकनुभएछ | प/ढि/सक्/नु/भ/ ए/छ | प्+अ, ढ+इ, स्+अ+क्, न्+उ, भ्+अ, ए, छ+अ<br>व्यञ्जन+स्वर, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर+व्यञ्जन, व्यञ्जन+स्वर, व्यञ्जन+स्वर, स्वर, व्यञ्जन+स्वर | ७ |

## नमुना प्रश्नोत्तर

| | | | |
|---|---|---|---|
| १) | तल दिइएका शब्दको अक्षर र सङ्ख्या समेत देखाउनुहोस्<br>झलझली, घोष, आज, अभिव्यक्ति, औचित्यपूर्ण | | |
| उत्तर: | शब्द | अक्षर संरचना | अक्षर सङ्ख्या |
| | झलझली | झल्, झ, लि | ३ |
| | घोष | घोष् | १ |
| | आज | आ, ज | २ |
| | अभिव्यक्ति | अ, भि, व्यक्, ति | ४ |
| | औचित्यपूर्ण | औ, चित्, त्य, पुर्, न | ५ |

## अभ्यास सामग्री

१) तलका शब्दहरूको अक्षरसंरचना देखाई अक्षरसङ्ख्या पनि लेख्नुहोस् :

अ) आँट, असजिलो, राष्ट्रिय, पूर्णाङ्क, कलकल ।

आ) विद्यालय, मानिस, देश, समाज, मानवता ।

इ) विद्यार्थी, संरचना, किलकिले, बनभोज ।

ई) अनुमान, छोरी, गरिबी, मौलिकता, सम्भावना ।

उ) तलतल, अबुझ, वर्गीकरण, सक्रियता, भाषावैज्ञानिक ।

## वर्णविन्यास

वर्ण र चिन्हहरूको नियमवद्ध रखाइलाई वर्णविन्यास भनिन्छ ।

**वर्णविन्यास** →

- **ह्रस्व र दीर्घ**
- **हलन्त र अजन्त**
- **ब, व, ओ; ए, य; रि, ऋ; छे, क्ष; ग्यँ, ज्ञ**
- **श, ष, स**
- **पञ्चम वर्ण (ङ, ञ, ण, न, म)**
- **शिरबिन्दु र चन्द्रबिन्दु**
- **पदयोग र पदवियोग**
- **चिह्नप्रयोग**

क) वर्णविन्यास मिलाई शुद्ध पार्नुहोस् :

अ) आज हामी माथि बिदेशी संस्कृतीले डेरा जमाई सकेको छ । आफ्ना पूर्खाले बचाउँदै आएको रीतिरिवाजलाई नेपालीहरूले बिर्सेको छ । विशेष गरी पश्चिमी पर्भावको सिकाइ आजका युवा युवति भएका छन् ।

आ) यहाँ बाट पर्तेक दिन सयौन् बसहरू बाहिर जान्छन् तेसरिनै सर्यानन् बसहरू एस उपतेक्का भित्र आउँन्छ ।

इ) तेस्तै भासाको देषमा लवजको दसा हुन्छ । कोही कोही शब्दहरू दूब्ला पातला भयेका छन् । तिनीहरूको प्राचिन महत्त्व उडेको छन् ।

उत्तर:

अ) आज हामीमाथि विदेशी संस्कृतिले डेरा जमाइसकेको छ । आफ्ना पुर्खाले बचाउँदै आएको रीतिरिवाजलाई नेपालीले बिर्सेका छन् । विशेष गरेर पश्चिमी प्रभावको सिकार आजका युवायुवती भएका छन् ।

आ) यहाँबाट प्रत्येक दिन सयौँ बसहरू बाहिर जान्छन् । त्यसरी नै सयौँ बसहरू यस उपत्यकाभित्र आउँछन् ।

इ) त्यस्तै भाषाको देशमा लवजको दशा हुन्छ । कोही कोही शब्दहरू दुब्ला पातला भएका छन् । तिनीहरूको प्राचीन महत्त्व उडेको छ ।

## अभ्यास सामग्री

शुद्ध गरी सार्नुहोस् :

१) वनले हाम्रा जीवनमा साह्रै ठूलो भूमिका खेलेको हुन्छ । जङ्गलमा यतातिर विभिन्न किसिमले वन्य जीवजन्तुहरूले संरक्षण पाएका हुन्छन् भने अर्कातिर काठ, दाउरा, घाँस पात, जडिबटी आदि धेरै वस्तुहरू पनि वनमा पाइन्छन् ।

२) यहा एकातिर भु-छख्य्य वाढि पहिरो र प्रदुसनको मात्रा दिन प्रतिदिन बढ्दै छ भने अर्कातिर कला, साहित्य र संस्कृतिको पनि संरक्षण गर्ने सकियको छैन । यस्तै स्थिति सम्झेर भलाई उराठ लाग्छ ।

३) आफूलाई किसानहरूको हित चिन्तक भनि दावी गर्ने सरकारले किसानहरूलाई खेतीको याममा मल उपलब्ध गराउन नसकेर विचल्लीमा पारेको छ अहिले पहाडमा धान र मकै तराईमा धान बालिगा हाल्न आवश्यक भएको बेला अधिराज्यभर नै रासायनिक मलको हाहाकार छ ।

४) कवि शिरामणि लेखनाथ पौड्यालको कविताहरूमा छन्दको औधि राम्ररी मिलाइएको हुन्छ ।

५) अर्थ तन्त्रको समष्टीगत विकासका लागि आवधिक योजना आवस्यक छ योजना राष्ट्रिय अर्थव्यवस्थाको गन्तव्य इङ्गित गर्ने माध्यम हो ।

६) साम्प्रदायीक भावनाले विखण्डनलाई निम्त्याउनछ त्यस्ता प्रवृत्तिलाई निरुत्साहित गरी विविध भाषा र सास्कृतिक समूह मिलेर निर्माण भएको हाम्रो नेपाली जातिय एकतालाई प्रोत्साहित् गर्ने सामग्रीहरूको प्रसार गरिनुपर्छ ।

७) गाउँका तुलनामा सहरी क्षेत्रको जनजीवन खानेपानी र वातावरनीय प्रदूषणको समस्याले जटिल हुँदै गएको कुरा सबैबाट अनुभव गर्न थालिएको छ ।


८) मानवीय जीवनक्रममा तार्किकताको स्थान अति महत्त्वपूर्ण हुँदा नै बौद्धिक विकासका निम्ति यतिको प्रयास गरिँदै आएको छ । सहि तथ्य र सूचनाको संकलन गरि तिनको विश्लेषणका आधारमा सामानय नियमहरू खोज्नु पर्दछ ।

९) म घर न गएको धेरै दिन भयो जाने इक्षा पनि छैन । मेरी दुलही निश्चय नै अर्का शित गई सकीहैंली । छोराहरू पनि गुण्डा भइसके होलान् । अँ सानो चाहिने चलाखजस्तो थियो । त्येसलाई धेरै पढाउने मेरो चाहाना पूरा भयेन ।

१०) गीता आफ्नो काम नसकी बाहिर गयको थियो । तेसैबेला हाकिम आईपुगेर गीतालाई खोजे । गीताको सधैको चाँडै कार्यालय छोड्ने बानीले हाकिम वाक्क भयको थिय । उन्ले गीतालाई सधैकालागि विदा दिने निर्णय लेख्तालेख्तै आइपुगिन् ।

**शब्दवर्ग**

वर्ण वा वर्ण समूहबाट बनेको भाषाको अर्थयुक्त एकाइलाई शब्द भनिन्छ । शब्दको वर्गीकरण तल दिइएको छ ।




**नमुना प्रश्नोत्तर**

रेखाङ्कित शब्दहरूको शब्दवर्ग ठम्याई लेख्नुहोस् :

अ) एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीं गोडा लाग्छ, नाइँ, झगडा भो भन्दैमा धर्म छोड्नुहुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसका आत्माले पनि गर्न कर लाउँछ ।

आ) भित्र हेर्न छाडेर बाहिरको विचार गर्नासाथ तिमी साहित्य देशमा गल्लीको बोक्रे भलादमी बनि पो हाल्दछौ ।

उत्तर:

अ) एउटै - विशेषण; पछि - नामयोगी; गोडा - नाम; नाइँ - निपात; झगडा - नाम; धर्म - नाम; आफू - सर्वनाम; उपकार - नाम; पनि - संयोजक; लाउँछ - क्रियापद

आ)

| रेखाङ्कित पद | शब्दवर्ग |
|---|---|
| छाडेर | क्रियाविशेषण (अव्यय) |
| विचार | नाम |
| साथ | नामयोगी (अव्यय) |
| बोक्रे | विशेषण |
| पो | निपात (अव्यय) |
| हाल्दछौ | क्रियापद |

**अभ्यास सामग्री**

(क) रेखाङ्कित शब्दहरूको शब्दवर्ग ठम्याई लेख्नुहोस् :

१. विश्वको मानचित्र हेर्दा नेपाल दक्षिणी एसियामा पर्दछ । यसो हेर्दा यो पूर्वतिर अधिक साँगुरिएको र उत्तरपश्चिमपट्टि केही फुकेको देखिन्छ ।

२. मैले लडाइँमा मारिएका सिपाहीहरूको पत्थरको स्मारक देखेको छु, तर हाड–छाला भएका सिपाहीसँग भेट्ने मौका एकचोटि मात्र पाएको थिएँ । कालो कोट, फौजी टोपी, खाकी प्यान्ट । एउटा ठूलो रातो रूमाल आफ्नो घाँटीमा त्यसले बेरिराखेको थियो ।

३. स्वच्छ खानेपानीको समस्या नेपालमा मात्र होइन, नेपालजस्ता विकासोन्मुख राष्ट्रमा पनि गम्भीर रूपमा देखापरेको छ । नेपाल अपार जलस्रोतको धनी राष्ट्र भएर पनि खानेपानीको समस्याबाट मुक्त हुन नसक्नु चिन्ताको विषय हो ।

४. आज म ट्रलिबस चढेर परीक्षा दिन जाँदै थिएँ । बसमा एकजना माग्नेले यस्तो मन छुने गजल गायो, जसलाई आजको कुनै पनि सङ्गीतले होड गर्न सक्दैन होला । उसका गीतमा दर्द, स्वरमा जादु र हातमा केवल सारङ्गी मात्र थियो । म त त्यस गीतमा मन्त्रमुग्धझैं मोहित भएछु ।

५. चलचित्र निर्माण हाम्रो स्थितिमा बढी मनोरञ्जनकै दृष्टिबाट हुन्छ र यस सन्दर्भमा नयाँ–नयाँ प्रस्तुतिको खास महत्त्व रहन्छ नै ।

६. आजका बाल–वालिकालाई हामीले जेजस्तो सूचना सम्प्रेषण गर्छौं भोलि त्यही परिणाम पाउँछौं । यसर्थ हाम्रो शिक्षा भनेको मानवसमाजलाई पूर्णतातर्फ लैजाने सशक्त माध्यम हो । यसैको सहयोगले शारीरिक, बौद्धिक र संवेगात्मक रूपले सन्तुलित जनशक्ति तयार पार्न सकिन्छ ।

७. नेपाली भाषा हाम्रो राष्ट्रभाषा हो । नेपालमा बहुसङ्ख्यक जनताले यो भाषा बोल्ने गरेका छन् । ज्ञान–विज्ञानका क्षेत्रमा यस भाषाको प्रयोग बढ्दो छ । प्राविधिक शब्दहरू पनि थपिदै छन् । नेपाली भाषाको उत्तरोत्तर उन्नति हुँदै छ ।

८. त्यतिखेर हरि बाटामा उभिएर क्षितिजतिर हेरिरहेको थियो । अचानक परिचित आवाज सुनेर ऊ फरक्क फर्क्यो तर कोही नदेखेर ऊ अचम्मित भयो ।

९. बलौटे जमिनमा धान धेरै फल्छ । तिमी भोलि नपुगे पनि पर्सिसम्म पुगौला । अग्लो ठाउँबाट लडे हातखुट्टा भाँचिन्छ नि !

**नमुना प्रश्नोत्तर**

तलको अनुच्छेदबाट दुईदुई वटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् ।

अ) एक किलो मासु उत्पादन गर्न दश किलो शाकाहारी भोजन खपत हुन्छ अर्थात् एक मांसाहारी मान्छेले सागपात, दुध, दही, घिउ जस्ता खाने कुरामा मात्र निर्भर दश गरिब शाकाहारीको खाना हसुर्छ । के यो शोषण होइन ? ठन्डा दिमागले सोचौं त ;

आ) सडकको माझमा असहाय मेरो निरपानी रङ्गको सुन्दर शान्त र शालीन आलु घोडालाई आफ्नो भयानक पाङ्ग्राले किच्दै मोटर अघि बढ्यो, अनि मेरो कानमा आवाज आयो ।

उत्तर:

अ)

| तत्सम शब्द | आगन्तुक शब्द |
|---|---|
| शोषण | ठन्डा |
| शाकाहारी | खाना |

आ)


| तत्सम शब्द | आगन्तुक शब्द |
|---|---|
| असहाय | मोटर (अङ्.) |
| शान्त | आवाज (फा.) |

क) विद्यार्थीहरू पाठशालामा पढ्नभन्दा आन्दोलन र हड्तालमा बढी उत्रेको देखिन्छ । त्यस्तै माया, प्रेम र प्रीतिमा भुल्ने गरेको पाइन्छ । बाबुआमा थुन्से, डोको, नाम्लो बोकेर खेतमा काम गर्दै होलान् भन्ने कुराको सम्झना मात्र आए पनि हुन्थ्यो ;

ख)  सडकको माझमा असहाय मेरो निरपानी रङ्गको सुन्दर शान्त र शालीन आलु घोडालाई आफ्नो भयानक पाङ्ग्राले किच्दै मोटर अघि बढ्यो, अनि मेरो कानमा आवाज आयो ।

## शब्दनिर्माण

भाषामा नयाँ नयाँ शब्द बनाउने प्रक्रियालाई शब्दनिर्माण भनिन्छ । शब्दनिर्माणका प्रक्रियाहरू तल देखाइएको छ ।




### नमुना प्रश्नोत्तर

क)  निम्नलिखित उपसर्ग र प्रत्यय लगाई एकएक शब्द बनाउनुहोस् :
उपसर्ग : बे, प्रति, अधि, दुस्, वि ।
प्रत्यय : इलो, ई, ति, अक, य ।

उत्तर:
क)  उपसर्ग : बे + काम = बेकाम, प्रति + एक = प्रत्येक, अधि + राज्य = अधिराज्य, दुस् + कर्म = दुष्कर्म, वि + ज्ञान = विज्ञान
प्रत्यय : रस + इलो = रसिलो, दु:ख + ई = दु:खी,
गम् + ति = गति, दृश् + अक = दर्शक, कृ + य = कार्य

### अभ्यास सामग्री

१)  निम्नलिखित उपसर्ग र प्रत्यय लगाई एकएक शब्द बनाउनुहोस् :
उपसर्ग : अधि, सम्, निर्, दुस्, अ, आ, प्र
प्रत्यय : इलो, अक्कड, आहा, आलु, ले, अनीय, ए, य

## नमुना प्रश्नोत्तर

निम्नलिखित अनुच्छेद पढी उपसर्ग र प्रत्यय लागेका तीनतीनओटा शब्द लेख्नुहोस् ।

अ) भारतीय अपराधीहरूको संरक्षणमा नेपाल भित्रिएका व्यवसायिक हत्यारा सिंहले जेलमा रहेका अन्सारीको बारेमा एक महिना लामो अनुगमनपछि जेलभित्र पसेर हत्या गर्ने योजना बनाएको दावी प्रहरीले गरेको छ । केन्द्रीय कारागारको गोलघरमा अन्सारीले आफू असुरक्षित भएको बताएका थिए ।

आ) जैविक विविधताले मानवीय शान्तिमा मात्र होइन, उसका सामाजिक गतिविधिमा पनि प्रशस्त प्रभाव पारेको छ । अपराध र घृणित दुष्कर्मप्रति प्रतिबद्ध कतिपय बेइमान सञ्चालकहरूले स्वदेशी सिपालु हातलाई भन्दा विदेशमा निर्मित वस्तुलाई बढी प्रयोग गर्न थालेका छन् ।

उत्तर :

अ)

| उपसर्ग लागेका शब्द | प्रत्यय लागेका शब्द |
|---|---|
| संरक्षण | भारतीय |
| अनुगमन | अपराधी |
| असुरक्षित | व्यावसायिक |

आ)

| उपसर्ग व्युत्पन्न शब्द | प्रत्यय व्युत्पन्न शब्द |
|---|---|
| प्रभाव (प्र+भाव) | जैविक (जीव+इक) |
| विदेश (वि+देश) | मानवीय (मानव+ईय) |
| दुष्कर्म (दुस् +कर्म) | सामाजिक (समाज+इक) |
| प्रतिबद्ध (प्रति+बद्ध) | घृणित (घृणा+इत) |
| प्रयोग (प्र+योग) | स्वदेशी (स्वदेश+ई) |
| बेइमान (बे +इमान) | सिपालु (सीप+आलु) |

## अभ्यास सामग्री

निम्नलिखित अनुच्छेद पढी उपसर्ग र प्रत्यय लागेका तीनतीनओटा शब्द लेख्नुहोस् ।

क) परिवर्तनको प्रवाहलाई आत्मसात् गरी ऐतिहासिक क्षेत्रमा महिला मधेसी उत्पीडित र दुर्गम क्षेत्रकालाई विशेष महत्त्वका साथ अवसर प्रदान गर्नु जरुरी छ । विद्यार्थी हक हितका लागि उम्मेदवारी समावेशी नीति अख्तियार गर्नु अत्यावश्यक छ । पदाधिकारीको हकमा सम्बन्धित सङ्गठन योग्यता, क्षमता, गतिशीलता र लोकप्रियताको आधारमा उम्मेदवारी निश्चित गर्नु उचितै हुन्छ ।

ख) भ्रष्टाचारीको मुद्दा खेप्ने चर्चित व्यवस्थापकका बारेमा उल्लेखनीय चर्चा चल्यो । देशको आर्थिक ढुकुटी रित्याउने यस्ता अनैतिक व्यक्तिलाई प्रहार गर्नु अति आवश्यक कुरा हो ।

ग) नागरिकका स्तरमा आशंका अनेकन बादलहरू उठे तापनि सर्वोच्च अदालतलाई राजनीतिक मामिला अधिकारका बारेमा बहसहरू आएका भए पनि सर्वोच्च अदालतले अन्तरिम संविधानको धाराकै हवाला दिँदै त्यस उपर व्याख्यानसमेत गरेको छ ।

घ) भुकम्पीय कुरा प्राकृतिक विपत्ति हो, त्यसलाई चाहेर पनि रोक्न सकिन्न । तर आवश्यकीय पूर्वसतर्कता अपनाएर त्यसको असर भने कम गर्न अवश्य सकिन्छ । जापानमा आएको भूकम्पले अधिकांश मान्छेलाई मुटु नै छुने गरी प्रहार समेत गरेको देखिन्छ ।

ङ) राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको प्रकारले जानकारी दिए । पार्टी संगठन गर्ने अधिकार भएको भन्दै व्यङ्ग्य गरेर । केही अपराधी राजनीतिक संरक्षणमा केही अपराधिक गतिविधिमा संलग्न त्यस्ता व्यक्तिलाई सजायँ दिनै पर्छ ।

## नमुना प्रश्नोत्तर

तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनुहोस् ।

अ) जहानसाहन छोराछोरीलाई दाल, भात र डुकु खुवाउनु पर्ने हामीले देशको सेवाभन्दा आफ्नै सेवामा लाग्नुपरेको देखिन्छ । स्वास्नीमान्छे र लोग्नेमान्छेमा जातभातका कुरा गर्नु उपयुक्त हुँदैन । काटकुट गर्दै पानीसानी बार्ने कामले जातीयता उन्मुलन भयो भन्नु हुटिट्याङ्ले आकाश थाम्न सक्छ भन्नुजस्तै हो ।

आ) चारकोसे झाडीमा लाम्पुच्छ्रे मात्र होइन चौपाया पनि प्रशस्त छन् । हिजोआज, हृष्टपुष्ट, कामचोर पनि भेटिन्छन् । तसर्थ छिटोछिटो भातसात कपाकप खाएर अरूसँग झैझगडा नगरी मरमसला बोकेर आफ्नै काममा लाग्नुपर्दछ ।

उत्तर :

| | | |
|---|---|---|
| अ) | समस्त शब्द र विग्रह | द्विरुक्त/द्वित्त्व शब्द र विग्रह |
| | छोराछोरी = छोरा र छोरी | जहानसहान = जहान + जहान |
| | स्वास्नीमान्छे = स्वास्नी मान्छे | पानीसानी = पानी + सानी |
| | लोग्नेमान्छे = लोग्ने मान्छे | काटकुट = काट + काट |
| आ) | समस्त शब्द - विग्रह | द्वित्व शब्द - दोहोरिएको अंश |
| | चारकोसे - चारकोस भएको | छिटोछिटो - छिटो |
| | लाम्पुच्छ्रे - लामो पुच्छर छ जसको | भातसात - भात |
| | चौपाया - चार खुट्टा भएको | कपाकप - स्वाप |
| | हिजोआज - हिजो आज | झैझगडा - झगडा |
| | हृष्टपुष्ट - हृष्ट पुष्ट | मरमसला - मसला |
| | कामचोर - कामलाई चोर्ने | आआफ्नै - आफ्नो |

## अभ्यास सामग्री

तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनुहोस् ।

क) भाइमाराहरू आ-आफ्नो सुखप्राप्तिका लागि आराम कुर्सीमा बसी देशहितका कुरासुरा गरेर मात्र बस्छन् । यस्ता बुद्धिहीनलाई समाजमा बहिष्कृत गर्न नसक्दा नेपाली जनताको घरजम उजाडियो । झैझगडा गर्ने पिटापिट गर्ने प्रवृत्तिले देशको सेवाभन्दा पनि गाईजात्रा देखाउने प्रवृत्तिको विकास भएको देखिन्छ ।

ख) गल्ली डुलुवा र भाइमारा व्यक्तिले दिदीबहिनी, भाइसाइ र नातासाता केही भन्दैनन् । यस्ता बुद्धिहीन व्यक्तिहरूले धनका लागि अर्काका हातखुट्टा पनि भाँच्न सक्छन् । त्यसैगरी यिनीहरू झैझगडा र पिटपाट जस्ता कृयाकलापमा सधैं अघि बढ्छन् ।

ग) केही मानिसहरू भान्साघरमा बसी बैठककोठाको धाक दिन्छन् । तिनीहरू दालभातडुकु खान कठिन हुनेले फलफूल खाएको फुर्ति लगाउन पछि पर्दैनन् । यस्ता मानिसहरू आआफ्ना काम कर्तव्य पूरा नगरी तात्तातो रिस देखाइ झैझगडा गर्न पाखुरा सुर्किन्छन् ।

घ) अघिअघि बढ्ने र माथिमाथि चढ्ने उद्देश्य लिएका तर काममा विश्वास नभएका चक्रपथमा हिँडेका लोग्नेमान्छे र स्वास्नीमान्छेलाई देखेर दोबाटे कान्छो छक्क पर्‍यो । त्यसैगरी घरमा मर्मसला किन्न नसकी सहर पसेको मानिसले गर्गहना लगाएर हिँडेको देख्दा झनै अचम्मित भयो ।

## नमुना प्रश्नोत्तर

तलको अनुच्छेदबाट छवटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् :

अ) घरेलु अत्यावश्यक सरसामान किन्न मानिसहरू बजार जान्छन् । बजारको भिडभाडमा कहिलेकाहीँ वयोवृद्ध तथा केटाकेटीहरूलाई अप्ठेरो पनि हुन्छ । यस्तै हुलमुलमा चोरीको बिगबिगी हुन्छ भने रक्स्याहाहरूले पनि बाटाघाटामा दु:ख दिन्छन् । सडक पेटीका व्यापारीले सोझासाझा गाउँलेहरूलाई सक्कली माल भनी नक्कली माल बेचेर ठग्छन् ।

आ) अपाङ्ग व्यक्तिले हिमालय चढेर, विद्यालयमा पढेर राम्रा सूक्ति अनूदित गर्ने छन् । सदैव हामीले मतैक्य भएर ती देवर्षितुल्य प्रत्येक प्रतिभालाई स्वागत गरी परोपकारको पाठ पढाउनुपर्छ ।

उत्तर :

| | | |
|---|---|---|
| अ) | सन्धियुक्त व्युत्पन्न शब्द | सन्धि विच्छेद |
| | घरेलु | घर + एलु |
| | अत्यावश्यक | अति + आवश्यक |
| | वयोवृद्ध | वयो + वृद्ध |
| | चोरी | चोर + ई |
| | बिगबिगी | बिगबिग + ई |
| | नक्कली | नक्कल + ई |
| आ) | सन्धियुक्त शब्द | सन्धिविच्छेद |
| | अपाङ्ग | अप + अङ्ग |
| | हिमालय | हिम + आलय |
| | विद्यालय | विद्या + आलय |
| | सूक्ति | सू + उक्ति |
| | अनूदित | अनु + उदित |
| | सदैव | सदा + एव |

## अभ्यास सामग्री

क) अपाङ्ग व्यक्तिले हिमालय चढेर, विद्यालयमा पढेर राम्रा सूक्ति अनूदित गर्ने छन् । सदैव हामीले मतैक्य भएर ती देवर्षितुल्य प्रत्येक प्रतिभालाई स्वागत गरी परोपकारको पाठ पढाउनुहुन्छ ।

ख) विद्यालय गएर पढ्नु पर्ने विद्यार्थीले ज्ञान आर्जन गर्नुपर्छ । पढ्न गएको छोराको बारेमा आमाबाबुले दु:खान्त समाचार सुन्नु दुर्भाग्यपूर्ण कुरा हो । अभिभावकहरूलाई गाउँमा कदापि निराश तुल्याउनु हुँदैन । विद्यार्थीले सदैव उत्तरोत्तर प्रगतिको कामना गर्नुपर्छ ।

ग) अधोगतिमा लागेका मानिसले उचाइमा जाने कल्पना गर्नु हुँदैन । त्यस्तै प्रत्येक मान्छेले उन्नतिको लागि पुस्तकालयलाई ज्ञानार्जनको थलो मान्नुपर्छ । सबैले आफ्नो कामलाई महत्त्व दिई कर्तव्य पालनामा लाग्नुपर्छ ।

## वाक्य तत्त्व र वाक्यान्तरण

कर्ता र क्रिया मिलेर बनेको भाषाको अर्थयुक्त एकाइलाई वाक्य भनिन्छ । वाक्यका प्रमुख घटहरूलाई वाक्यतत्त्व भनिन्छ । एक किसिमको संरचनामा बनेको वाक्यलाई अर्को संरचनामा बदल्ने प्रक्रियालाई वाक्य परिवर्तन भनिन्छ ।

लिङ्ग, वचन, पुरुष र आदर

## नमुना प्रश्नोत्तर

१) निम्नलिखित अनुच्छेद पढी पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा बदल्नुहोस् ।
युवा र युवती हिँडेको बेलामा चर्चा परिचर्चा बेलाबेलामा चल्ने गर्दछ । केटीले केटासँग घुलमेल गर्दा तिनै व्यक्तिहरू चियोचर्चा गर्ने गरेको पाइन्छ । हजुरबुबाको समयदेखि नातिको पालामा पनि यस्ता कुराहरू चल्ने गरेको पाइन्छ । केटाले केटी साथी बनाउन सक्छ । युवतीले युवकलाई साथी बनाउन खोज्दा अनेक शङ्काउपशङ्का गर्ने गरेको पाइन्छ । भोलिका दिनमा पुरुषवर्गले महिलावर्गलाई हातेमालो गरेको खण्डमा देशको विकास सम्भव छ ।

उत्तर : युवती र युवा हिँडेको बेलामा चर्चा परिचर्चा बेलाबेलामा चल्ने गर्दछ । केटाले केटीसँग घुलमेल गर्दा तिनै व्यक्तिहरू चियोचर्चा गर्ने गरेको पाइन्छ । हजुरआमाको समयदेखि नातिनीको पालामा पनि यस्ता कुराहरू चल्ने गरेको पाइन्छ । केटीले केटा साथी बनाउन सक्छ । युवकले युवतीलाई साथी बनाउन खोज्दा अनेक शङ्काउपशङ्का गर्ने गरेको पाइन्छ । भोलिका दिनमा महिलावर्गले पुरुषवर्गलाई हातेमालो गरेको खण्डमा देशको विकास सम्भव छ ।

२) दिइएको अनुच्छेद पढी एकवचन भए बहुवचन र बहुवचन भए एकवचनमा परिवर्तन गर्नुहोस् ।
उसले हामीलाई विद्यालयमा भेट्यो । मेरो र तेरो भन्नु राम्रो कुरो होइन । पढेलेखेको मान्छे असल हुन्छ । उनीहरूले तिनीहरूलाई देखेनन् । मैले उनलाई चिनेकी छु । केटोले पुस्तक पढ्यो ।

उत्तर : उनीहरूले मलाई विद्यालयमा भेटे । हाम्रो र तिमीहरूको भन्नु राम्रो कुरा होइन । पढेलेखेको मान्छेहरू असल हुन्छन् । उसले त्यसलाई देखेन । हामीहरूले उनलाई चिनेका छौँ । केटाहरूले पुस्तक पढे ।

३) तलका वाक्यलाई तृतीय पुरुषमा बदल्नुहोस् :
अ) म विद्यालय गएँ । तिमी भात खान्छौ । हामी पुस्तक पढ्छौँ । तिमीहरू के गर्दै छौ ? तपाईं कहिले आउनुभयो ?

उत्तर : ऊ विद्यालय गयो । उनी भात खान्छन् । उनीहरू पुस्तक पढ्छन् । उनीहरू के गर्दै छन् ? उहाँ कहिले आउनुभयो ?

४) वाक्य ढाँचा सहित एकवचनलाई बहुवचन र बहुवचनलाई एकवचनमा परिवर्तन गर्नुहोस्:
काला चराहरू आकाशमा उडे । सिकारीले गुलेली ताक्यो । कमिलाले सिकारीको खुट्टामा टोकिदियो । ऊ छटपटायो । बन्दुक पड्क्यो । चराहरू भागे ।

उत्तर: कालो चरो आकाशमा उड्यो । सिकारीहरूले गुलेली ताके । कमिलाहरूले सिकारीका खुट्टामा टोकिदिए । उनीहरू छटपटाए । बन्दुकहरू पड्के । चरो भाग्यो ।

## अभ्यास सामग्री

क) तलको अनुच्छेदलाई पुलिङ्गमा बदल्नुहोस् :
पण्डित्नी बजैकी एउटी छोरी छिन् । उनको नातिनी र मेरी साली सँगै सात कक्षामा पढ्छन् । आइमाईहरूले पण्डित्नीलाई त्यस टोलमा 'बाहुनी आमा' पनि भन्दछन् । ती स्त्री मिलनसार छिन् । उनी 'बजिनी' भनेर कसैलाई गाली गर्दिनन् ।

ख)	तलका वाक्यलाई स्त्रीलिङ्गमा बदल्नुहोस् :
नेताहरू भाषण गर्छन् । नरहरू दङ्ग पर्छन् । माइलो धेरै कुरा गर्छ । उसको एउटा युवक साथी छ । जेठो सानो छोरालाई असाध्यै मन पराउँछ ।

ग)	तलका वाक्यलाई एकवचनमा बदल्नुहोस् :
छोराहरू घर किन्छन् । हामी त्यही घरमा बस्छौँ । दिदीहरूसँग पैसा छ । मामाहरू हामीलाई मन पराउनुहुन्छ । उहाँहरूले हामीलाई कपडा किनिदिनुहुन्छ ।

घ)	तलका वाक्यलाई बहुवचनमा बदल्नुहोस् :
सानो भाइ रोयो । आकाशमा चरो उड्यो । कविले कविता लेखे । म पुस्तक पढ्छु । उनी हामीलाई माया गर्छिन् ।

ङ)	तलका वाक्यलाई प्रथम पुरुषमा बदल्नुहोस् :
तँ घर जान्छस् । तिमी खाजा खान्छौ । ऊ अहिले काठमाडौँ बस्छ । तिमीहरू देशलाई माया गर्छौ । ऊ विदेश जाँदैन ।

च)	तलका वाक्यलाई द्वितीय पुरुषमा बदल्नुहोस् :
म इमान्दार बन्नेछु । हामीले ठूलालाई आदर गर्नुपर्छ । मेरो बुबाआमा हुनुहुन्छ । हाम्रो देश नेपाल हो । उसले के काम गर्छ ? उनीहरू आज कता गए ?

छ)	तलका वाक्यलाई तृतीय पुरुषमा बदल्नुहोस् :
म विद्यालय गएँ । तिमी भात खान्छौ । हामी पुस्तक पढ्छौँ । तिमीहरू के गर्दै छौ ? तपाईं कहाँ जानुहुनेछ ।

ज)	म भ्रष्टाचार गर्दिन । तिमी इमान्दार छौ । हामी नैतिकवान बनौँ । तँ राम्रो बाटो हिँडेस् । म कसैको कुभलो चिताउँदिन ।

झ)	तलका वाक्यलाई शून्य आदरमा बदल्नुहोस् :
तिमी इमान्दार बन । उनी राम्रोसँग पढ्छन् । यी केटा चकचक गर्छन् । बहिनी विद्यालय जान्छिन् । भाइ कक्षामा राम्ररी पढ्छन् ।

ञ)	तलका वाक्यलाई मध्य आदरमा बदल्नुहोस् :
तँ हिजो कहाँ गएको थिइस् ? उसले मलाई देखेन । देवकोटाले निबन्ध र कविता लेख्नुभयो । यो विद्यार्थी चलाख छ । त्यो केटो अल्छी छ ।

ट)	तलका वाक्यलाई उच्च आदरमा बदल्नुहोस् :
उनी कार्यालय जान्छिन् । उसले तिमीलाई मन पराउँदैन । तिमी भने उनीभन्दा हुरुक्क हुन्छ्यौ । तिमीहरू कक्षामा हल्ला नगर । उनीहरू आज कता गए कुन्नि ।

ठ)	दिइएको अनुच्छेद पढी एकवचन भए बहुवचन र बहुवचन भए एकवचनमा परिवर्तन गर्नुहोस् ।
उसले हामीलाई विद्यालयमा भेट्यो । मेरो र तेरो भन्नु राम्रो कुरो होइन । पढेलेखेको मान्छे असल हुन्छ । उनीहरूले तिनीहरूलाई देखेनन् । मैले उनलाई चिनेकी छु । केटोले पुस्तक पढ्यो ।

वाक्यसंश्लेषण

**नमुना प्रश्नोत्तर**

तल दिइएका वाक्यलाई संश्लेषण गर्नुहोस् :

अ)	आमा बिरामी हुनुभयो । मैले आमालाई अस्पताल लगेँ । मैले आमालाई जँचाएँ । डाक्टरले औषधी लेखिदिए । मैले आमालाई औषधी खान दिएँ ।

आ)	मेरो विद्यालय गाउँका सिरानमा छ । त्यहाँको वातावरण शान्त छ । त्यहाँ अनुशासनलाई प्राथमिकता दिइएको छ । त्यहाँ नियमित पढाइ हुन्छ ।

उत्तर:

अ) मैले बिरामी आमालाई अस्पताल लगी डाक्टरसँग जचाएर डाक्टरले लेखेको औषधि खान दिएँ ।

आ) अनुशासनलाई प्राथमिकता दिई नियमित पढाइ हुने शान्त वातावरण भएको मेरो विद्यालय गाउँका सिरानमा छ ।

### अभ्यास सामग्री

तल दिइएका वाक्यलाई संश्लेषण गर्नुहोस् :

क) मुना मिहिनेती छिन् । उनले आमाबुवाबाट अनुशासनको पाठ पढिन् । उनले यसपालिको वक्तृत्वकला प्रतियोगितामा भाग लिइन् उनले साथीहरूलाई उछिनिन् । उनले प्रथम पुरस्कार हात पारिन् ।

ख) यी विद्यार्थीहरू विद्यालय जान्छन् । विद्यालय यहाँबाट नजिकै छ । त्यस विद्यालयमा राम्रो पढाई हुन्छ । विद्यालयको वातावरण पनि स्वच्छ छ । त्यस विद्यालयको प्रशंसा चारैतिरबाट भएको छ ।

ग) कर्णाली अञ्चल लोकगाथाको उर्वरभूमि हो । कर्णाली अञ्चलका लोककलाकारहरूका मुखबाट प्राचीन संगीतका स्वरहरू सुन्न पाइन्छन् । कर्णाली अञ्चलमा लोकगाथा र वीरगाथा सुन्न पाइन्छ । कर्णाली अञ्चलका कलाकारहरू आधुनिक भौतिक सुविधाबाट वञ्चित छन् ।

घ) आकाङ्क्षा इमानदार छिन् । आकांक्षा बाबुआमाले भनेको मान्छिन् । उनी एक कक्षामा पढ्छिन् । उनी भाइलाई माया गर्छिन् । यो बानी उनको राम्रो छ ।

ङ) मुना मिहिनेती छिन् । उनले आमाबुबाबाट अनुशासनको पाठ पढिन् । उनले यसपालिको वक्तृत्वकला प्रतियोगितामा भाग लिइन् । उनले साथीहरूलाई उछिनिन् । उनले प्रथम पुरस्कार हात पारिन् ।

वाक्य विश्लेषण

### नमुना प्रश्नोत्तर

तल दिइएका वाक्यलाई विश्लेषण गर्नुहोस् :

प्रश्न: भीमसेन थापाले बनाएको धरहरा नब्बे सालमा भूकम्पमा भाँच्चिएर सानो भएपछि त्यसको पुनर्निर्माण गरियो ।

उत्तर: भीमसेन थापाले धरहरा बनाए । नब्बे सालमा भूकम्प गयो । धरहरा भाँच्चियो । धरहरा सानो भयो । त्यसको पुनर्निर्माण गरियो ।

### अभ्यास सामग्री

तल दिइएका वाक्यलाई विश्लेषण गर्नुहोस् :

क) लक्ष्मीप्रसाद देवकोटा, कवि, निबन्धकार, कथाकार र नेपाली साहित्यका ठूलो प्रतिभा थिए ।

ख) हामी नेपाली आफ्नो काम आफैँ गर्ने परिश्रमी तथा स्वावलम्बी भएकाले सम्पन्न बन्न सक्छौँ ।

ग) मैले बिरामी आमालाई अस्पताल लगी डाक्टरसँग जचाएर डाक्टरले लेखेको औषधि खान दिएँ ।

घ) म बजार गई किताब, कापी, कलम किनी झोला भित्र हालें ।

ङ) सिपाहीले कालो कोट, फौजी टोपी, खाकीको प्यान्ट तथा क्वीन घडी लगाएको थियो ।

पदसङ्गति

| नमुना प्रश्नोत्तर |
|---|

| |
|---|
| तलको अनुच्छेद पढी पदसङ्गति मिलाएर लेख्नुहोस् । |
| अ) मैले धेरै पुस्तक पढेको छ । बुबाले घर बनायो । आमा मामा घर गयो । कुखुरीले अण्डा पारी । बालक मस्तसँग खाटमा सुत्नुभयो । उहाँले मलाई चिन्न सकेन । |
| आ) मेरी काकीको छोरी काठमाडौं बस्छ । ऊ कलेजमा पढ्छन् । ऊ मेहनती हुनुहुन्छ । उसकी बहिनी पनि त्यहीँ सँगै बसेर पढ्छ । उनीहरू राम्रो श्रेणीमा उत्तीर्ण हुन्छ । |
| उत्तर : |
| अ) मैले धेरै पुस्तक पढेको छु । बुबाले घर बनाउनुभयो । आमा मामा घर जानुभयो । कुखुरीले अण्डा पाऱ्यो । बालक मस्तसँग खाटमा सुत्यो । उहाँले मलाई चिन्न सक्नुभएन । |
| आ) मेरी काकीको छोरो काठमाडौँ बस्छ । ऊ कलेजमा पढ्छ । ऊ मेहनती छ । उसकी बहिनी पनि त्यहीँ सँगै बसेर पढ्छे । उनीहरू राम्रो श्रेणीमा उत्तीर्ण हुन्छन् । |

| अभ्यास सामग्री |
|---|

तलको अनुच्छेद पढी पदसङ्गति मिलाएर लेख्नुहोस् ।

क) बुबा बजार गयो । उसले कपडा किने । बुबाले बाटोमा सरलाई भेटेछ । सरले बुबालाई नमस्कार गरे । सरले बुबालाई नमस्कार फर्कायो । बुबाले हामीलाई बजारबाट बालकथा किनिदियो ।

ख) ऊ असल छिन् । उनले सबैलाई आदर गर्छ । उहाँ कलेजमा पढ्छ । कलेजमा धेरै विद्यार्थी पढ्नुहुन्छ । मैले गृहकार्य गर्नुभयो । सरले मलाई स्यावास भन्यो ।

ग) सर हाम्रो घर नआऊ । हाम्रो घरमा काले कुकुर हुनुहुन्छ । उहाँले टोकिदिनु हुन्छ । यो कुरा विद्यार्थीले भन्नुभयो । शिक्षक खित्का छोडेर हाँस्यो । उसले यो कुरा कक्षामा भन्यो ।

घ) मेरी काकीको छोरी काठमाडौं बस्छ । ऊ कलेजमा पढ्छन् । ऊ मेहनती हुनुहुन्छ । उसकी बहिनी पनि त्यहीँ बसेर पढ्छ । उनीहरू राम्रो श्रेणीमा उत्तीर्ण हुन्छ ।

वाच्य परिवर्तन

| नमुना प्रश्नोत्तर |
|---|

| |
|---|
| तलको अनुच्छेद पढी एक किसिमको वाच्यलाई अर्को किसिमको वाच्यमा परिवर्तन गर्नुहोस् । |
| अ) आकाशमा जून र तारा देखिए । मैले पुस्तक र कापी किनेँ । आमाले भात पकाउनुभयो । देवकोटाद्वारा कविता र निबन्ध लेखिए । खुब दौडिनेछ । आफू त आज सुतिनेछ । |
| आ) नेपालले सन् २०११ लाई पर्यटन वर्ष घोषणा गरेको छ । यसका लागि स्वदेश विदेशमा कार्यक्रमहरू गरिँदै छन् । पर्यटकलाई स्वदेश भित्र्याइँदैछ । उनीहरूको चाहना अनुरूप खानेकुरा होटेलहरूले तयार गरेका छन् । यस अघि पनि पर्यटन वर्ष मनाइयो । प्रशस्त सरकारी बजेट खर्च गरियो, पत्रपत्रिकामा प्रचारप्रसार गरियो । हामी पर्यटन वर्षलाई सफल बनाउने छौँ । |
| उत्तर: |
| अ) मैले आकाशमा जून र तारा देखेँ । मद्वारा पुस्तक र कापी किनिए । आमाद्वारा भात पकाइयो । देवकोटाले कविता र निबन्ध लेखे । म खुब दौडिनेछु । म त आज सुत्नेछु । |
| आ) सन् २०११ लाई पर्यटन वर्ष घोषणा गरिएको छ । नेपालले यसका लागि स्वदेश तथा विदेशमा कार्यक्रमहरू गर्दै छ । पर्यटकलाई स्वदेश भित्र्याउँदै छ । उनीहरूको चाहना अनुरूप खानेकुरा होटेलहरूद्वारा तयार |

गरिएका छन् । नेपालले यस अघि पनि पर्यटन वर्ष मनायो । प्रशस्त सरकारी बजेट खर्च गर्‍यो, पत्रपत्रिकामा प्रचार प्रसार गर्‍यो । हामीद्वारा पर्यटन वर्ष सफल बनाइनेछ ।

## अभ्यास सामग्री

तलको अनुच्छेद पढी एक किसिमको वाच्यलाई अर्को किसिमको वाच्यमा परिवर्तन गर्नुहोस् ।

क) नेपालले सन् २०११ लाई पर्यटन वर्ष घोषणा गरेको छ । यसका लागि स्वदेश विदेशमा कार्यक्रमहरू गरिँदै छन् । पर्यटकलाई स्वदेश भित्र्याइँदैछ । उनीहरूको चाहना अनुरूप खानेकुरा होटेलहरूले तयार गरेका छन् । यस अघि पनि पर्यटन वर्ष मनाइयो । प्रशस्त सरकारी बजेट खर्च गरियो, पत्रपत्रिकामा प्रचारप्रसार गरियो । हामी पर्यटन वर्षलाई सफल बनाउने छौँ ।

ख) देवकोटाले कविता लेख । उनले कथा लेखे । उनले कविता लेखे । उनले नेपाली साहित्यलाई ठूलो गुन लगाए ।

ग) म बिहानै उठ्छु । म हातमुख धुन्छु । म गृहकार्य गर्छु । म विद्यालय जान्छु ।

घ) आफू त भोलि कलेज गइन्न । बिहानै उठिन्छ । घुम्न गइन्छ । वनभोजमा नाचिन्छ ।

ङ) मद्वारा पुस्तकहरू पढिए । गुरुद्वारा उपदेश दिइनेछ । हामीद्वारा गृहकार्य गरिन्छ । शिक्षकद्वारा गृहकार्य जाँचिन्छ ।

च) विद्यार्थीद्वारा पढिन्छ । शिक्षकद्वारा पढाइन्छ । आमाद्वारा भात पकाइनेछ । बुबाद्वारा खेत खनिएला ।

काल, पक्ष र भाव

१) तलको अनुच्छेदमा प्रयुक्त सबै क्रियापदलाई सामान्य भूतकालमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्:
म सौराहा जान्छु । मलाई त्यो ठाउँ राम्रो लाग्छ । म त्यहाँ पुराना साथी भेट्छु । साथीहरूले मलाई उपहार दिन्छन् । ती उपहार लिएर म घर फर्कन्छु ।

उत्तर: म सौराहा गएँ । मलाई त्यो ठाउँ राम्रो लाग्यो । मैले त्यहाँ पुराना साथीहरू भेटेँ । साथीहरूले मलाई उपहार दिए । ती उपहार लिएर म घर फर्के ।

कारक र विभक्ति

## नमुना प्रश्नोत्तर

रेखाङ्कित शब्दको कारक र विभक्ति छुट्याउनुहोस् :

अ) <u>आमाले</u> <u>गाग्रीमा</u> <u>धाराबाट</u> पानी ल्याउनुभयो । उसले <u>हरेकृष्णलाई</u> चिनेन । <u>टेलिभिजनद्वारा</u> समाचार हेरिन्छ ।

आ) 'ले, लाई, बाट, द्वारा, मा, देखि' विभक्ति प्रयोग गरी ६ ओटा वाक्यमा आफ्नो विद्यालयको बयान गर्नुहोस् ।

उत्तर:

अ)

| रेखाङ्कित शब्द | कारक | विभक्ति |
|---|---|---|
| आमाले | कर्ता कारक | प्रथमा विभक्ति |
| गाग्रीमा | अधिकरण कारक | षष्ठी विभक्ति |
| धाराबाट | अपादान कारक | पञ्चमी विभक्ति |
| हरेकृष्णलाई | कर्म कारक | द्वितीय विभक्ति |
| टेलिभिजनद्वारा | करण कारक | तृतीय विभक्ति |

आ) मेरो विद्यालय धनुषाको महेन्द्रनगरमा पर्छ । यहाँ म<u>ैले</u> एक कक्षा<u>देखि</u> नै पढ्दै आएको हुँ । यहाँ देशको

विभिन्न भागबाट विद्यार्थीहरू पढ्न आउँछन् । यस विद्यालयले २०२० सालदेखि नै एस.एल.सी. परीक्षामा विद्यार्थीलाई सहभागी गराएको हो । यहाँ विद्यालयद्वारा उपलब्ध सुविधाको विद्यार्थीहरू राम्रो उपयोग गर्दछन् । यसबाट उनीहरूले आफ्नो व्यक्तित्त्वको विकास गरेका धेरै दृष्टान्त पाइन्छन् ।

## अभ्यास सामग्री

क) हरेरामले राधाकृष्णलाई झोलाबाट पुस्तक दियो । शिवओमले हातले ध्यानबहादुरलाई टाउकोमा पिट्यो ।

ख) आमाले चुलेसीले तरकारी काट्नु भयो । रुखबाट पात खस्यो । आमाले भिखारीलाई पैसा दिनुभयो । उसले खल्तीमा पैसा हाल्यो ।

**उद्देश्य र विधेय**

(क) तलका वाक्यमा रहेका उद्देश्य र विधेय पहिचान गरी लेख्नुहोस् ।

(अ) दिदीआमाबाट घेरिएकी गौरी शङ्करलाई भेट्न चाहन्थी ।

(आ) एकै छिनमा आउने भनी गएको केटो दुई घण्टा बिति सक्दा पनि आएन ।

(इ) मेहनती विद्यार्थी राम्ररी पढ्छ ।

(ई) विद्यार्थी आए ।

| उत्तर: | प्रश्न/वाक्य | उद्देश्य | विधेय |
|---|---|---|---|
| | (अ) | गौरी | चाहन्थी |
| | (आ) | केटो | आएन |
| | (इ) | विद्यार्थी | पढ्छ |
| | (ई) | विद्यार्थी | आए |

## नमुना प्रश्नोत्तर

प्रश्न : तलका वाक्यमा रहेका उद्देश्य र विधेय पहिचान गरी लेख्नुहोस् ।

अ) दिदीआमाबाट घेरिएकी गौरी शङ्करलाई भेट्न चाहन्थी ।

आ) एकै छिनमा आउने भनी गएको केटो दुई घण्टा बितिसक्दा पनि आएन ।

इ) मेहनती विद्यार्थी राम्ररी पढ्छ ।

ई) विद्यार्थी आए ।

उत्तर :

अ) उद्देश्य विधेय
गौरी चाहन्थी

आ) उद्देश्य विधेय
केटो आएन

इ) उद्देश्य विधेय
विद्यार्थी पढ्छ

ई) उद्देश्य विधेय
विद्यार्थी आएन

## अभ्यास सामग्री

तलका वाक्यमा रहेका उद्देश्य र विधेय पहिचान गरी लेख्नुहोस् ।

अ) कालेकी आमा घर गइन् ।

आ) रामको छोरो हरि विद्यालय गयो ।

इ) असल विद्यार्थी राम्ररी पढ्छ ।

ई) केटाहरू आए ।

## बोध र अभिव्यक्ति

### बोध

**क) बोध प्रश्नको उत्तर दिँदा ध्यान दिनुपर्ने कुराहरू :**

- सर्वप्रथम अनुच्छेदको अन्त्यमा दिइएका प्रश्नहरू राम्ररी पढ्नुपर्छ ।
- प्रश्न पढेर तिनको आशय बुझेपछि गहन रूपमा अनुच्छेदको अध्ययन गर्नुपर्छ ।
- प्रश्नको सम्भावित उत्तर पहिल्याई बुझ्ने गरी सङ्केत गर्नुपर्छ ।
- उत्तर दिँदा अनुच्छेदकै वाक्यहरू हुबहु नसारी अनुच्छेदमा अभिव्यक्त भावको आधारमा आफ्नै मौलिक भाषाको प्रयोग गर्नुपर्दछ ।
- यदि अनुच्छेदमा प्रश्नको उत्तर फेला नपरेमा त्यसको भावअनुसार उत्तर दिने प्रयास गर्नुपर्छ ।
- प्रश्नको आशय अनुरूप सरल र सहज ढङ्गले एक वा दुई वाक्य सम्मको उत्तर दिनुपर्छ ।
- रेखाङ्कित पद, पदावली र उपवाक्यको अर्थ अनुच्छेदमा अभिव्यक्त भावका आधारमा दिनुपर्छ ।
- शीर्षक राख्दा अनुच्छेदको मूल भाव समेट्ने गरी राख्नुपर्छ ।

**बोधको नमुना प्रश्नोत्तर**

प्रश्न :

१) तलको गद्यांश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

जबसम्म महिलालाई सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र राजनैतिक दृष्टिकोणले सशक्तीकृत एवम् अधिकारसम्पन्न बनाउन सकिँदैन तबसम्म लैङ्गिक- असमानताले नेपाली समाजमा जरो गाडी नै रहने देखिन्छ । यद्यपि महिलाविकासको सिद्धान्तले उनीहरू समाजको कमजोर वर्गका रूपमा रहँदै आएकाले सामाजिक विकासको मूल प्रवाह उनीहरूको समान र अर्थपूर्ण सहभागिता हुनु अत्यावश्यक छ; त्यस्तै उनीहरूको अनुभव र प्रतिभालाई महत्त्व र वैधानिकता दिने, पुरुषप्रधान, आर्थिक तथा सामाजिक संरचना भएको समाजमा महिलाप्रतिको प्रभुत्त्व कम गर्ने, महिला विकासका पक्षहरूमा उनीहरूलाई सर्वाधिक महत्त्व दिई महिला र पुरुषको समान सहभागिता कायम गरी दीर्धकालीन सामाजिक आधार खडा गर्ने जस्ता पक्षहरूलाई प्रधानता दिँदै आएको देखिन्छ । यति हुँदाहुँदै पनि खास तवरले जबसम्म महिलाहरूको सामाजिक विकासमा अर्थपूर्ण र समान सहभागिता स्विकारिँदैन, विकासका क्रियाकलापमा उनीहरूलाई सक्षम समर्थवान् र अग्रसर बनाइँदैन र कानुनी हकहितलाई संरक्षण गर्न स्रोत साधनहरूको न्यायोचित वितरण गर्न सकिँदैन तबसम्म महिलाहरू सशक्तीकृत भएको मान्न मिल्दैन ।

***प्रश्नहरू***

*क) नेपाली समाजलाई कुन अवस्थामा लैङ्गिक असमानताबाट मुक्त गर्न सकिन्छ ?*

*ख) महिला विकासको सिद्धान्तले के कुराको अपेक्षा गर्छ ?*

*ग) हाम्रो समाजमा महिला सशक्तीकरणका लागि के गर्नु आवश्यक  देखिन्छ ?*

*घ) अनुच्छेदमा रेखाङ्कित पदपदावलीको अर्थ के हो ?*

*ङ) उक्त अनुच्छेदको पहिलो वाक्य सरल, संयुक्त र मिश्र के हो ?*

*च) उक्त अनुच्छेदका लागि के शीर्षक दिनु उपयुक्त होला ?*

***उत्तर***

क) महिलाहरूलाई जब सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र राजनैतिक दृष्टिले पुरुषसरह अधिकार सम्पन्न बनाइन्छ तब नेपाली समाजलाई लैङ्गिक असमानताबाट मुक्त गर्न सकिन्छ ।

ख) महिला विकासको सिद्धान्तले सामाजिक विकासमा महिला र पुरुषको समान सहभागिताको अपेक्षा गरेको हुन्छ ।

ग) हाम्रो समाजमा महिला सशक्तीकरणका लागि लैङ्गिक असमानताको जरो नै उखेल्नु आवश्यक  देखिन्छ ।

घ) अनुच्छेदमा रेखाङ्गित पद र पदावलीको अर्थ

लैङ्गिक असमानता - महिला र पुरुष बीचमा लिङ्गभेदका आधारमा गरिने असमान व्यवहार

मूलप्रवाह - मुख्य धार
सहभागिता - उपस्थिति
न्यायोचित - न्यायपूर्ण

ङ) यस अनुच्छेदको पहिलो वाक्य मिश्रवाक्य हो ।

च) यस अनुच्छेदका लागि **महिला सहभागिता** शीर्षक दिनु उपयुक्त होला ।

२) तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्:

नेपालको मेचीदेखि महाकालीसम्मको भूभागमा अनेक उपत्यका पाइन्छन् । मध्य पश्चिमको सुर्खेत उपत्यका, दाङ र देउखुरी उपत्यका, पोखरा उपत्यका, चितवन नवलपुर उपत्यका, काठमाडौँ उपत्यका र अरू नदी किनारका अनेक उपत्यका छन् । भूगर्भवेत्ता विद्वान्हरूको भनाइ अनुसार यी उपत्यका पहिले जल भरिएको थियो र करिब अढाई लाख वर्ष पहिले यी उपत्यकाबाट पानी निस्केर बाहिर गयो । सम्भवत: यी सबै उपत्यकाको पानी त्यसपछि खुल्यो होला । पानी बगेर गएपछि यहाँ जङ्गल भयो होला र जीवजन्तु पनि आफ्नो आहाराको खोजीमा यसतर्फ अग्रसर भएको हुनुपर्छ । त्यसपछि आदि मानव पनि आफ्नो जीवन निर्वाहका लागि यसतर्फ सिकार गर्न पस्यो होला । पहिले मानवको जीवन यायावरीय भए पनि पछि केही स्थिर हुँदै गयो । आजभन्दा दश हजार वर्ष पहिलेसम्म मानव पुरानै पाषाण युगको क्रममा थियो । तर इसापूर्व सात हजारदेखि पाँच हजार वर्षतिर आएर आफ्नो जीवन नवपाषाण युगमा पुऱ्यायो । यस समयमा मानवले कृषिकर्म अपनाउन थालि सकेको थियो ।

**प्रश्नहरू**

(क) नेपालका उपत्यकाहरूमा कति वर्ष पहिले जङ्गल उत्पन्न भएको थियो ?
(ख) आदि मानव यी उपत्यकामा पस्नुअघि यहाँ कस्तो वातावरण थियो ?
(ग) मानवले यायावरीय जीवन बिताउनुको कारण के हो ?
(घ) माथिको अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुन सक्छ ?
(ङ) 'भूगर्भवेत्ता' र 'पाषाण युग' को अर्थ के हो ?

उत्तर: (क) नेपालका उपत्यकाहरूमा करिव अढाई लाख वर्ष पहिले जङ्गल उत्पन्न भएको थियो ।
(ख) आदि मानव यी उपत्यकामा पस्नुअघि यहाँ जीवजन्तुले भरिएको वनजङ्गलयुक्त वातावरण थियो ।
(ग) मानवले यायावरीय जीवन बिताउनुको कारण आहारको खोजीका लागि भौँतारिनु हो ।
(घ) माथिको अनुच्छेदका लागि उपयुक्त शीर्षक 'प्राचीन मानव सभ्यता' हुन सक्छ ।
(ङ) * भूगर्भवेत्ता - भूमिको भित्री तहका बारेमा ज्ञान भएको विद्वान् ।
* पाषाण युग - ढुङ्गालाई हतियारको रूपमा प्रयोग गर्ने मानवीय सभ्यताको प्राचीन युग

## अभ्यास

***प्रश्न***

१. तलका अनुच्छेदहरू पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

क) मानवमनको अभिव्यक्ति तथा मानवीय सृजनातत्त्वलाई कला भनिन्छ । यी दुवै हालतमा कला उद्देश्यपूर्ण प्रक्रिया ठहरिन्छ । प्रकृति एकातिर लाखौँ जीवनजन्तुको जन्मदाता छ भने अर्कातिर कला उसका कठोरता शीत ताप, हुरी, बाढी, भुइँचालो आदि उनीहरूको अस्तित्वको मार्गमा बाधक पनि छन् । प्रत्येक जन्तु यी बाधाहरूलाई झेल्दै बाँच्ने गर्छ । प्रकृति एक्लैमा प्राणीहरूका निम्ति स्रष्टा, स्थाता र हर्ता भएको हुन्छ । यी तीन रूपमध्ये प्रथम र द्वितीय प्राणीका सुखपक्ष हुन् र अन्तिम चाहिँ दु:खपक्ष । दु:खपक्ष केवल नैसर्गिक आपत्तिको रूपमा मात्र नआई प्राणीजगतमा सार्वभौमिक तवरले देखापर्ने इतरप्राणीलाई पेटपालोको साधन ठानेर झम्टिने सिकारी बानीको रूपमा पनि आउँछ । यस बानीलाई विचारकहरूले मत्स्यन्याय पनि भनेका छन् । साना माछाले ठूला माछाको र साना जन्तुले ठूला जन्तुको मुखको गाँस हुनुपर्ने यस संसारमा कैयौँ भीमकाय जनावरहरूको

दाँजोमा कता हो कता सानो ठहरिने मान्छे जिउडालले होइन, बुद्धि एवम् विवेकले गर्दा ज्यादै शक्तिशाली मानिन्छ । हजारौं वर्ष लगाएर उभ्याएको उसको सभ्यताको भवन र विज्ञानका क्षेत्रमा उसले लगातार पाउँदै आएको सफलता यस कुराको परिचायक हो । यस जटिल विश्वको सुखदु:खपूर्ण घामछायाँ जीवनयापन गर्दा मनमा उत्पन्न भइरहने हर्ष एवम् विस्मात्का अनुभूतिको विभिन्न मान्छेका जीवनमा दुई प्रकारका प्रतिक्रिया पैदा हुने गरेका छन् । या त मान्छेले यस अनुभूतिलाई विभिन्न साधनद्वारा अभिव्यक्त मात्र गरेको छ या त अभिव्यक्तिबाट मात्र सन्तुष्ट नभई कुनै ठोस सृजनालाई अँगालेको छ । यी दुबै स्थितिमा अनुभूतिजन्य प्रतिक्रिया कला कहलाउन सक्षम छ । कलाको जीवनसँग नङ र मासुको झैं साइनो छ ।

*प्रश्नहरू*

*क) प्रकृति र मानवबीच कस्तो सम्बन्ध हुन्छ ?*

*ख) मानिस शक्तिशाली मानिने आधार के हो ?*

*ग) उक्त अनुच्छेदका लागि उपयुक्त शीर्षक के होला ?*

*घ) बुद्धि र विवेकले मानिस शक्तिशाली हुन्छ भन्ने कुरा कसरी सिद्ध हुन्छ ?*

*ङ) गाढा पदहरूको आशय के हो ?*

*च) 'अभिव्यक्ति' र 'अस्तित्त्व' शब्दको आधारपद छुट्ट्याउनुहोस् ।*

ख) आज विज्ञानबाट अनेक प्रविधिको विकास भइरहेछ र प्रविधिले गर्दा पनि विज्ञानको नवनव प्रादुर्भावलाई सहायता पुगिरहेछ । आजको विश्वको द्रुततर उन्नति उन्नत प्रविधिकै परिणाम हो । हाम्रो जस्तो विकासोन्मुख मुलुकका निम्ति पनि विज्ञानको निकै ठूलो उपादेयता छ र त्यो हो प्राथमिक आवश्यकता पूर्ति, विकासको पूर्वाधारको तयारी र समाजमा वैज्ञानिक दृष्टिको विकास । प्रथमत: हामीले आफ्नै परम्परागत प्रविधि भित्रबाट पनि विज्ञानलाई उद्घाटित गर्नु छ र त्यस प्रविधिलाई विकसित पारेर हाम्रा प्राथमिक आवश्यकताको परिपूर्ति गर्नु छ । आफ्ना प्रविधिलाई संस्थागत रूपमा विकसित गर्दै र उन्नत प्रविधिलाई आयातीत गरी हामीले विकासको पूर्वाधार तयार गर्नु छ । हामीले हाम्रै विकासका स्रोतबाट बन्ने हिमाली नदीलाई दोहन गर्नुछ, विशाल आकाश र प्रकृतिमा चाहार्नु छ । हाम्रो वैज्ञानिक शिक्षा आत्मतृप्तिका निमित्त नभई दक्ष जनशक्ति तयार पार्न र समाजमा विकासको अनुकूल दृष्टि तयार गर्नका निम्ति हुनुपर्छ । देशको विकासयात्रामा वैज्ञानिक प्रतिभा संलग्न भयो भने मात्र त्यस्तो देश वैज्ञानिक रूपले अगाडि बढ्दछ । नेपाली प्रतिभाले विज्ञानमा केही नौलो तथ्य पत्ता लगाउन सकेमा त्यो चाहिं विश्वमा आवश्यक पर्ने सम्पदा हुन जानेछ र विश्वको वैज्ञानिक मानचित्रमा नेपालको नाम समेत अङ्कित हुनेछ । हाम्रो आफ्नै परम्परागत जीवन दर्शनको ठोस पद्धति भएको देशमा विज्ञान र प्रविधिको उपयोग एक अर्को उपादेयता हो । विज्ञानले हामो अभावको ढोका उघार्दै छ, विविध प्रविधिले हाम्रै आवश्यकतालाई बढाउँदै छ । हामी सङ्क्रमण कालमा छौं भने यो बेला परम्परागत ज्ञान तथा नवागत विचारले हामीमा तेस्रो नेत्र खुल्न सक्यो भने मात्र हामी कता गइरहेछौं, किन गइरहेछौं र कसरी गइरहेछौं भन्ने कुरा हामीलाई छर्लङ्ग हुनेछ ।

विज्ञानको बढ्दो प्रभावले आजको विश्व निकै साँघुरिएको छ । सञ्चार, यातायात, स्वास्थ्य, शिक्षा, प्रविधि आदि विविध क्षेत्रमा विज्ञानले नयाँनयाँ अवसर प्रदान गरेको तथ्य हाम्रा सामु छँदैछ । नेपाल पनि यसको अपवाद हुन सक्दैन । विज्ञान तथा प्रविधिको विकासमा संस्थागत रूपमा खुलेको प्रतिष्ठानले समेत यसतर्फ केही सकारात्मक पाइला चालेको प्रतीत हुन्छ । विज्ञान तथा प्रविधि मन्त्रालयको स्थापना हुनु पनि यसतर्फको भरोसालाग्दो पक्ष हो । नेपालले विज्ञान प्रविधिका क्षेत्रमा अरू धेरै काम गर्न बाँकी छ र आगमी दिनहरूमा यसतर्फ हामी सबैको ध्यान जानु वाञ्छनीय छ ।

*प्रश्नहरू*

*क) लेखकले विज्ञान र प्रविधिका बीचमा केकस्तो सम्बन्ध देखाएका छन् ?*

*ख) हाम्रो जस्तो विकासोन्मुख देशमा विज्ञानको उपादेयताका क्षेत्र कुनकुन हुन सक्छन् ?*

*ग) हाम्रो वैज्ञानिक शिक्षा केकस्तो प्रकारको हुनुपर्छ ?*

*घ) नेपालका वैज्ञानिक प्रतिभाले कुन स्थितिमा अन्तर्राष्ट्रिय स्तरमा पनि योगदान दिन सक्लान् ?*

*ङ) यस अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुन सक्छ ?*

ग) कुनै पनि मुलुकको आर्थिक विकासमा जति भौतिक तथा प्राकृतिक साधन स्रोतको भूमिका रहन्छ त्यसभन्दा बढी महत्त्वपूर्ण भूमिका मानवीय पुँजी वा जनशक्तिको हुने गर्दछ । मानवीय ज्ञान, सीप, श्रम तथा कार्यकुशलता, सिर्जनशीलता र उत्पादनशीलताजस्ता मानवीय पुँजी वा जनशक्तिको निर्माण हुन सकेन वा त्यसको यथेष्ट उपयोग गर्न सकिएन भने प्राकृतिक साधन, स्रोत र सम्पदा यथेष्ट मात्रामा भएर पनि मुलुकको आर्थिक विकास हुन सक्दैन । मानवले उपलब्ध प्राकृतिक तथा भौतिक सम्पदाहरूको व्यापक रूपमा मानवीय हितमा उपयोग गर्न खोज्यो र जान्यो पनि । प्रकृतिको विशाल भण्डारको उपयोग र प्रकृतिबाट प्रेरणा प्राप्त गरेर नै ज्ञान, विज्ञान, वा साहित्यको विकास भएको हो । त्यसैले कुनै पनि व्यक्ति, समाज र राष्ट्रको आर्थिक वा अन्य कुनै प्रकारको उन्नतिमा मानवीय पुँजी अगुवा बनेको देखिन्छ । परन्तु हामी आफूसँग प्राकृतिक स्रोत तथा सम्पदा पर्याप्त मात्रामा भएर पनि दक्ष मानवीय पुँजीको अभावमा त्यसको उपयोग गर्न नसकेर पछि परेका छौँ । अर्थात् प्राकृतिक साधन र सम्पदाका दृष्टिले सम्पन्न भएर पनि त्यसलाई उपयोगमा ल्याउने उच्च एवम् दक्ष जनशक्ति नभएर हामी पछि परेका छौँ । उदाहरणका रूपमा हामीसँग मृतसञ्जीवनीजस्ता लाखौँ जडीबुटीले भरिभराउ वन्य सम्पदा र अपार जलस्रोतजस्ता प्राकृतिक सम्पदा छन् । तर त्यसको उपयोग गर्न नसकेर एकातिर हामी रोगले ग्रस्त छौँ भने अर्कातिर हामी अन्धकारभित्र अल्मलिएका छौँ, दियालो बालेर बस्नुपरेको छ । त्यसैले पनि प्राप्त प्रकृतिका देनहरूको अधिकाधिक उपयोग गरेर देशको आर्थिक उन्नति गर्न पनि सर्वप्रथम मानवीय पुँजीकै आवश्यकता हुने हुँदा मानवीय पुँजी निर्माण गर्नु नै राष्ट्रको प्रमुख दायित्त्व र आजको आवश्यकता बनेको छ ।

*प्रश्नहरू*

*क) मानवीय पुँजी भनेको के हो ?*

*ख) मानवीय पुँजीबाट केके प्राप्त गर्न सकिन्छ ?*

*ग) हामीलाई मानवीय पुँजी किन आवश्यक छ ?*

*घ) उपर्युक्त अनुच्छेदका निम्ति उपयुक्त शीर्षक के हुन सक्छ ?*

*ङ) गाढा पदपदावलीको तात्पर्य के हो ?*

*च) सिर्जनशीलता र अल्मलिएका शब्दमा केके प्रत्यय लागेका छन् ? छुट्ट्याउनुहोस् ।*

## शब्दभण्डार : पारिभाषिक शब्द

**परिचय**

कुनै खास विषय वा क्षेत्रमा प्रयोग हुने विशेष शब्दलाई पारिभाषिक शब्द भनिन्छ । क्षेत्रविशेषको पृथकताले गर्दा शब्दको अर्थ एवम् प्रयोगमा भिन्नता आउँछ । वास्तवमा यस्ता शब्दलाई नै पारिभाषिक शब्द भनिन्छ । तल विविध क्षेत्रका पारिभाषिक र प्राविधिक शब्दहरूको अर्थसहित वाक्यमा प्रयोग दिइएको छ:

| | | |
|---|---|---|
| आस्तिक | ईश्वरप्रति आस्था राख्ने | ईश्वरप्रति आस्था राख्ने व्यक्तिलाई आस्तिक भनिन्छ । |
| प्रजनन शक्ति | बच्चा उत्पादन गर्ने क्षमता | प्राणीमा प्रजनन शक्ति प्रचुर मात्रामा हुन्छ । |
| उभयचर | पानी र जमिन दुवै ठाउँमा रहने प्राणी | पानी र जमिन दुवै ठाउँमा बस्न सक्ने प्राणीलाई उभयचर भनिन्छ । |
| कलकाँटा | यान्त्रिक उपकरण | जापान राष्ट्र कलकाँटामा प्रसिद्ध छ । |
| कायापलट | आमूल परिवर्तन | व्यक्ति, समाज र राष्ट्रमा कायापलट हुन सके मात्र हरेक क्षेत्रमा उन्नति हुन्छ । |
| गोलबन्द | एकजुट हुनु | न्यायका पक्षधरहरू अन्यायको विरोधमा गोलबन्द भएर अगाडि बढ्छन् । |

| | | |
|---|---|---|
| घोषणापत्र | निर्णयपत्र | प्रत्येक पार्टीको आआफ्नै किसिमको सैद्धान्तिक घोषणापत्र हुन्छ । |
| जन्मस्थल | जन्मेको ठाउँ | नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको जन्मस्थल तनहुँको चुँदी रम्घा हो । |
| जीवाश्म | जीवजन्तुको हाड वा अवशेष | डार्विनले विकासवादी सिद्धान्त प्रतिपादन गर्नुभन्दा पहिले विभिन्न प्राणीहरूका जीवाश्मको अध्ययन-अनुसन्धान गरे । |
| दर्शन | प्रकृति वा जीवन जगत्का बारेमा अध्ययन गरिने विद्या | प्रकृति, ज्ञान, विज्ञान, वस्तु र चेतना बारेको विवेचना एवम् विश्लेषण गर्ने विद्यालाई दर्शन भनिन्छ । |
| पञ्चमहाभूत | पृथ्वी, जल, तेज, वायु र आकाश गरी पाँच भौतिक तत्त्व | पृथ्वी, जल, तेज, वायु र आकाशको सम्मिश्रणलाई पञ्चमहाभूत भनिन्छ । |
| पराग | फूलमा रहने सुगन्धित धूलो | मौरीपालन व्यवसाय पुष्परस र परागमा आधारित हुन्छ । |
| पुरातात्त्विक | प्राचीन महत्त्व भएको | ऐतिहासिक र पुरातात्त्विक महत्त्वका स्थललाई संरक्षण गर्नुपर्छ । |
| प्रतिहिंसा | हिंसाको बदलामा गरिने हिंसा | मानिसमा प्रतिहिंसाको भावना हुनु हुँदैन । |
| भाषा | विचार विनिमयको माध्यम | घरायसी चिठीको भाषा सरल हुनुपर्छ । |
| भौतिक | आधुनिक सभ्यताका साधन वा सुविधाविशेष | विज्ञान र प्रविधिको विकासले विश्वमा भौतिक सुविधाको वृद्धि भएको छ । |
| भ्रातृत्व | दाजुभाइबीचको स्नेहभाव | विश्वका सम्पूर्ण मानवका बीचमा भ्रातृत्वको भावना हुनुपर्दछ । |
| मेरुदण्ड | शरीरलाई ठाडो राख्ने हड्डी | मेरुदण्डले शरीरलाई दृढ बनाउँछ । |
| मार्गदर्शक | अगुवाइ गर्ने | लेखनाथ पौड्याल आध्यात्मिक चेतना र परिष्कारवादी शैलीका मार्गदर्शक कवि हुन् । |
| मानवतावाद | संसारका मानिसको दुःखमा सहानुभूति राख्ने विचार वा सिद्धान्त | जयपृथ्वीबहादुर सिंह मानवतावादी व्यक्ति थिए । |
| युद्धवीर | युद्धमा पराक्रम देखाउने व्यक्ति | नेपालीहरू युद्धवीरका रूपमा विश्वसामु परिचित छन् । |
| विचरण | घुमफिर | पर्यटकहरू नेपालका हिमाल, पहाड र तराईमा विचरण गर्दा प्रसन्न हुन्छन् । |
| विदुषी | विद्वान् नारी | गार्गी र मैत्रेयी पौराणिक कालका विदुषी हुन् । |
| विपत्ति | आपत्‌विपत् | मानिसले जस्तोसुकै विपत्तिको समयमा पनि धैर्य गर्न सिक्नुपर्छ । |

| | | |
|---|---|---|
| विलक्षण | अनौठो | लक्ष्मीप्रसाद देवकोटा विलक्षण प्रतिभा भएका व्यक्ति थिए । |
| शल्यक्रिया | चिरफार गरी उपचार गर्ने कार्य | चिरफारद्वारा शारीरिक उपचार गर्ने कामलाई शल्यक्रिया भनिन्छ । |
| समाजशास्त्र | समाजसम्बन्धी अध्ययन गरिने विद्या | समाज र यसको संरचनाको अध्ययन गर्ने विद्यालाई समाजशास्त्र भनिन्छ । |
| सोपान | भऱ्याङ/खुड्किला | अहिलेका नेपाली जनता राजनीतिक व्यक्तिहरूका लागि पदमा पुग्ने सोपान बन्न सक्दैनन् । |
| स्थलचर | जमिनमा मात्र रहन सक्ने प्राणी | जमिनमा मात्र रहन सक्ने प्राणीलाई स्थलचर भनिन्छ । |

## बुँदाटिपोट

**ख) बुँदाटिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरू**

- *दिइएको अनुच्छेद वा सङ्कथनलाई राम्रोसँग अध्ययन गर्नुपर्छ ।*
- *मुख्य कुरालाई आफूले बुझ्ने गरी सङ्केत गर्नुपर्छ ।*
- *बुँदाहरूलाई क्रमिक रूपमा टिप्नुपर्छ ।*
- *पूरै गद्यांशबाट खेस्राका रूपमा धेरै बुँदाहरू टिपेर पछि तिनलाई पाँच बुँदामा समेट्नु राम्रो हुन्छ ।*
- *बुँदाटिपोट गर्दा समापिका क्रिया प्रयोग भएको वाक्य नलेखे पनि हुन्छ ।*
- *खेस्रा बुँदाहरूको कारण कार्यको सङ्गठन मिलाएर अन्तिम रूप दिनु पर्छ ।*

### नमुना प्रश्नोत्तर

प्रश्न :

१) तलको गद्यांश पढी त्यसमा निहित मुख्य भावलाई पाँच बुँदामा टिप्नुहोस् :

लक्ष्मीप्रसाद देवकोटा सहजता, सरलता र प्राकृतिक जीवनशैली रूचाउँछन् । उनी देखावटीपन र कृत्रिमताका घोर विराधी हुन् । 'भलाद्मी' निबन्धमा निबन्धकार देवकोटाले समाजमा देखापरेका आडम्बर र तडकभडकले मानिसलाई अप्राकृतिकता तथा कृत्रिमताको दास बनाएको उल्लेख गरेका छन् । अहिले हाम्रो समाजमा भद्रता, नम्रता, उदारता र मानवताजस्ता सामाजिक नैतिक मूल्य मान्यताहरू हराउँदै गएका छन् । मानसिक पवित्रतातिर भन्दा शारीरिक आकर्षणतिर मानिसहरू झुक्न थालेका छन् । बाहिरी छाँटकाँट र सजधज नै अहिलेका मानिसको भद्रपनका परिचायक बनेका छन् । कोट, टोपी, टाई, जुत्ता आदि पोसाकमा चिटीच्याट्ट भई सजिएका आधुनिक भलाद्मीले कपालको कटाइ, जुँगाको छँटाइ, ओठगालाआँखीभौंको आकर्षणबाट आफ्नो भलाद्मीपन प्रस्तुत गरी परिवेशलाई प्रभावित पार्दछन् । आँखामा रङ्गीबिरङ्गी चस्मा, लचकदार पदचाप र अत्तरको मगमगाउँदो सुवासका कारणले सर्वसाधारण मानिसका नजर र नासिकालाई भलाद्मी पहिल्याउन कुनै कठिनाइ हुँदैन । यस्ता भलाद्मीहरू मारवाडी साहूहरू र कपडा सिलाउने सूचीकारहरूबाट निकै प्रशंसित र सम्मानित हुन्छन् । त्यस्ता भलाद्मीलाई कुकुरहरूले पनि राम्ररी चिनेका हुन्छन् । भलाद्मीलाई भुकेर तर्साउँदा उनीहरूको अपमान र अनादर हुन्छ भन्ने कुरा कुकुरहरूलाई राम्रो हेक्का छ । यस अतिरिक्त भलाद्मीहरूको बोलीमा देखिने बनावटी झकझकेपन, रुघा नलागे पनि रुमालले नाक पुछिरहने बानी र हँसाइमा दाँतमा जडित सुन टल्काउने विशेषता बढी उल्लेखनीय मानिन्छन् । यस्ता भलाद्मीहरू विपरीत लिङ्गीहरूप्रति विशेष आकर्षित हुन्छन् र उनीहरू प्रशंसाका पनि निकै भोका हुन्छन् ।

***उत्तर***

**भलाद्मी**

- लक्ष्मीप्रसाद देवकोटा सरल र प्राकृतिक स्वभावलाई रुचाउने र बाह्य आडम्बर तथा कृत्रिमताको घृणा गर्ने,
- सामाजिक मूल्य र मान्यताबाट टाढा रहेका अहिलेका मानिसहरूको मानसिक पवित्रतातिर भन्दा पोसाक, सिंगारका प्रसाधन तथा शारीरिक आकर्षणतिर झुकाव रहनु,

- भलाद्मीहरूको बोलीचाली, लवाइखुवाइ आदि सर्वसाधारणको भन्दा भिन्न रहनु,
- साहू र सूचीकारबाट प्रशंसित भलाद्मीहरूलाई कुकुरहरूले पनि चिनी भुकेर नतर्साउनु,
- अरूको दृष्टि आकर्षित गर्न नक्कली रुघा र भकभकेपन निकाल्ने भलाद्मीहरू विपरीत लिङ्गीहरूप्रति विशेष आकर्षित हुनु ।

२) तलको अनुच्छेद पढी मुख्यमुख्य पाँच बुँदा टिपोट गर्नुहोस्:

शिरताजको रूपमा हिमरत्नले सजिएको राष्ट्र नेपाल आफ्नो अनुपम प्राकृतिक तथा सांस्कृतिक सम्पदाका कारण पर्यटन उद्योगका लागि सशक्त भूमि बन्न सक्ने देखिन्छ । यद्यपि प्रचार प्रसार विना यस उद्योगको भविष्य अँध्यारोतिर धकेलिन सक्ने यथार्थलाई पनि नकार्न सकिन्न । तसर्थ पर्यटन प्रबर्द्धनका लागि देशका ऐतिहासिक, भौगोलिक, सांस्कृतिक एवम् विभिन्न नेपाली कला कौशल झल्काउने खालका स्तरीय पोस्टर एवम् पत्र पत्रिका विश्वभर फैलाउनु पर्दछ । यसका साथै पर्यटक स्वयम् पनि प्रचार प्रसारको सबल माध्यम बन्न सक्ने यथार्थका आधारमा उनीहरूको सन्तुष्टि नै पर्यटन उद्योगको सफल सम्भावनाका लागि प्रथम भरोसा मान्न सकिन्छ । यसका लागि सेवा भावनाले प्रेरित हुँदै होटलहरूको शुल्कभन्दा सुविधालाई ध्यानमा राखेर गुणात्मक कार्य सञ्चालन गर्नु वाञ्छनीय देखिन्छ । त्यस्तै गरी निजी क्षेत्रमा सञ्चालित नेपालका ट्राभल एजेन्सी र ट्रेकिङ व्यवसायीहरूले पनि स्वस्थ प्रतिस्पर्धाका साथ आफ्नो उद्यमशीलता बढाउनु पर्ने देखिन्छ । यसका साथै पर्यटन विकासमा यातायातको भूमिका पनि निकै महत्त्वपूर्ण मानिन्छ । नेपाल भूपरिवेष्ठित मुलुक भएकाले यो देश जल यातायातको सुविधाबाट वञ्चित छ । यही तथ्यलाई हृदयङ्गम गरी हामीले पर्यटन प्रबर्द्धनका लागि वर्तमान मानव जीवनको महत्त्वपूर्ण आधार यातायातको प्रबन्ध सुव्यवस्थित र सङ्गठित रूपबाट गर्नु अनिवार्य हुन्छ । यिनै कुरालाई साकाररूप दिन नेपालले पनि केही समयका अन्तरालमा ‘नेपाल भ्रमण वर्ष’ को आयोजना गर्दै आएको छ ।

उत्तर: बुँदाटिपोट

- सांस्कृति र प्राकृतिक सम्पदायुक्त हिमाली मुलुक नेपाल पर्यटन उद्योगका दृष्टिले उपयुक्त गन्तव्य,
- पर्यटन प्रबर्द्धनका लागि स्वदेशी तथा विदेशी सञ्चार माध्यमबाट यसको प्रचार प्रसार हुनु अत्यन्त आवश्यक,
- पर्यटकहरूका लागि सेवा, सुविधा र ट्राभल ट्रेकिङको समुचित व्यवस्था हुनु आवश्यक,
- जल यातायातको अभावलाई परिपूर्ति गर्ने यातायातका सुविधा आवश्यक,
- पर्यटन विकासको टेवाका लागि नेपालले केही वर्षको अन्तरालमा नेपाल भ्रमण वर्षको आयोजना गरेको ।

## अभ्यास

१) तलका अनुच्छेदहरू पढी मुख्यमुख्य प्रत्येकबाट पाँचपाँच बुँदा टिप्नुहोस् :

क) बेरोजगारीको क्रममा परेका वा अन्य ‘रोजगारी’ सृष्टि गर्न सक्ने भैकन पनि जागिरैमा मरिमेट्नेहरूको ताँती दिनहुँ बढ्दै गएको छ । कतै न कतै सूत्र जोरेर जागिर खोज्ने प्राय: जहाँ पनि पुग्न सकिरहेका हुन्छन् । त्यस्तामध्ये कतिले कहीं न कहीं बलियो सिफारिस भ्कारी हाल्न पनि सक्छन् । सरकारी र अर्धसरकारी जागिर बेरोजगारी कम गर्न वा मेटाउने क्षेत्र हुन सक्दैन । यो स्पष्ट हुँदाहुँदै पनि वैकल्पिक रोजगारीका असङ्ख्य सम्भाव्य क्षेत्रहरू छँदाछँदै यस जाँगरको रोगले मानिसहरूको भोकनिन्द्रा हरण गरिरहेझैँ प्रतीत हुन्छ । काममा पनि बाधा पर्ने, आर्थिक र प्रशासनिक अनुशासन पनि भङ्ग हुने गरी कर्मचारीमाथि कर्मचारीको अनावश्यक भारवाहक बनेर कति संस्थाहरू रहन पुगेको अनुभव हुन गएको छ ।

ख) महिला उत्थान र विकासका निम्ति पुरुषवर्गको सकारात्मक र सक्रिय भूमिका अनिवार्य छ । पुरुषवर्गको पूरा सहयोगको अभावमा महिला उत्थान अधुरो नै रहनेछ । प्राकृतिक हिसाबले समेत जन्मकालदेखि मृत्युपर्यन्त नारीहरू पुरुषका आश्रयमा रहेका हुन्छन् । उनीहरू बाल्यकालमा बाबुको सहारामा, विवाहपछि पतिको सहारामा र वृद्धावस्थामा छोराको सहारामा आश्रित भएर जीवन व्यतीत गर्दछन् । हाल आएर हामीबीच पनि

महिला समानता  र स्वाधीनताको प्रसङ्गले महत्त्व पाउन थालेको छ । यसलाई साङ्केतिक भाषामा भन्नुपर्दा महिला स्वाधीनता र समानताको रूख अलि झाङ्गिन थालेको छ भनेर बुझ्न सकिन्छ । त्यसो त बीसौँ शताब्दीको अन्त्यसम्मको यात्रामा आइपुग्दा नेपाली महिलाहरूले आफ्नो छुट्टै पहिचान निर्माण गर्ने दिशामा सक्रियता देखाए तापनि महिला विकास र उत्थानका निम्ति काँधमा काँध मिलाउने वातावरण निर्माणमा सहयोग पुऱ्याउनु वाञ्छनीय देखिन्छ । मुलुकको विकास प्रत्येक नागरिकको व्यक्तिगत विकास पनि हो भन्ने सामान्य सिद्धान्तझैँ नारी जातिको विकास पनि प्रकारान्तरले पुरुषवर्गको विकास र उत्थान नै हो ।

ग) आधुनिक चिकित्सा विज्ञानका महत्त्वपूर्ण देनले गर्दा जटिल रोगहरूको पनि सरल उपचार भई मानिसको औसत आयुमा वृद्धि हुन पुगेको छ । अझै पनि हाम्रा अगाडि कतिपय रोगहरू गम्भीर चुनौतीका रूपमा तेर्सिएका छन्, जसमध्ये क्यान्सर वा अर्बुद रोग पनि प्रमुख हो । प्रारम्भिक चरणमै निदान हुन सकेमा केही हदसम्म नियन्त्रण हुन सक्ने भए तापनि यस रोगले आक्रमण गरिसकेपछि रोगीले आफ्नो जीवनबाट हात धुनुबाहेक अन्य उपाय बाँकी रहँदैन । क्यान्सरको खास कारण के हो भन्ने कुरा अझै पनि किटान गरेर भन्न सकिएको छैन तापनि अव्यस्थित खानपिनलाई पनि उत्प्रेरकको प्रमुख उत्प्रेरक तत्त्व मानिएको छ । मौसम अनुसार स्याउ, नासपाती आदि फलफूलहरू बोक्रासहित राम्रो चपाएर खाने, चिल्लो पदार्थ कम खाने, डढेको, भुटेको वा तारेको चीज प्रयोग नगर्ने, नून पनि कम खाने र उचित खानपानतर्फ विशेष ध्यान पुऱ्याउन सकेमा क्यान्सरजस्तो डरलाग्दो रोगबाट बच्न सकिने कुरा आधुनिक चिकित्सा विज्ञानमा मात्र होइन, आयुर्वेदिक शास्त्रमा पनि चर्चा गरिएको छ ।

## सङ्क्षेपीकरण

**सङ्क्षेपीकरण गर्दा ध्यान दिनुपर्ने कुराहरू :**

- दिइएको गद्यांशलाई राम्रोसँग पढ्नुपर्छ ।
- एकपटक पढ्दा नबुझिएमा पुनः पढ्नुपर्छ ।
- दिइएको गद्यांशमा व्यक्त भावलाई रेखाङ्कन गरेर वा बुँदागत रूपमा टिपेर पनि सारांशको खेस्रा तयार पार्न सकिन्छ ।
- शब्दसङ्ख्या थाहा पाई त्यसको एकतृतीयांशमा सारांश लेख्नुपर्छ ।
- सारांश लेख्दा अनुच्छेदबाट हुबहु नसारी मौलिक भाषाको प्रयोग गर्नुपर्छ ।
- यसमा अनावश्यक व्याख्या गर्नु वा उदाहरण दिनु हुँदैन ।
- समस्त शब्द र सारपूर्ण शब्दको प्रयोग गर्नुपर्छ ।
- विशेषण र क्रियाविशेषणहरूको प्रयोग गर्नु हुँदैन ।
- सारांशको भाषा स्पष्ट र सरल हुनुपर्छ ।

### नमुना प्रश्नोत्तर

प्रश्न : दिइएको अनुच्छेदको सङ्क्षेपीकरण गर्नुहोस् :

बालस्वास्थ्य र शिक्षामा गरिने खर्च राष्ट्रका लागि सबैभन्दा उत्पादक लगानी साबित भइसकेको छ । यसैले सार्वजनिक खर्चको वितरण र बाँडफाँडको परम्परागत अवधारणा र अभ्यासमा बालअधिकारमुखी समायोजन आवश्यक छ । उच्च शिक्षा र उपचारात्मक स्वास्थ्य सेवामुखी अहिलेको बजेट विनियोजन प्रणालीमा जनमुखी सुधार गरेमा बालअधिकारको सम्मान गर्न पुग्ने रकम जुटाउन कठिन हुनेछैन । राष्ट्रिय ढुकुटीबाट गरिने खर्चमा बालबालिकाले प्राथमिकता पाउन थालेपछि बाह्य सहायता जुटाउन पनि सजिलो हुनेछ । निजी क्षेत्रसँग पुँजीमात्र होइन, व्यवस्थापनको सीप र कल्पनाशीलता पनि प्रचुर मात्रामा रहेको  हुन्छ । राज्यले यथार्थमा नै प्राथमिकता प्रदान गरेको अवस्थामा निजी क्षेत्रमा चेतनाको अभावले अहिले पनि बालबालिकाले सास्ती भोगिरहेका छन् । बालअधिकारका पक्षमा जनचेतना जगाउन र समुदायलाई परिचालन गर्न जनसञ्चार र गैरसरकारी संस्थाहरूको सम्बन्धित प्रयास प्रभावकारी हुनेछ । बालबालिका स्वयम् पनि यस कार्यका निम्ति अत्यन्त उपयोगी माध्यम हुन सक्छन् । नेपालमा मात्र होइन, संसारभर नै बालसहभागिताबाट हुने लाभ लिनका लागि आवश्यक प्रयासको विशेष खाँचो छ ।

उत्तर:

**बालअधिकार**

बालस्वास्थ्य र शिक्षामा गरिने खर्च उत्पादनमूलक हुन्छ । बजेट विनियोजनमा बालबालिकाको अधिकारलाई अगाडि सारेमा बाह्य सहायता जुटाउन सजिलो हुनेछ । निजी क्षेत्रमा सीप र कल्पनाशक्ति अत्यधिक हुँदाहुँदै पनि चेतनाको अभावमा तिनको सही परिचालन हुन नसकेर बालबालिकाले समेत दु:ख पाएका छन् । अन्तर्राष्ट्रिय स्तरबाट बालअधिकारलाई महत्त्व दिइएमा स्वाभाविक रूपमा बालबालिकाको हित हुने निश्चित छ ।

अनुच्छेदको शब्दसङ्ख्या : १३०
एकतृतीयांश शब्दसङ्ख्या : ४४
सारांशमा शब्दसङ्ख्या : ४६

**अभ्यास**

१) तल दिइएका गद्यांशको सारांश लेख्नुहोस् :

क) सन्तानलाई समुचित शिक्षादीक्षा प्रदान गर्नु मातापिताको कर्तव्य हो भन्ने चेतना कम रहेको नेपाली समाजमा प्राथमिक शिक्षालाई राज्यले दिएको प्राथमिकताले अपेक्षित परिणाम देखाउन सकेको छैन । शिक्षा प्रत्येक बालबालिकाको नैसर्गिक अधिकार हो र राज्यको दायित्व शिक्षाको प्रबन्ध गर्नु पनि हो । तर नीतिगत रूपमा शिक्षा सुलभ वा अनिवार्य गर्ने घोषणा गरेर मात्र विद्यालयमा डोऱ्याएर केटाकेटीहरू पुऱ्याउन सकिने रहेनछ र शैक्षिक निरन्तरता कायम हुने रहेनछ । खासगरी ग्रामीण क्षेत्रमा कृषकीय कार्यमा केटाकेटीहरूलाई काममा सघाउन लगाइन्छ । ईश्वरले मुख दिएकाले हात दिएका हुन् भन्ने विश्वास गर्ने मातापिताले छोराछोरीलाई विद्यालय पठाउनु फजुल ठान्छन् जसले गर्दा प्राथमिक तहमा पर्याप्त विद्यार्थी पुग्दैनन् । यसर्थ विगत केही वर्षदेखि मुलुकभर विभिन्न जिल्लाहरूमा चरणबद्ध रूपमा प्राथमिक विद्यालयका छात्रछात्राहरूलाई आहार उपलब्ध गराइदै छ । "पढ्न आऊ खाजा खाऊ" को अवधारणामा सञ्चालित यो कार्यक्रम विद्यालयहरूमा छात्रछात्राहरूको सङ्ख्यावृद्धि गर्ने उद्देश्यले सञ्चालित छ ।

ख) गरिबी निवारणका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट अनेक किसिमका कार्यक्रमहरू अघि सारिएका भए पनि अपेक्षित रूपमा सफलता हासिल गर्न सकिएको छैन । सरकारी प्रयत्नबाट मात्र आमूल रूपमा गर्न नसकिने यस प्रकारका कार्यक्रमले लक्षित समुदायलाई प्रत्यक्ष लाभान्वित बनाउन नसके खट्कँदो स्थिति टड्कारो रूपमा रहेको पाइन्छ । त्यसै हुनाले केन्द्रीय स्तरबाट मात्र लक्षित समुदायको भलाइका कार्य गर्न स्थानीय विकास अथवा स्थानीय सरकारलाई समेत अधिकार प्रदान गरिनु उपयुक्त ठहरिन्छ । ग्रामीण क्षेत्रका पछि परेका अथवा आर्थिक दृष्टिले कमजोर रेहका जनसमुदायको आयस्तर वृद्धि गर्ने किसिमको रोजगारीका अवसरहरू दिनु श्रेयष्कर हुन्छ । निम्न आय भएका र वर्षभरि एक पेट खान तथा एकधरो कपडा लगाउन मुश्किल परेका गरिबहरूका लागि आय आर्जनका विविध कार्यक्रमहरूको सञ्चालनले मात्र वास्तविक गरिबहरूको आर्थिक वृद्धि हुनुका साथै आर्थिक विकास पनि हुन सक्ने भएकाले यसतर्फ सबैको ध्यान जानु जरूरी हुन्छ ।

ग) जनताको जीवनस्तर उकास्ने राष्ट्रिय लक्ष्य प्राप्त गर्नका लागि आर्थिक गतिविधिमा व्यापकता ल्याउनु आवश्यक छ भने आर्थिक गतिविधिको विस्तृतीकरण पर्याप्त लगानीको अभावमा सम्भव छैन । आर्थिक सम्पन्नता र लगानी क्षमता एकआपसमा परिपूरक छन् । लगानी क्षमताको विकास जनताको आर्थिक स्तरमा सुधारबाट मात्र सम्भव हुन्छ भने जनताको आर्थिक क्षमताको विकासका लागि लगानीका अवसरमा वृद्धि गरिनु अनिवार्य छ । यी दुई अन्तर्निर्भर पक्षहरूका बीच उत्पादनशीलताले सेतुको भूमिका निर्वाह गरिरहेको हुन्छ । जनताले आफ्नो नियमित आयस्रोतबाट गरेको बचतलाई उत्पादनशील क्षेत्रमा गरिएको लगानी नै जनतालाई पुन: लगानी गर्न सक्षम बनाउने माध्यम हो । जनतामा छरिएर रहेका ससाना बचत परिमाणको अलगअलग लगानी विशेष प्रतिफलमूलक हुन सक्दैन । यस किसिमका अनुत्पादक रूपमा छरिएर रहेका बचतका ससाना परिमाणलाई सङ्कलन गरी तुलनात्मक रूपमा बढी उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरणको उद्घाटन निजी क्षेत्रमा स्थापना भएका वित्तीय संस्थाहरूले गरेको देखिन्छ ।

**व्यवहारिक लेखन (निवेदन, व्यापारिक चिठी, सम्पादकलाई चिठी, सूचना र विज्ञापन)**

अ) **कार्यालयीय पत्र**

**महेन्द्ररत्न क्याम्पस**
चाहाचल, काठमाडौं

प.सं. फो.नं.:
च.नं. मिति: २०६८/३/१७

श्रीमान् परीक्षा नियन्त्रकज्यू,
परीक्षा नियन्त्रण कार्यालय
बल्खु, कीर्तिपुर ।

विषय :- परीक्षा फारम पठाइदिने बारे ।

महोदय,

उपर्युक्त सम्बन्धमा यस क्याम्पसमा अध्ययनरत शिक्षा सङ्कायका स्नातक तह प्रथम वर्षका विद्यार्थीका लागि वार्षिक परीक्षाको ५५० थान परीक्षा फाराम पठाइदिनु हुन अनुरोध छ ।

............................
क्याम्पस प्रमुख

***आ) निवेदन***

श्रीमान् क्याम्पस प्रमुखज्यू,
पद्मकन्या क्याम्पस
बागबजार, काठमाडौं ।

विषय : जेहेनदार छात्रवृत्ति पाऊँ भन्ने बारे ।

महाशय,

म यस क्याम्पसकी स्नातक तह प्रथम वर्ष मानविकी सङ्कायकी उत्कृष्ट छात्रा रहेको कुरा श्रीमान्मा अवगत नै छ । आफ्नो पढाइलाई निरन्तरता दिँदै यस क्याम्पसको गरिमाको अभिवृद्धि गर्ने मेरो तीव्र चाहना हुँदाहुँदै मेरो घरको आर्थिक अवस्था निकै कमजोर भएकाले क्याम्पसको मासिक शुल्क तिर्न नसकेर क्याम्पस नै छोड्नु पर्ने परिस्थिति सृजना हुन लागेको छ । अत: मेरो पढाइलाई निरन्तरता दिन क्याम्पसबाट प्रत्येक वर्ष दिइने जेहेनदार छात्रवृत्ति मलाई उपलब्ध गराइदिनुहुन अनुरोध छ । यस्तो छात्रवृत्ति पाएमा त्यसको उपयोग गरी क्याम्पसको गौरव बढाउने प्रणसमेत गर्दछु ।

निवेदिका
अनुषा थापा
पद्मकन्या क्याम्पस
मानविकी सङ्काय
रोल नं. ३१०

(ख) आफ्नो घरमा खानेपानीको पाइप जडान गरिदिन अनुरोध गर्दै स्थानीय खानेपानी कार्यालयलाई सम्बोधन गरी एउटा निवेदन लेख्नुहोस् ।

उत्तर:

श्रीमान् प्रबन्धकज्यू
खानेपानी संस्थानको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक

विषय : खानेपानीको नयाँ धारा (पाइप) जडान बारे ।

महाशय,

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका वडा नं. ९ मा भर्खरै निर्माण गरिएको मेरो घरमा खानेपानीको धारा अत्यन्त आवश्यक भएको हुनाले तुरुन्त नयाँ धारा (पाइप) जडानका लागि आवश्यक कागजात संलग्न गरी निवेदन पेस गरेको छु ।

संलग्न कागजात

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - १
- घरको नक्साको प्रतिलिपि - १
- टोल सुधार समितिको सिफारिसपत्र - १

भवदीय
राजाराम श्रेष्ठ
बनेपा न.पा. वडा नं. ९
काभ्रेपलाञ्चोक

मिति : २०६८ असार ९ गते

आ) **व्यावसायिक पत्र**

क) **सरस्वती बुक्स एन्ड स्टेसनरी, पोखराले रत्न पुस्तक भण्डार, बागबजार, काठमाडौँबाट प्रकाशित पुस्तकहरू अविलम्ब पठाउने बेहोराको एउटा चिठी तयार गर्नुहोस् ।**

उत्तरः

**सरस्वती बुक्स एन्ड स्टेसनरी**
**पालिखेचोक, पोखरा**

फोन नं. ०६१-५६०२७७ मितिः २०६३/८/३
फ्याक्स नं. ०६१-५६०२७७ पालिखेचोक, पोखरा ।

श्रीमान् व्यवस्थापक
रत्न पुस्तक भण्डार
बागबजार, काठमाडौँ ।

**विषय : पुस्तकहरू पठाइदिनेबारे ।**

महोदय,

यस सरस्वती बुक्स एन्ड स्टेसनरीले विगत एक दशकदेखि त्यस प्रकाशनसँग कारोबार गर्दै आएको कुरा यहाँलाई अवगत नै होला । अहिले यहाँ त्यस प्रकाशनबाट प्रकाशित पुस्तकहरूको अत्यधिक माग भएकाले तपसिलबमोजिमका त्यस प्रकाशनबाट प्रकाशित पुस्तकहरू सुवास ट्रान्सपोर्टबाट यथाशीघ्र पठाइदिनुहुन हार्दिक अनुरोध गर्दछु । अहिले पेस्कीस्वरूप तपाईंको प्रकाशनका नाममा रु. ५०,०००।- (अक्षरेपि पचास हजार) को कृषि विकास बैङ्क रत्नपार्कको ड्राफ्ट पठाएको छु । नपुग भएमा पछि हिसाब चुक्ता गर्नेछु ।

तपसिल

| क्र.सं. | **पुस्तकको नाम** | **प्रति** | **लेखक** |
|---|---|---|---|
| १. | नौलो नेपाली व्याकरण, रचना र अभ्यास (कक्षा १) | १०० | चूडामणि/विश्वराज |
| २. | नौलो नेपाली व्याकरण, रचना र अभ्यास (कक्षा २) | १०० | चूडामणि/विश्वराज |
| ३. | नौलो नेपाली व्याकरण, रचना र अभ्यास (कक्षा ३) | २०० | चूडामणि/विश्वराज |
| ४. | नौलो नेपाली व्याकरण, रचना र अभ्यास (कक्षा ४) | १०० | चूडामणि/विश्वराज |
| ५ | नौलो नेपाली व्याकरण, रचना र अभ्यास (कक्षा ५) | २०० | चूडामणि/विश्वराज |
| ६ | नौलो नेपाली व्याकरण, रचना र अभ्यास (कक्षा ६) | २०० | चूडामणि/विश्वराज |
| ७ | नौलो नेपाली व्याकरण, रचना र अभ्यास (कक्षा ७) | २०० | चूडामणि/विश्वराज |
| ८ | नौलो नेपाली व्याकरण, रचना र अभ्यास (कक्षा ८) | १५० | चूडामणि/विश्वराज |
| ९ | नौलो नेपाली व्याकरण, रचना र अभ्यास (कक्षा ९ र १०) | १५० | चूडामणि/विश्वराज |
| | **जम्मा** | १४०० | |

**भवदीय**
..........................
सरोज श्रेष्ठ
प्रतिनिधि

**खामको नमुना**

<u>पठाउने</u>
सरोज श्रेष्ठ
सरस्वती बुक्स एन्ड
स्टेसनरी
पालिखेचोक-९, पोखरा

<u>पाउने</u>
रत्न पुस्तक भण्डार
बागबजार, काठमाडौँ ।

**इ) विज्ञापन**

**नमुना–१**

**निस्कियो ! निस्कियो !! निस्कियो !!!**

उच्च माध्यमिक शिक्षा परिषद् अन्तर्गत कक्षा ११ (मानविकी, व्यवस्थापन, शिक्षा) तथा १२ (विज्ञान) मा अध्ययन गर्ने विद्यार्थीहरूका लागि नयाँ पाठ्यक्रममा आधारित चूडामणि काफ्ले र विश्वराज काफ्लेद्वारा लेखिएको “अनिवार्य नेपाली” विषयको स्तरीय पाठ्यपुस्तक बजारमा निस्कियो । आफ्नो प्रति सुरक्षित गर्नुहोस् ।

<u>प्रकाशक</u>
रत्न पुस्तक भण्डार
बागबजार, काठमाडौँ

**नमुना–२**

**<u>आवश्यकता</u>**

माई कम्प्युटर सर्भिस, लैनचौरमा दुईजना दक्ष तथा अनुभवी कम्प्युटर अपरेटरको आवश्यकता भएको हुँदा निम्न योग्यता पुगेका नेपाली नागरिकले आफ्नो हालसालै खिचेको पासपोर्ट साइजको दुईप्रति फोटोसहित निम्न ठेगानामा सम्पर्क गर्नुहोस् ।

| **<u>आवश्यक योग्यता</u>** | **<u>सम्पर्क ठेगाना</u>** |
|---|---|
| **– प्रमाणपत्र तह उत्तीर्ण** | **माई कम्प्युटर शप** |
| **– कम्प्युटरमा डिप्लोमा गरी कम्तीमा दुई वर्षको अनुभव** | **पो.ब.नं. : ८१६२** |
| | **लैनचौर, काठमाडौँ** |
| **– नेपाली र अङ्ग्रेजी टाइप गर्न सक्ने** | **फोन नं. ४४१५८३७** |

**ई) सूचना**

**सूचना ! सूचना !! सूचना !!!**

मिति:- २०६८/३/१७

यस दमौली कलेजमा अध्ययनरत मानविकी, व्यवस्थापन र शिक्षाशास्त्रसङ्काय अन्तर्गत कक्षा १२ का नियमित विद्यार्थीहरूको कक्षासञ्चालन यही २०६८ साल असार ३ गतेदेखि हुने व्यहोरा सम्बन्धित सबै विद्यार्थीहरूलाई सूचित गरिन्छ ।

क्याम्पस प्रमुख
दमौली कलेज

**नमुना**

(क) आफ्नो जिल्लाबाट पठनपाठनका लागि काठमाडौँ आएका विद्यार्थीहरूको 'वनभोज' कार्यक्रमका लागि आयोजकका तर्फबाट निकालिने एउटा सूचनाको नमुना तयार पार्नुहोस् ।

उत्तर:

सूचना

यही २०६८ श्रावण ७ गते शनिबार दिन सुर्खेत काठमाडौँ सम्पर्क मञ्चको आयोजनामा सुर्खेत जिल्लाबाट उच्च शिक्षाका लागि काठमाडौँ आउनुभएका विद्यार्थीहरूका लागि धुलिखेलमा वनभोज कार्यक्रम आयोजना गरिएको हुनाले सुर्खेतबाट काठमाडौँ आएर विभिन्न कलेजमा अध्ययनरत समस्त विद्यार्थीवर्गलाई कार्यक्रममा सरिक हुनका लागि सूचित गरिन्छ । काठमाडौँबाट धुलिखेलसम्मका लागि यातायातको व्यवस्था गरिएको हुनाले सबै सहभागीहरूलाई उक्त दिन बिहान ६:३० बजे रत्नपार्कमा उपस्थित हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

वनभोज आयोजक समिति
सुर्खेत काठमाडौँ सम्पर्क मञ्च
काठमाडौँ

सम्पादकलाई चिठी

**नमुना**

श्रीमान् सम्पादकज्यू,
कान्तिपुर दैनिक
श्रावण २२ गते काठमाडौँ

काठमाडौँ महानगरपालिकाको सामाखुसी आवासीय क्षेत्रमा त्यस क्षेत्रका केही उच्छृङ्खल आचारणका हुल्याहा युवकहरूले बाटो हिंड्ने युवतीहरूलाई दिनदहाडै जिस्क्याउने तथा अभद्र व्यवहार गर्ने घटनाहरू समाचारको विषय बनेको कुरा सर्वविदितै छ । त्यस्ता युवकहरूले सर्वसाधारणलाई धम्क्याउने, पिट्ने र अनैतिक कार्यहरू गर्ने गरेको देखिन्छ । यस्तो कार्य नियमित रूपमा भैरहने हुनाले सो टोलमा हिंडडुल गर्नसमेत कठिन भएको स्थानीयवासीहरूको गुनासो छ । लुटपाट र अनैतिक कार्य गर्नेहरूलाई नेपाल सरकारले सजाय नदिने हो भने नागरिकको सुरक्षा कसले गर्ने ?

यस्तो खोजमूलक समाचार लेख्ने पत्रकार र प्रकाशन गर्ने अखबारलाई धन्यवाद नदिई बस्न सकिन्न । तपाईको पत्रिका सुरुदेखि नै स्तरीय भएकाले यस्तै विकृति र विसङ्गतिप्रति सजग गराउने खोजमूलक समाचार छापेर जनतालाई सुसूचित गर्नका लागि हार्दिक शुभकामना !

नवराज काफ्ले
सामाखुसी, काठमाडौँ ।

**व्यक्तिगत विवरण**

**नमुना**

| | | |
|---|---|---|
| नाम | : | राजेश डंगोल |
| बाबुको नाम | : | स्व. पहलमान डंगोल |
| आमाको नाम | : | सूर्यमाया डंगोल |
| जन्म मिति | : | वि.सं. २०३३-०४-२५ |
| जन्मस्थान | : | कीर्तिपुर-१३, चोभार, काठमाडौँ । |
| लिङ्ग | : | पुरुष |
| नागरिकता | : | नेपाली |
| वैवाहित स्थिति | : | विवाहित |

शैक्षिक योग्यता:

- एस.एल.सी. (श्री आदिनाथ माध्यमिक विद्यालय), २०५९
- प्रविणता प्रमाण-पत्र तह (काठमाडौं कलेज), २०६१

ठेगाना :

| | | |
|---|---|---|
| स्थायी | : | कीर्तिपुर-१३, चोभार, काठमाडौं । |
| अस्थायी | : | लैनचौर, काठमाडौं-२९ । |
| फोन नं | : | ९८४११८४९१५ (मोबाइल), ४४१५८३७ (अफिस) |

**तालिमः**

क) ६ महिना नेपाली र अङ्ग्रेजी टाइपिङ ।
ख) एक वर्ष एड्भान्स डिप्लोमा इन कम्प्युटर एप्लिकेसन ।
ग) एक वर्ष कम्प्युटर हार्डवयर इन्जिनियरिङ्ग ।
घ) ६ महिना कम्प्युटर नेटवर्किङ्ग ट्रेनिङ ।

**कार्यअनुभवः**

- एक वर्ष, सुपरभाइजर (लामा कन्स्ट्रक्सन कम्पनी), साइट, डडेलधुरा ।
- एक वर्ष, हार्डवयर टेक्निसियन, साँग्रिला होटल, पोखरा ।
- एक वर्ष, कम्प्युटर इन्स्ट्रक्टर, पश्चिमाञ्चल बोर्डिङ्ग स्कुल, पोखरा ।
- पाँच वर्ष, सिनियर कम्प्युटर अपरेटर, न्यु टाइपिङ्ग इन्स्टिच्युट, पोखरा ।
- संस्थापक, माइ कम्प्युटर सप, लैनचौर, काठमाडौं ।

**रुचिः**

- नयाँनयाँ कुराको खोज, अनुसन्धान, टेबलटेनिस खेल्नु र पत्रपत्रिका पढ्नु ।

**अभ्यास सामग्री**

घ) आफ्नो साथीका बुवाको असामयिक निधन हुँदा पत्रिकामा प्रकाशनका लागि दिइने समवेदना पत्रको नमुना तयार पार्नुहोस् ।

ङ) नयाँ वर्षको अवसरमा दिइने शुभकामना पत्रको ढाँचा तयार गर्नुहोस् ।

१. भर्खरै प्रकाशित नेपाली विषयको पाठ्यपुस्तकका विशेषताहरू उल्लेख गर्दै स्थानीय पत्रिकामा प्रकाशनार्थ एउटा विज्ञापन तयार गर्नुहोस् ।

२. आफ्नी नातिनीको शुभविवाहमा आफन्तहरूमा वितरण गरिने निमन्त्रणापत्रको ढाँचा तयार पार्नुहोस् ।

३. आफ्नो क्याम्पसले आयोजना गरेको अभिभावक दिवस कार्यक्रममा प्रमुख अतिथिलाई बोलाउनका लागि निमन्त्रणापत्रको नमुना तयार पार्नुहोस् ।

४. आफ्नो कक्षाको साथीहरू मिलेर शैक्षिक भ्रमणमा जाने व्यहोरा उल्लेख गर्दै आवश्यक व्यवस्था मिलाइदिनु हुन अनुरोध गरेर क्याम्पस प्रमुखलाई एउटा निवेदन लेख्नुहोस् ।

५. कलेजका तर्फबाट दसैं विदाका लागि दिइने सूचनाको नमुना तयार पार्नुहोस् ।

६. आफ्नो कलेजले कक्षा ११ (मानविकी, विज्ञान, व्यवस्थापन र शिक्षा सङ्काय) मा नयाँ भर्नाका लागि दिने सूचनाको नमुना तयार पार्नुहोस् ।

## निबन्धलेखन

**निबन्ध लेख्दा ध्यान दिनुपर्ने कुराहरू:**

*१) सर्वप्रथम निबन्धको शीर्षक लेख्नुपर्छ ।*

*२) निबन्ध लेख्न थाल्नुभन्दा पहिले सम्बन्धित शीर्षक वा विषयको पूर्णतालाई समेट्ने गरी मानसिक रूपमा मेटामोटी रूपरेखा बनाई सम्बन्धित बुँदा वा तथ्यहरूको आंकलन गर्नुपर्छ ।*

*३) निबन्धको संरचना मूलत: तीन भागमा सङ्गठन गर्नुपर्छ । निबन्ध लेख्न तयार गरिएका तथ्य वा बुँदाहरूलाई तीन भागमा वितरण गर्नुपर्छ । निबन्धका ती तीन भाग हुन्- परिचय/भूमिका, विषयवस्तुको प्रतिपादन र निष्कर्ष/उपसंहार ।*

*क) परिचय/भूमिका : निबन्धको पहिलो भागमा सम्बन्धित विषय वा शीर्षकको परिचय दिइन्छ । यस भागमा बाहिरी विषयबाट सम्बन्धित विषय वा शीर्षकमा प्रवेश गर्ने गरी भूमिका वा पृष्ठभूमि पनि लेख्ने गरिन्छ ।*

*ख) विषयवस्तुको प्रतिपादन : निबन्धको मध्यभागमा प्रथम भागमा प्रस्तुत विषयको विस्तृत विवेचना र विश्लेषण गरिन्छ । यो भाग निबन्धको मूल भाग हो । यसै भागमा विषयको उपयोगिता, महत्त्व, लाभ, हानि आदि विविध पक्षमा विस्तृत प्रकाश पारिन्छ ।*

*ग) निष्कर्ष/उपसंहार : निबन्धको अन्तिम भाग उपसंहार वा निष्कर्षका रूपमा लेखिन्छ । यस भागमा निबन्धको मध्यभागमा प्रस्तुत तथ्य वा भावलाई छोटकरीमा प्रस्तुत गरिन्छ । लेखकले यस भागमा सम्बन्धित विषयबारे आफ्नो मौलिक दृष्टिकोण वा टिप्पणी पनि व्यक्त गर्न सक्छ ।*

*४) निबन्धको प्रस्तुतिमा विषयको पूर्णता झल्किने गरी विषयवस्तुको समायोजन गर्नुपर्छ ।*

*५) विषयवस्तुका बुँदाहरूलाई क्रमिक र सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्नुपर्छ ।*

*६) निबन्धको अनुच्छेदगठनमा शृङ्खलाबद्धता र सुसम्बद्धता हुनुपर्छ ।*

*७) निबन्धको शीर्षक/विषयअनुरूप प्रथम पुरुषप्रधान भावुकतापूर्ण शैली र तृतीय पुरुषप्रधान वस्तुनिष्ठ शैलीको चयन गर्नुपर्छ ।*

*८) निबन्धमा सरल, सहज र रोचक भाषाको प्रयोग गर्नुपर्छ ।*

**नमुना प्रश्नोत्तर**

प्रश्न : दिइएका शीर्षकमा ३०० शब्दसम्मको निबन्ध लेख्नुहोस् :

क) मेरो देश, मेरो सर्वस्व

ख) हाम्रो संस्कृति : हाम्रो पहिचान

ग) मेरो जीवनको लक्ष्य

**उत्तर:**

**क) मेरो देश : मेरो सर्वस्व**

हिमाल, पहाड र तराई भूबनोट भएको नेपाल राष्ट्र नै मेरो देश हो । एसिया महादेशको दक्षिणी भागका चीन र भारत दुई विशाल देशका बीचमा अवस्थित नेपाल संसारमा सगरमाथा र वीर गोरखालीको देशका रूपमा पनि चिनिँदै आएको छ । आफू जन्मी, हुर्की, खाईखेली बढेको यो देश मेरा लागि प्राणभन्दा पनि प्यारो छ । वास्तवमा

स्वदेश नै देशवासीको अस्तित्व हो, जीवनको आधार हो र परिचय पनि हो । संसारको नक्सामा नेपाल पानीको थोपाभन्दा सानो आकृतिमा हराउन खोजेजस्तो देखिए पनि मेरा लागि यो संसारको सबैभन्दा ठूलो छ, महान् छ र विशाल छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाले यस देशलाई हीरा, मोती, मणि, आँखाको नानी र मुटुको धड्कनसँग त्यसै तुलना गरेका होइनन् । यस देशको भौगोलिक क्षेत्रफल सानो वा सीमित भए पनि मेरा लागि यो मेरो जन्मभूमि हो र यसको मूल्य र महत्त्व अतुलनीय र अनुपम छ ।

मेरो देशमा आफ्नै किसिमको आदर्श गाथा र मौलिक किसिमको इतिहास छ । नेपाली दिदीबहिनीमा सीताका शील, स्वभाव र आदर्श गुणहरू छन् भने गार्गी र मैत्रेयीका विद्वत्ताले प्रस्फुटित हुने अवसर पाएका छन् । संसारमै शान्तिको दीपज्योति प्रज्वलित गर्ने गौतम बुद्धका गाथाले मलाई हत्या, हिंसा र अशान्तिपूर्ण क्रियाकलापबाट टाढा बस्न उत्प्रेरित गरेका छन् । सगरमाथा मेरो देशको शिर हो । सगरमाथाले मलाई सधैंभरि गौरवसाथ उच्च शिर गरी हिँड्ने सन्देश दिएको छ । भक्ति थापा, बलभद्र कुँवर, अमरसिंह थापा आदि वीर पुर्खाले मलाई राष्ट्र, राष्ट्रियता र जातीय गौरवका लागि आफ्नो प्राणसमेत आहुति दिने शिक्षा दिएका छन् । मेरा अग्रज अरनिकोको कलाकारिता विश्वमै प्रशंसित र पुरस्कृत बनेकामा मेरो छाती गौरवले फुलेको छ । चार वर्ण छत्तीस जातको रमणीय फूलबारी नेपाललाई म आफ्नै हातले गोडमेल गर्दै आएको छु । यहाँ अनेकतामा एकताको समष्टि रूप देख्न पाइन्छ । नेपाली दाजुभाइ र दिदीबहिनीहरू विभिन्न धर्म र पेसा अँगाली, विभिन्न संस्कृति मानेर आआफ्नो मातृभाषा बोलेर हिमालदेखि तराईसम्म फैलिएर जीवनयापन गर्दै आए पनि एकआपसमा असाध्यै मिलेर बसेका छन् । अविरल प्रवाहित गण्डकी, कोसी र कर्णालीले हामी नेपालीलाई सदासर्वदा गतिशील रहन सिकाएका छन् भने लालीगुराँस, लालुपाते र सुनाखरीले सौन्दर्यका पारखी बनाएका छन् । यहाँ डाँफे, मुनाल र मुजुरको नृत्य, नीलगिरि र धौलागिरिको मैत्री भाव, फेवामा माछापुच्छ्रेको अनुहार र रारामा प्राकृतिक सौन्दर्यको लुकामारीका अनुपम दृश्यहरू अवलोकन गर्न पाइन्छ । अत: संसारमै देख्न नपाइने अनुपम सौन्दर्य, भौगोलिक भूबनोट र जैविकवानस्पतिक विविधताले मेरो देश शोभायमान बनेको छ । यस्तो मुलुकमा जन्मन पाएकोमा म स्वयम् गौरवान्वित र हर्षले पुलकित बन्न पुगेको छु ।

मेरो देश भौतिक रूपमा विपन्न भएर के भयो त ? यहाँ सांस्कृतिक सभ्यताका शिखरहरू अग्लिएकै छन्, नैतिकताका महासागरहरू गहिरिएकै छन् र आदर्शका आस्थाहरू चुलिएकै छन् । त्यसैले आफ्नो देशप्रति भक्तिभाव राख्नु मेरो परम कर्तव्य हो । नेपालले मलाई जन्म दिएको छ, कर्म दिएको छ, अस्तित्व दिएको छ र अरूका अगाडि मौलिक परिचय दिएको छ । देशबाहिरको क्षितिज मेरो सोचाइभन्दा धेरै टाढा छ । मलाई डलर, पाउन्ड, येन र दिनारजस्ता विदेशी मुद्राको लोभ छैन । न्युयोर्क, लन्डन, पेरिस र टोकियोको जीवनशैलीले मलाई आकर्षण गरेका छैनन् । मलाई आफ्नै देशका पाल्पा, पोखरा, खप्तड, नेपालगन्ज र लुम्बिनी प्यारा लाग्छन् । मलाई आफ्नै देशमा दसनङ्ग्रा खियाउनुमा आनन्दको अनुभव हुन्छ । आफ्नो पसिनाको कमाइबाट पाकेको गुन्द्रुक र ढिँडाको स्वादमा म अपूर्व सन्तुष्टिको अनुभव सँगाल्छु ।

मेरो देश नेपाल आमाको न्यानो काख हो । आमाको काखमा बस्न पाउनु मेरो अहोभाग्य हो । आफ्नी आमाको काखमा बस्न पाउँदा को खुसी नहोला र ? खोलाको कलकल ध्वनि र झरनाको झरझर आवाजले मेरो मन सधैं आनन्दित हुन्छ । त्यसैले नेपाल घुम्न आएका पर्यटकहरू यस देशका प्राकृतिक सौन्दर्यमा आफूलाई बिर्सन्छन् भने म स्वयम् यस सुअवसरबाट टाढा किन रहूँ ? अत: मेरो देश नेपाल मेरो जन्मभूमि हो, मेरो अस्तित्व हो र आस्थाको चरमचुली हो । यहाँ जन्म लिन पाएकोमा म गौरवशाली बन्न पुगेको छु । म पनि नेपाल आमाकै पवित्र काखमा आफ्नो अन्तिम सास पनि फेर्न चाहन्छु ।

**ख) हाम्रो संस्कृति : हाम्रो पहिचान**

हाम्रो देश नेपाल हो । नेपालमा बसोबास गर्ने मानिसहरू हामी नेपाली हौं । पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म र उत्तरका उच्च पर्वतीय भूभागदेखि दक्षिणको तराईका समतल फाँटसम्म फैलिएर रहेका विभिन्न भाषा, धर्म, सम्प्रदायमा समेटिएका नेपालीको परिष्कृत र परिमार्जित पहिचान नै हाम्रो संस्कृति हो । हाम्रो संस्कृतिले हाम्रो मौलिक जीवनपद्धतिलाई प्रतिविम्बित गर्दछ । नेपाल राष्ट्र र नेपाली जातिलाई अन्य मुलुक र त्यहाँका बासिन्दाहरूबाट अलग रूपमा पहिचान गराउनु नै हाम्रो संस्कृतिको महत्त्वपूर्ण विशेषता हो । हाम्रो देश भौतिक

विकासमा अरू मुलुकभन्दा पछि परे पनि यहाँको मौलिक संस्कृतिका कारणले यो निकै सम्पन्न छ । त्यसैले नेपाली संस्कृति संसारमा अलग पहिचानका रूपमा स्थापित छ ।

हाम्रो देशमा विभिन्न वर्ग र सम्प्रदायका आआफ्नै प्रकृतिका सांस्कृतिक विशेषताहरू छन् । यहाँ एकातिर पूर्वीय वैदिक आर्य संस्कृति अँगाल्ने मानिसहरू छन् । उनीहरूको दैनिक जीवनपद्धति परम्परासँग आबद्ध हुन्छ । उनीहरूका जन्मदेखि मृत्युपर्यन्तका संस्कारजन्य क्रियाकलापहरू वेदका मन्त्र उच्चारण गरेर सम्पन्न गरिन्छन् । अर्कातिर केही मङ्गोल र द्रविड जातिका मौलिक परम्परा झल्काउने संस्कृति पनि यहाँ मौलाएको छ । उनीहरूको जीवनशैलीमा आफ्नै किसिमको परम्परा, रहनसहन र विश्वासहरू रहिआएका छन् । यी सबैको समष्टि वा समन्वयात्मक रूप नै हाम्रो संस्कृति हो, नेपाली संस्कृति हो । नेपालीमा धार्मिक तथा सांस्कृतिक सहअस्तित्वको भावनाले जरो गाडेको छ । एक जाति वा सम्प्रदायको आस्थाप्रति अर्को जाति वा सम्प्रदायले श्रद्धा र सद्भाव प्रकट गर्नु उनीहरूको नैतिक आदर्श हो ।

हाम्रो संस्कृतिले हाम्रो सभ्यतालाई परिष्कार र परिमार्जन गर्दै आएको छ । नेपालीको जीवनपद्धतिमा यहाँको संस्कृतिका झाँकीहरू देख्न पाइन्छन् । विभिन्न जनजातिका आफ्ना परम्परा र रीतिरिवाजहरू संस्कृतिकै रूपमा प्रतिबिम्बित हुन्छन् । हिमाली भेगमा बस्ने सेर्पाले आफ्नो चिनारी उसकै संस्कृतिबाट दिइरहेको हुन्छ भने तराईका विभिन्न जनजातिले पनि आफ्ना सांस्कृतिक विशेषताका माध्यमबाट आआफ्नो जातीय गौरव र स्वाभिमान कायम गरेका हुन्छन् । पहाडी भेगका बाहुन, छेत्री, गुरुङ, मगर, नेवार, राई आदि सम्प्रदायका आआफ्ना सांस्कृतिक झाँकीहरूले हाम्रो देश नेपाललाई संसारमा नै अनुपम राष्ट्रका रूपमा चिनाउँदै आएका छन् । नेपालीका यी अनुपम विशेषताको अध्ययन, अनुसन्धान, अवलोकन र अनुभव गर्नका लागि कैयौँ संस्कृतिप्रेमी विदेशीहरूको नेपालमा घुइँचो लागेको देखिन्छ । यहाँका मन्दिर, भवन, पाटी, पौवा आदिका वास्तुशिल्पमा पनि नेपाली संस्कृतिको स्पष्ट छाप पाइन्छ ।

हाम्रो संस्कृति अनुपम छ । नेपालीले मनाउने चाडपर्व, मेला, जात्रा, रहनसहन र परम्परामा अनौठो सामञ्जस्य पाइन्छ । देशभरिका धार्मिक तथा सांस्कृतिक क्रियाकलापमा विभिन्न वर्ग, समुदाय तथा सम्प्रदायमा मनोमालिन्यभन्दा आपसी विश्वास, समझदारी र मेलमिलापको भावनाले जरो गाडेको छ । त्यसैले धार्मिक तथा सांस्कृतिक सहिष्णुता नेपाली जातिको पहिचान बन्न पुगेको छ । नेपालको राष्ट्रिय एकीकरणका सूत्रधार पृथ्वीनारायणले यस मुलुकलाई 'चार वर्ण र छत्तीस जातको साझा फूलबारी' भनी दिएको संज्ञा यहाँ स्मरणीय बन्न पुगेको छ । उनको यस भनाइले नेपालमा सबै जाति र वर्गका मानिसलाई आफ्ना मौलिक विशेषता र प्रतिभाको प्रदर्शनमा समानता र स्वतन्त्रता रहेको धारणा स्पष्ट पारेको छ । यहाँ कसैले कसैको रिस, डाह, ईर्ष्या र आपसी मनमुटावका दृष्टिले नहेर्ने विचार पनि उनले अघि सारेका छन् । यहाँ धर्म, जाति, क्षेत्र, रङ्ग, भाषा आदि सङ्कीर्ण विचारधारालाई सर्वोपरि ठानेर एकले अर्काको धर्म, संस्कृति, भाषाका बारेमा मतभिन्नता राख्दैनन् । यसको विपरीत एक जातिले अर्को जातिको सुखदु:खमा साथ दिई एकले अर्काको भावनाको श्रद्धा गर्ने अनुपम विशेषताहरू यहाँ पाइन्छन् । त्यसैले अनेकतामा एकता नेपाली संस्कृतिको विशेषता भन्ने भनाइ प्रचलनमा आएको छ ।

अहिले नेपालका केही सहरी क्षेत्रमा युवावर्गमा विदेशी संस्कृतिप्रतिको मोह तीव्र रूपमा बढ्न थालेको देखिन्छ । आमा, बाबु, गुरु, अतिथि आदिलाई देवतासमान मान्ने नेपालीका आदर्श संस्कृतिका विपरीत विदेशी संस्कृतिको अन्धानुकरण गरी नेपाली संस्कृतिप्रति अनास्था र अनादर व्यक्त गर्ने चलनमा बढोत्तरी हुन थालेको छ । आफ्ना परम्परागत मौलिक संस्कृतिप्रति नै हिलो छ्याप्ने प्रवृत्ति देखिएका छन् । एक जाति वा सम्प्रदायले अर्को जाति वा सम्प्रदायका सांस्कृतिक महत्त्वको अवमूल्यन गर्ने परम्परा बस्न थालेको छ । हिन्दूले मुस्लिमका मस्जिदको तोडफोड गर्ने र जातिगत सङ्कीर्णताका कुरालाई उठाएर नेपाली दाजुभाइमा मनोमालिन्यका पर्खाल ठड्याउने फोहोरी खेल हुन थालेका छन् । यस्ता कुरालाई समयमै नियन्त्रण गरी भोलिको सुन्दर सभ्य र सांस्कृतिक महिमायुक्त मुलुकका रूपमा नेपालको चिनारी दिनु समस्त नेपालीको कर्तव्य हो ।

नेपाली संस्कृति नेपाली जनताको आस्था हो, आदर्श हो भने एक नेपालीले अर्को नेपालीसँग आत्मीयता प्रदर्शन गर्ने माध्यम हो । नेपाली संस्कृति नेपालीको जीवनशैलीको प्रतिविम्ब हो र विदेशीका अगाडि नेपाल र नेपालीको मौलिक पहिचान पनि हो । त्यसैले भन्न सकिन्छ हाम्रो संस्कृति नै हाम्रो परिचय वा पहिचान हो ।

ग)    **मेरो जीवनको लक्ष्य**

संसारमा जन्म लिएको मानिसले एक न एक लक्ष्य लिएकै हुन्छ । कसैले आकाशमा हवाईजहाज चलाएर पन्छीझैँ उड्ने उद्देश्य राखेको हुन सक्छ भने कसैले योग्य र दक्ष चिकित्सक बनेर रोगीको सेवा गर्ने उद्देश्य लिएको हुन सक्छ । त्यसैगरी कुनै व्यक्तिले समाजसेवा गरी आफ्नो गाउँसहरको काँचुली फेर्ने लक्ष्य लिएको हुन सक्छ भने कुनै व्यक्तिले निजामती सेवाको उच्च पद हासिल गरी देशसेवा गर्ने विचार लिएको हुन सक्छ । कुण्डकुण्ड पानी मुण्डमुण्ड बुद्धि भनेझैँ संसारका सबै मानिसको सोचाइ र उद्देश्य एउटै नभई भिन्नभिन्न हुन्छन् । विचारको यो विभिन्नता नै मानवीय प्रवृत्ति पनि हो । यस सन्दर्भमा मेरो जीवनको लक्ष्यले अरू व्यक्तिको लक्ष्यसँग मेल नखानु अनौठो मानिने छैन । मैले चाहिँ जीवनमा एक योग्य शिक्षक बनी आफ्नो सम्पूर्ण जीवन राष्ट्रका लागि समर्पण गर्ने लक्ष्य राखेको छु, हेरूँ म आफ्नो लक्ष्यमा कति सफल बन्छु ?

हाम्रो समाजमा गुरु वा शिक्षकलाई एक आदर्श व्यक्तिका रूपमा लिइन्छ । ऊ समाजको एक सुशिक्षित सेवक पनि हो । उसले समाजमा सचेत र जागरूक वर्गको भूमिका पनि निर्वाह गरेको हुन्छ । मैले पनि शिक्षकको त्यो गहन दायित्व पूरा गरेर राष्ट्रोन्नतिमा सहयोग पुऱ्याउने सङ्कल्प गरेको छु । म अनुभव, ज्ञान र चेतनाको ऊर्जाबाट कलिलो मनमस्तिष्क भएका विद्यार्थीलाई शिक्षित र सक्षम बनाउन भरमग्दुर प्रयास गर्नेछु । वास्तवमा शिक्षण व्यवसाय स्वच्छ, पवित्र र निष्कलङ्क हुन्छ । विद्यादान यस्तो पेसा हो जसमा उपकार र सेवाभावको प्रधानता हुन्छ । भोलिको राष्ट्रका होनहार नागरिक आज विद्यालयको कक्षाकोठामा ज्ञान लिइरहेका हुन्छन् र शिक्षक त्यहाँ उनीहरूलाई मार्गदर्शन गरिरहेका हुन्छन् । शिक्षकले आफ्ना शिक्षणक्रियाकलापबाट पनि भोलिको राष्ट्रनिर्माणमा सहयोग पुऱ्याइरहेको हुन्छ भन्ने मेरो मान्यता छ । एउटा असल र अनुभवी शिक्षकले पढाएको विद्यार्थी भोलि असल चिकित्सक, सक्षम इन्जिनियर, योग्य वकिल आदिका रूपमा प्रतिष्ठित बन्न पुग्छ । शिक्षकले आज कक्षाकोठामा निर्वाह गर्नुपर्ने दायित्व राम्रोसँग पूरा गर्न नसके भोलि उत्पादन हुने राष्ट्रका नागरिक असक्षम, अयोग्य र कमसल बन्न सक्छन् । त्यस्ता नागरिकबाट राष्ट्रका गहन जिम्मेवारी कसरी निर्वाह होलान् ? यो पक्ष विचारणीय छ । जुन मुलुकमा असल, अनुभवी र वरिष्ठ शिक्षकको सम्मान हुन्छ त्यस मुलुकको युवापुस्ताले राम्ररी शिक्षा प्राप्त गर्न सक्छ । त्यस पुस्ताले अशिक्षाको अन्धकारमा अल्मलिनु पर्दैन । शिक्षारूपी दीप प्रज्वलन गरी अशिक्षा र अज्ञानताको निर्मूल गर्नु शिक्षकवर्गको परम कर्तव्य हो । विद्यालयमा शिक्षा लिन आएका विद्यार्थी कुमालेले मुछेको माटोजस्तै हुन्छन् । कुमालेले चक्रमा राखेर त्यस माटालाई विभिन्न भाँडाको आकार दिएजस्तै असल, योग्य र अनुभवी शिक्षकले ती शिक्षार्थीलाई आआफ्ना शैक्षिक गन्तव्यतिर डोऱ्याउने महत्त्वपूर्ण जिम्मेवारी लिएका हुन्छन् । शिक्षकको कुशल मार्गदर्शन र शिक्षणक्रियाकलापकै आधारमा विद्यार्थीको भविष्यनिर्धारण हुन्छ । यस्तो गहन जिम्मेवारी लिने शिक्षकलाई ब्रह्मा, विष्णु र महेश्वरजस्ता देवतासँग तुलना गर्ने चलन छ । ममा उच्च तहको पदीय दायित्व हासिल गरी पद र अधिकारको बलबाट अकुत सम्पत्ति बटुल्ने भौतिकवादी महत्त्वाकाङ्क्षा छैन । आफूमा रहेको ज्ञान र सीप विद्यार्थीहरूलाई बाँडेर उनीहरूलाई राष्ट्रका असल र जिम्मेवार नागरिक बनाउन सके मलाई सन्तुष्टि हुन्छ । यसैले मैले एक असल शिक्षक बनी आफ्ना विद्यार्थीको गन्तव्य सुगम र सहज तुल्याउने सोचाइ लिएको हुँ ।

हाल केही समययता हाम्रो देशको शिक्षण पेसा निन्दित र अपहेलित बन्न थालेको छ । भोलिका योग्य र चरित्रवान् नागरिक उत्पादन गर्ने यस पेसालाई समाजले 'अरू पेसा नपाएर शिक्षक बनेको हो' भनी उपेक्षा गर्न थालेको देखिन्छ । हाम्रो देशका केही शिक्षकहरू आफ्नो पेसागत मर्यादा र धर्मविपरीत काम गर्न थालेका छन् । यसैले पनि समाजले यस पेसाको उपेक्षा गर्दै विभिन्न आक्षेप लगाएको हो । यसै सन्दर्भमा केही शिक्षकहरू राजनीतिक दलको पछि लागी आफ्नो पेसागत जिम्मेवारी भुल्न लागेको वास्तविकतालाई पनि बिर्सनु हुँदैन । यस्ता एक दुई अपवाद पन्छाउने हो भने यो पेसा निकै मर्यादित, उच्च र सम्मानित छ भन्ने मेरो विचार छ । त्यसैले मैले यो पेसा अँगालेर समाजसेवा गर्ने लक्ष्य राखेको हुँ ।

शिक्षक एक यस्तो ज्योतिपुञ्ज हो जसले समाजमा व्याप्त अशिक्षा हटाएर ज्ञानरश्मि फैलाउने गरिमामय योगदान पुऱ्याउँछ । धनी व्यक्तिको धनसम्पत्ति खर्च गर्दा सकिन्छ तर शिक्षकले बाँडेको ज्ञान मानिसको मनमस्तिष्कमा जीवनपर्यन्त अमिट रूपमा रहिरहन्छ । यसले समाजको स्वरूप र व्यक्तिको जीवनशैलीमा पनि ठूलो परिवर्तन ल्याउँछ । शिक्षक एक नि:स्वार्थ र परोपकारी व्यक्ति पनि हो । दया, सेवा र मानवताजस्ता गुणहरूले उसको

व्यक्तित्व उज्यालो हुन्छ । सेवाबाट सन्तुष्टि लिने ऊ समाजको एक प्रबल स्तम्भ पनि हो । राम्रा शिक्षक राष्ट्रका लागि वन्दनीय हुन्छन् । यस्ता शिक्षकको अभावमा राष्ट्रको भविष्य अनिश्चित हुन्छ । त्यसैले मैले आफ्नो जीवन एक योग्य शिक्षक बनेर राष्ट्रका लागि समर्पण गर्ने उद्देश्य लिएको हुँ ।

## अभ्यास

१) तल दिएका शीर्षकमा ३०० शब्दसम्मको निबन्ध लेख्नुहोस् :

- क) विज्ञानको चमत्कार
- ख) सेवा नै धर्म हो
- ग) मेरो देश मेरो संस्कृति
- घ) जीवनमा शिक्षाको भूमिका
- ङ) साहित्य समाजको दर्पण
- च) मेरो जीवनको लक्ष्य
- छ) नेपालको शैक्षिक स्थिति; चुनौती र समाधानका उपाय
- ज) विद्यार्थी र अनुशासन
- झ) हाम्रो संस्कृति; हाम्रो पहिचान
- ञ) खेलकुदमा अनुशासनको भूमिका
- ट) समयको महत्त्व
- ठ) मानव अधिकार
- ड) विकासका लागि शान्ति
- ढ) रोजगारमूलक शिक्षा
- ण) प्राकृतिक सुन्दरता : नेपालको सम्पदा
- त) शान्ति र संविधान : समयको आव्हान

## टिप्पणीलेखन

**टिप्पणीलेखनमा ध्यान दिनु पर्ने कुराहरू :**

- सम्बन्धित विषयमा महत्त्वपूर्ण बुँदा सङ्कलन गर्नुपर्छ,
- आदि, मध्य र अन्तिम गरी तीन भागमा लेख्नुपर्दछ ।
- वस्तुपरक र तार्किक विश्लेषण गरेर सम्बन्धित विषयमा आलोचनात्मक टिप्पणी गर्नुपर्छ ।
- समस्याहरू औंल्याई निराकरणका उपाय दिनुपर्छ ।

## नमुना प्रश्नोत्तर

प्रश्न: बढ्दो सहरीकरणका समस्या शीर्षकमा १५० शब्दमा नघटाई टिप्पणी लेख्नुहोस् ।

उत्तर: बढ्दो सहरीकरणका समस्या

गाउँमा भन्दा सहरमा धेरै कुराको सुविधा भएकाले अहिले मानिसहरू सहरतिर उन्मुख बनेका छन् । शैक्षिक र सामाजिक विकासका पूर्वाधारहरू नेपालका ग्रामीण भेगका तुलनामा सहरी भेगमा बढी छन् । यसै कारणले गाउँका पढेलेखेका तथा आर्थिक रूपमा सम्पन्न मानिसहरू सहरी क्षेत्रमा बसाईं सर्ने क्रम बढ्दै छ । यसैले गर्दा सहरमा दिनप्रतिदिन विभिन्न समस्याहरू बढ्दै गएका छन् ।

सहरमा जनसङ्ख्याको चाप अत्यधिक भएकाले सहरहरू पहिलेको तुलनामा अहिले झन्झन् अस्तव्यस्त बन्न पुगेका छन् । सहरमा अव्यस्थित रूपमा बन्दै गरेका घरहरूले पनि विभिन्न समस्याहरू देखापरेका छन् । एकातर्फ सडक साँघुरिनु तथा अर्कातर्फ अनियन्त्रित यातायातका साधन भित्रिनुले मानिसहरूलाई हिँडडुल गर्न समेत समस्या भएको छ । दिनप्रतिदिन वातावरण प्रदूषण बढ्दै जाँदा जनस्वास्थ्यमा समेत गम्भीर असर पर्न थालेको छ । मानिसहरू दम र खोकीजस्ता रोगबाट दीर्घरोगी बन्न थालेका छन् । सरकारले खानेपानीको पर्याप्त सुविधा पुऱ्याउन सकेको

छैन । गाउँका मानिसहरू सहरोन्मुख हुनुमा सहरको तुलनामा गाउँमा शैक्षिक संस्थाहरू प्रशस्त मात्रामा नहुनु तथा भएर पनि गुणस्तरीय शिक्षा दिन नसक्नु पनि एउटा प्रमुख कारण हो । सहरमा कलकारखाना तथा उद्योगधन्दाहरू बढी मात्रामा खुल्नाले पनि मानिसहरू रोजगारीका लागि सहरमुखी बन्दै गएका हुन् । मानिसका लागि स्वास्थ्योपचारको सुविधा आधारभूत आवश्यकता हो । गाउँमा स्वास्थ्य केन्द्रहरू पर्याप्त मात्रामा नहुनु पनि दुर्भाग्यपूर्ण कुरा हो । अस्पताल तथा स्वास्थ्य केन्द्र भएका ठाउँमा पनि दक्ष स्वास्थ्यकर्मीको अभाव देखिन्छ । कतिपय गाउँलेहरू उपचारको अभावमा अकालमै मृत्युशैयामा पुग्न बाध्य बनेका छन् । यसैले पनि ग्रामीण क्षेत्रका मानिसहरूलाई सहरतिर आकर्षित भएका हुन् । गाउँलेहरूले स्थानीय स्रोत र साधनको उपयोग गर्न पाएका छैनन् । यसका लागि सरकारले आफ्नो गाउँ आफै बनाऊँ भन्ने नाराका साथ विकासको अभियानमा जोड दिनुपर्छ ।

गाउँमा शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात आदिको राम्रो प्रबन्ध मिलाउनु पर्छ । नागरिकको सुविधालाई ध्यान दिई विभिन्न क्षेत्रमा समानुपातिक विभिन्न क्षेत्रमा विकास गर्नुपर्छ । ग्रामीण भेगमा सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक विकासका लागि विशेष बजेटको तर्जुमा गर्नुपर्छ । यसका अतिरिक्त कलकारखाना, उद्योगधन्दा आदि सहरमा मात्र नखोली गाउँमा खोल्ने वातावरण सृजना गर्नुपर्छ । यस्ता कुरामा विचार पुऱ्याउँदा स्वत: बढ्दो सहरीकरण हट्न गई हाल देखिएका यी समस्या समाधान हुने कुरामा विश्वास गर्न सकिन्छ ।

प्रश्न : 'शिक्षित युवाको विदेश पलायन' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

उत्तर:

**'शिक्षित युवाको विदेश पलायन'**

१६ वर्ष पूरा भई ३५ वर्ष ननाघेका युवक युवती नै युवा हुन् । शिक्षित युवा वर्ग नै देशको मेरुदण्ड हो । उनीहरूको क्रियाशीलताबाट नै मुलुकको मुहार बदलिएको दृष्टान्त अहिले संसारभरि नै पाइन्छन् । युवाशक्तिको अपहेलना वा अपमान भएमा राष्ट्रले उन्नति गर्न सक्दैन । शिक्षित युवा नै शिक्षक, वकिल, पत्रकार, चिकित्सक, इन्जिनियर आदि हुन्छन् । मुलुकको सर्वाङ्गीण उन्नतिमा युवावर्गको योगदान अविस्मरणीय रहन्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने बेरोजगारीका कारणले युवावर्ग दिनदिनै विदेश पलायन हुन थालेको छ । यो स्थितिले गर्दा नेपालको राष्ट्रिय परिस्थिति समस्या वा चुनौतीपूर्ण बनेको देखिन्छ ।

नेपाल २०५२ सालदेखि १० वर्षसम्म आन्तरिक द्वन्द्वको चपेटामा पऱ्यो । यस बेला मुलुकमा विद्यमान धेरै भौतिक संरचनाहरू ध्वस्त भए भने ठूला ठूला औद्योगिक प्रतिष्ठानहरू पनि धमाधम बन्द हुन थाले । यस अवस्थामा नयाँ रोजगारीका अवसरहरू सिर्जना हुन सकेनन् । रोजगारीका अवसरहरू न्यून भएपछि यहाँका शिक्षित युवाहरू पनि दिनदिनै विदेश पलायन हुन थालेका हुन् । युवावर्ग आफ्नो योग्यताअनुसार रोजगारी नपाउँदा निराश र उदास बनेका छन् । आफ्नो भएभरको सम्पत्ति शिक्षामा खर्चेर शैक्षिक योग्यताको प्रमाण पत्र हासिल गरी सडकमा भौँतारिनु पर्ने स्थितिले उनीहरूलाई विदेश पलायन हुन बाध्य बनाएको हो । यसका साथै मुलुकका व्यापक भ्रष्टाचार, जतासुकै राजनैतिक हस्तक्षेप, नातावाद, कृपावाद, राजनैतिक अस्थिरता, सामाजिक विभेद आदि कारणले सर्वसाधारण युवाले रोजगारी प्राप्त गर्नु आकाशकै फल टिप्नु बराबर हुन थालेको छ । देशमा रहेको यस किसिमको परिस्थितिबाट युवावर्ग निराश तथा कुण्ठित बनेर बिदेसिएको हो । शिक्षित बेरोजगारी र युवा वर्गको विदेश पलायन मुलुकका लागि एक ज्वलन्त समस्या बन्न पुगेको देखिन्छ ।

शिक्षित वेरोजगारी र युवावर्ग विदेश पलायनको यो ज्वलन्त समस्याको समाधान गर्न सरकारले नीति निर्माणमा ध्यान दिनु जरुरी देखिन्छ । देशको योजना तर्जुमा गर्दा स्वदेशमा युवा रोजगारीका अवसरहरूका बारेमा गम्भीरतापूर्वक विचार गर्नुपर्छ । शिक्षित युवाको स्वरोजगारीका लागि विना धितो आवधिक ऋणको व्यवस्था हुनुपर्छ । देशमा युवा वर्गको रोजगारीका निम्ति अल्पकालीन र दीर्घकालीन तालिमको व्यवस्था हुनुपर्छ । उद्योगधन्दा र व्यापारिक प्रतिष्ठानहरूको स्थापना गरिनु पर्छ । प्राविधिक शिक्षालाई महत्त्व दिई विद्यालयहरू खोल्नुपर्छ । यो समस्याको समाधानका लागि मुलुकका जिम्मेवार निकायले दृष्टि पुऱ्याउनु अत्यन्त आवश्यक देखिन्छ ।

अभ्यास सामग्री

**निम्न विषयमा आधारित भई १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।**

क) कानुन र नागरिक अधिकार

ख) राष्ट्रप्रति सञ्चार माध्यमको जिम्मेवारी

ग) हाम्रो देश : हाम्रो भाषा

## ३.३ प्रतिवेदनलेखन

**ग) प्रतिवेदन लेख्दा ध्यान दिनुपर्ने कुराहरू**

अ) प्रतिवेदन लेख्नुअघि सम्बन्धित विषयको गहन तथा विस्तृत अध्ययनअवलोकन गर्नुपर्छ ।

आ) अध्ययनबाट प्राप्त तथ्य वा विवरणलाई कापी तथा मानसिकतामा टिप्नुपर्छ ।

इ) शीर्षक दिई सम्बोधन गरेर निर्धारित ढाँचामा आबद्ध भई प्राप्त तथ्यका आधारमा प्रतिवेदन लेख्नुपर्छ । सम्बन्धित विषयको सकारात्मक पक्षको प्रशंसा गर्नुपर्छ र त्रुटि वा कमीकमजोरी भएमा निराकरणका लागि उचित राय सुझाव दिनुपर्छ ।

ई) भाषामा वस्तुपरकता, सरलता र तटस्थता अपनाउनुपर्छ ।

उ) विवेचनामा तथ्यपूर्णता र स्पष्टता ल्याउने प्रयास गर्नुपर्छ ।

ऊ) अन्त्यमा प्रतिवेदकले सही गरेर अफ्नो नाम स्पष्ट रूपमा लेख्नुपर्छ ।

नमुना प्रश्नोत्तर

प्रश्न:

१) आफ्नो कलेजको वनभोज कार्यक्रमका बारेमा १५० शब्दमा नघटाई प्रतिवेदन लेख्नुहोस् ।

उत्तर: वनभोज कार्यक्रमको प्रतिवेदन

श्रीमान् क्याम्पस प्रमुखज्यू,
दमौली क्याम्पस,
दमौली, तनहूँ ।

दमौली क्याम्पसको मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत प्रवीणता प्रमाणपत्र तह द्वितीय वर्षमा अध्ययनरत विद्यार्थीहरूद्वारा आयोजित वनभोज कार्यक्रम २०६८ साल वैशाख ३० गते पोखराको सराङकोटको रमणीय परिवेशमा मनोरञ्जनात्मक रूपमा सम्पन्न भयो । वैशाख २५ गतेका दिन उक्त तहमा अध्ययनरत विद्यार्थीको सानो समूहमा गफको सिलसिलामा वनभोज जाने सोचाइ प्रकट भएको थियो । विद्यार्थीहरूको सक्रियता र संलग्नताको परिणामस्वरूप उक्त सोचाइले तुरुन्तै कार्यरूप लिन पुग्यो । यसमा विद्यार्थी युनियनका पदाधिकारीहरू र अन्य सहभागी विद्यार्थीहरूको प्रशंसनीय सहभागिता रहेको थियो ।

वैशाख ३० गतेको दिन बिहान ७ नबज्दै १५७ जना विद्यार्थी र १९ जना शिक्षक शिक्षिका र कर्मचारीहरू क्याम्पस परिसरमा भेला भइसकेका थिए । अघिपछि क्याम्पस पोसाकमा आउने शिक्षक विद्यार्थी आज आफूखुसी पोसाकमा उपस्थित हुँदा अनौठो अनुभव भएको थियो । बिहानको ७:३० बजे क्याम्पसको प्राङ्गणबाट दुइटा बसमा सवार भई वनभोजका लागि सराङकोटतिर प्रस्थान गरे । बसले आफ्नो गतिमा तीव्रता लिएपछि बसभित्रका शिक्षक विद्यार्थी र कर्मचारी पनि दुई समूहमा विभाजित भएर दोहोरी गीत घन्काउन थाले । कोही गीत गाउने कोही बसभित्रै नाच्ने र कोही थपडी मार्ने गरेर मनोरञ्जन गर्दै बसले पोखराको नगर पार गराएर सराङकोट मै हामीलाई पुऱ्यायो । सम्म मैदानी भूभागमा भन्दा उकालो बाटो पार गर्न बसलाई केही बढी समय लाग्ने रहेछ । सडक छेउछाउका गाउँबस्ती र त्यहाँका गाउँलेहरूका जीवनपद्धतिलाई नजिकैबाट नियाल्दै र परपरका प्राकृतिक दृश्यावलीमा दृष्टि दिँदै ९:०० बजे बस बिसौनी नजिकैको क्षेत्रलाई वनभोजस्थलका रूपमा लिइयो । खुला आकाश र तुवाँलो नभएकाले टाढाटाढा हिमालसम्मकै मनोरम प्राकृतिक दृश्यहरूको अवलोकन गरी आनन्द लिन पाइयो । त्यहाँ पुगेर चिया पकाई

अन्डा उसिनेर बिहानको खाजा खाँदा ११:०० बजेको थियो । खाजा खाएर कसैले तरकारी काट्ने, कसैले अचार बनाउने, कसैले पुलाउको बन्दोबस्त मिलाउने गर्न थाले भने कृष्णबहादुर र मीनबहादुर दाइले घोर्ले र सिँगारे खसी खुइल्याउने पानी उमाल्न थाले । केही गुरुहरू एउटा सानो समूहमा ५२ अध्यायको गीतापाठमा संलग्न हुनुभएको थियो भने विद्यार्थीहरू प्रकृतिका बीचमा आफूलाई उभ्याएर क्यामराभित्र पस्दै थिए । सबै आआफ्ना तरिकाले रमाइरहेका थिए । युनियनका सभापति र उपसभापतिको हरेक क्रियाकलापमा गम्भीर निरीक्षण देखिन्थ्यो र उपलब्ध साधनको समुचित उपयोग गर्नमा उनीहरूको जोड थियो । खाजा खाएर आआफ्ना जिम्माका काम सकिएपछि भान्साको जिम्मेवारी भएका र निरीक्षण अवलोकन गर्ने बाहेकका विद्यार्थीहरूलाई २ घण्टा जति आफ्ना साथीहरूसँगै नजिकैको परिवेशमा डुल्न जाने अनुमति दिइएको थियो । उनीहरूलाई ठीक ३:०० बजे दिउँसो खाना खानका लागि अनिवार्य उपस्थित हुनुपर्ने सूचना दिइएको थियो । आधाभन्दा बढी विद्यार्थीसँगै केही शिक्षक शिक्षिकाहरू पनि डुल्न जानुभएको थियो ।

दिउँसो ३:०० बजे सबै खानेकुरा तयार भइसकेका थिए । ११:०० बजे खाएको चिया पाउरोटी र अन्डा बिलाएर पेटमा मुसा दगुर्न थालेका थिए । सबैका अनुहारमा क्षुधाका रेखाहरू कोरिइसकेका थिए । त्यसैले खाना खान सबैजना चौरमा पङ्क्तिबद्ध भएर बसे । विद्यार्थीहरूले आफ्ना आदरणीय गुरु गुरुआमालाई थपी थपी खुवाउने र गुरुहरूले आफ्ना आत्मीय विद्यार्थीलाई केके चाहिन्छ भनी सोधी सोधी थप्दै टाढाटाढाका प्राकृतिक रम्यतामा भुल्दै खाना खाने काम भयो । आआफ्ना घरमा खाइएको खानेकुराभन्दा क्याम्पस परिवारमा खान पाउँदा बेग्लै आनन्दको अनुभव हुने रहेछ । त्यो आनन्द अवर्णनीय थियो । अझ चिठ्ठा तानेर त्यसमा लेखे अनुसारका स्याल कराउने, बाँदरको अभिनय गर्ने, कुखुरा कराउने, भ्यागुता उफ्रिने, गीत गाउने, चुट्किला भन्ने आदि अभिनयात्मक क्रियाकलापले त हाँसो र मनोरञ्जनको धारा नै प्रवाहित हुन पुगेको थियो । यसरी नाच, गान र अभिनयको त्रिवेणीमा रमाउँदा रमाउँदै साँझको ५:०० बजेको पनि पत्तै भएन । अच्युत सरले गुरु गुरुआमा र सभापति विनोद अधिकारीले विद्यार्थीहरूलाई समय अवगत गराउँदै बसतर्फ प्रस्थान गर्न आग्रह गरेपछि मनले नमान्दा नमान्दै पनि सबै जना आफू बसेको स्थानबाट उठ्नुपरेको थियो ।

यसरी यस वर्षको सराङकोटमा आयोजित वनभोज कार्यक्रमले यस क्याम्पसका विद्यार्थी र शिक्षकका बीचमा स्नेह र आत्मीयताको प्रगाढता कायम गर्ने कार्यमा सफलता प्राप्त गरेको छ । सराङकोटको आनन्ददायी परिवेशमा करिब ५/६ घण्टाको समय व्यतीत गरी त्यहाँ भएका क्रियाकलापलाई मस्तिष्कमा सञ्चित गराउन यो कार्यक्रम अविस्मरणीय बनेको थियो । विद्यार्थीहरूमा सामूहिक कामप्रतिको लगनशीलता अभूतपूर्व देखिन्थ्यो । आयोजकहरूले सम्बन्धित तहका सबै विद्यार्थीलाई समेट्न सकेको भने देखिएन । एक जना विद्यार्थीबाट ५००/- रकम सङ्कलन गर्नु निम्नतहका विद्यार्थीहरूका लागि समस्या नै हो । विद्यार्थीहरूमा कम व्ययभार राखी क्याम्पसबाट युनियनले सक्दो सहयोग लिएर समस्त विद्यार्थीहरूलाई समेट्न सकेको भए यस्तो कार्यक्रम अझै प्रभावकारी हुने आशा लिन सकिन्छ ।

प्रतिवेदक<br>
नारायण वस्ताकोटी<br>
दमौली क्याम्पस

२) आफ्नो विद्यालयमा सम्पन्न वार्षिकोत्सव कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

(मान्नुहोस् : तपाईंको नाम आदित्य हो र तपाईंको विद्यालयको नाम तिलिचो उ.मा.वि., नेपालनगर हो ।)

उत्तरः

विद्यालयको वार्षिकोत्सव समारोहको प्रतिवेदन

२०६७ साल माघ १९ गते तिलिचो उच्च माध्यमिक विद्यालय, नेपालनगरको ५ औं वार्षिकोत्सव कार्यक्रम विद्यालयकै प्राङ्गणमा नगरका वयोवृद्ध शिक्षाप्रेमी तथा समाजसेवी श्री देवीदत्त चटौतको प्रमुख आतिथ्यमा सम्पन्न भयो । बिहान ११:०० बजे थालिएको कार्यक्रम २ घण्टा ३० मिनेट अर्थात् दिउँसो १:३० बजे समाप्त भएको थियो । प्रमुख अतिथि र अन्य अतिथिहरू समयमा नै कार्यक्रम स्थलमा उपस्थित भए पनि कार्यक्रमको सुसंयोजन, मञ्चको

व्यवस्थापन र ध्वनि प्रसारणयन्त्र ( माइक ) को जडानको काम समयमा नै नभएकाले आमन्त्रित वर्ग केही बेर अन्योलमा पर्नु परेको थियो ।

केही समयको विलम्ब पछि राष्ट्रिय गानबाट कार्यक्रम थालिएको थियो । विद्यालयका विद्यार्थीहरूबाट गाइएको स्वागत गान निकै मनोरञ्जनयुक्त थियो । स्वागत गानपछि विद्यालयका प्राचार्यले स्वागत मन्तव्य दिनुभएको थियो । त्यसपछि कक्षा ११ र १२ का विद्यार्थीहरूले एकल तथा सामूहिक गीत, नृत्य, प्रहसन, चुट्किला आदि प्रस्तुत गरेका थिए । दर्शक दीर्घामा आसीन आगन्तुकहरूले कार्यक्रमका प्रत्येक चरणमा तालीको गडगडाहटले विद्यार्थीहरूको हौसला बढाएका थिए । विद्यार्थीहरूद्वारा प्रस्तुत प्रहसनमा देशमा दिनदिनै बढ्दै गएको हत्या, हिंसा, अपहरण, चन्दा आतङ्कका शृङ्खलाप्रति व्यङ्गय गर्दै समाज द्वन्द्वमुक्त हुनुपर्ने सन्देश दिइएको थियो । कार्यक्रमको अन्त्यतिर विद्यालयले वर्षभरि आयोजना गरेका अतिरिक्त क्रियाकलाप र खेलकुद प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई प्रमुख अतिथिबाट पुरस्कार वितरण गरिएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथिले यस क्षेत्रको शैक्षिक विकासमा यस उच्च माध्यमिक विद्यालयले पुऱ्याएको योगदानको प्रशंसा गर्नुभएको थियो । उच्च माध्यमिक विद्यालय सञ्चालक समितिका अध्यक्षले धन्यवाद ज्ञापन गरेपछि वार्षिकोत्सव समारोह सम्पन्न भएको थियो ।

यसरी यस क्षेत्रकै प्रसिद्ध यस उच्च माध्यमिक विद्यालयका शिक्षक एवम् विद्यार्थीहरूको वर्ष दिनदेखि प्रतीक्षा गरिएको वार्षिकोत्सव कार्यक्रम निर्विध्नतापूर्वक समापन भएको थियो । विद्यालयले दुई हप्ता पहिलेदेखि नै अभ्यास गराएको हुनाले विद्यार्थीहरूद्वारा प्रस्तुत कार्यक्रमको सबैले प्रशंसा गरेका थिए । मञ्च व्यवस्थापनका कमजोरी बिर्सिदिने हो भने कार्यक्रम उत्कृष्ट र मनोरञ्जनपूर्ण थियो ।

प्रतिवेदक
आदित्यराज भट्ट
तिलिचो उच्च माध्यमिक विद्यालय, नेपालनगर

मिति : २०६७ माघ २० गते

## अभ्यास सामग्री

निम्नलिखित शीर्षकहरूमा १५० शब्दसम्मको प्रतिवेदन लेख्नुहोस् :

१) क्याम्पसले आयोजना गरेको फुटबल प्रतियोगिता
२) आफ्नो टोलले आयोजना गरेको टोलको सरसफाई कार्यक्रम
३) आफ्नो क्याम्पसको वार्षिकोत्सव समारोहमा मनाइएको साहित्यिक कार्यक्रमका गतिविधिहरू
४) शिक्षामा व्यापारीकरण
५) काठमाडौंमा फोहोरमैलाले ल्याएको समस्या
६) आफ्नो शैक्षिक भ्रमणको अनुभव

कृतिगत पाटमा आधारित प्रश्नको उत्तर दिँदा ध्यान दिनुपर्ने कुराहरू:
यसमा बोधगत र समीक्षात्मक गरी दुई किसिमका प्रश्न सोधिन्छन् ।
बोधप्रश्न
बोधगत प्रश्न कविता, कथा र निबन्ध खण्डबाट सोधिन्छन् । यस्ता प्रश्नको उत्तर दिँदा निम्न कुरामा ध्यान दिनु पर्छ ।

- पाठ बुझी दिइएको अनुच्छेदलाई राम्ररी पढ्नु पर्छ ।
- कवितांश, कथांश र निबन्धांशबाट सोधिएका अनुच्छेदगत प्रश्नलाई सटिक रूपमा उत्तर दिनुपर्छ ।
- उत्तरलाई अनावश्यक रूपमा लम्ब्याउनु हुँदैन ।

- प्रश्नको आशय बुझी उत्तर दिनुपर्छ ।
- उपन्यास वा नाटक खण्डबाट सोधिएको प्रश्नलाई समीक्षात्मक रूपमा उत्तर दिनुपर्छ ।
- मुलत: उपन्यास खण्डको प्रश्नको उत्तर लेख्दा यस पुस्तकको उपन्यास खण्डको निम्न विषयवस्तुलाई विचार गरेर पढ्नुहोस् ।

  क) विषयवस्तु

  ख) मूल भाव

  ग) कथानक

  घ) चरित्र चित्रण र परिवेश

समीक्षात्मक

यस्तो प्रकृतिको प्रश्न प्रतिक्रियात्मक किसिमको मात्रा हुनेछ । यस्तो प्रश्नको उत्तर दिँदा ध्यान दिनुपर्ने कुराहरू :

- दिइएको प्रश्नलाई पाठको आधारमा आफ्ना विचारहरू प्रस्तुत गर्नु पर्दछ ।
- आफ्ना प्रतिक्रिया मौलिक हुनुपर्छ ।
- पाठको मूल भावसँग सम्बन्ध कायम राख्नुपर्छ ।
- अङ्कभारलाई मध्यनजर गरी उत्तर दिनुपर्छ ।
- उत्तरलाई अनावश्यक लम्ब्याउनु हुँदैन ।
- यो पाँच अङ्कको हुन्छ र कुनै पनि पाठबाट आउन सक्छ ।

**कविता ⁄ गीत खण्ड**

**'नेपालै नरहे' गीतको भाव**

माधव घिमिरे (१९७६) नेपाली कविता र गीतका क्षेत्रमा प्रतिष्ठित नाम हो । उनको नेपालै नरहे गीत २०१८ सालमा रचिएको हो र यो गीत उनको किन्नरकिन्नरी गीतसङ्ग्रहमा सङ्कलित छ । राष्ट्रिय भाव अभिव्यक्त गर्ने यो गीत नातिकाजीका स्वरलहरीमा अहिलेसम्म पनि रेडियो तथा टेलिभिजनमा जीवन्त रूपमा बज्दै र सुनिँदै आएको छ। यस गीतले नेपाल राष्ट्र एवम् नेपाली जातिको गौरवगान गाएको छ । यसले नेपाली पुर्खाहरूको वीरतापूर्ण गाथाको स्मरण गर्नुका साथै उनीहरूको प्रतिष्ठाले नेपालको इज्जत र गौरव संसारमा उच्च रहेको भाव प्रकट गरेको छ । यस गीतले नेपालको संस्कृति, रहनसहन र जीवनशैलीलाई पनि अभिव्यक्त गरेको छ । कृषि पेसामा रमाएका नेपालीहरू धरतीमाताका पौरखी छोराछोरीहरू हुन् । उनीहरू माटो र पानीलाई जीवनको अभिन्न अङ्गका रूपमा लिन्छन् र आफ्नो पसिनाका थोपालाई मोतीदानामा रूपान्तरण गरी जीवन निर्वाह गर्दछन् । उनीहरूले दसैँतिहार, छठ, लोसार, गाईजात्रा, इन्द्रजात्रा बिस्केट जात्राजस्ता पर्वहरूलाई अङ्गीकार गर्दै आएका छन् । नेपालीहरू आफ्ना धर्म, संस्कृति र परम्परालाई कदापि भुल्दैनन् । बरु मादल, झ्याली, खैँजडी, मुजुरा, झ्याम्टा आदि आफ्ना लोकवाद्यको प्रयोग गरी मनोरञ्जन गर्दछन् । उनीहरू आफ्नो राष्ट्र, राष्ट्रियता र जातीय गौरवप्रति सचेत र सजग छन् । राष्ट्र रहे राष्ट्रियता रहन्छ; नेपाल रहे मात्र नेपालीहरूको अस्तित्व रहन्छ । त्यसैले राष्ट्रिय गौरव र महिमामाथि कहीँकतैबाट आँच आउन दिनु हुँदैन । यदि कसैले नेपाली अस्मितामाथि कुदृष्टि राख्छ भने त्यसको सबै नेपालीले एकजुट भई प्रतिकार गर्नै पर्छ भन्ने भावनालाई यस गीतले जीवन्त रूपमा अभिव्यक्त गरेको छ । नेपाल र नेपालीका विशेषतालाई मूर्त रूप दिई नेपालको राष्ट्रियतालाई गीतका माध्यमबाट प्रकट गर्न यो रचना निकै सफल रहेको देखिन्छ ।

गीतलाई जीवन्त रूपमा प्रस्तुत गर्न त्यसमा आयोजित लयचेतना, शब्दसंयोजन र अनुप्रासको उल्लेखनीय भूमिका हुन्छ । यसका साथै गीतमा प्रयोग भएका स्थायी र अन्तरा एवम् विम्बसंयोजनले पनि त्यसलाई मार्मिक तथा गेयात्मक बनाउन सहयोग पुऱ्याउँछन् । यस गीतमा नेपालका हिमाल, पहाड, तराईजस्ता प्राकृतिक बिम्ब; दसैँतिहारजस्ता सांस्कृतिक बिम्ब; मादल, ख्याली चुट्काजस्ता लोकबिम्व, पुर्खा, धर्तीका छोराजस्ता ऐतिहासिक बिम्बहरूको सहयोगबाट नेपाल राष्ट्रको गौरव र नेपाली जातिको स्वाभिमानलाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ । त्यसै गरी मध्यानुप्रास तथा अन्त्यानुप्रासले गीतलाई लयात्मक तीव्रता प्रदान गरेको देखिन्छ । यसमा 'नेपाली हामी रहौँला कहाँ नेपालै नरहे' भन्ने पङ्क्तिलाई 'स्थायी' र अन्य पङ्क्तिहरूलाई 'अन्तरा'का रूपमा उपयोग गरिएको छ । स्थायी पङ्क्तिलाई अन्य तीन अन्तराका अन्तिम चरणका रूपमा पुन: पुन: प्रयोग गरी राष्ट्रिय भावनालाई सबल बनाइएको छ । त्यसैले सानै (१४ पङ्क्तिको) रचना भए पनि यो गीत नेपाली राष्ट्रियतालाई अभिव्यक्त गर्न समर्थ बनेको छ । सानै रचनामा पनि सम्पूर्णताको अभिव्यक्ति दिने कविको काव्यमान्यता यस गीतमा पनि सार्थक बनेको देखिन्छ ।

**'हर्कबहादुर' कविताको भाव**

हर्कबहादुर नेपालमा पिछडिएको एक विपन्न वर्गप्रति लक्षित गरेर लेखिएको कविता हो । हर्कबहादुर समाजले दाउरे, चाउरे, काले भन्दै हेला र तिरस्कार गरिँदै आएको वर्ग हो । आङ ढाक्ने लुगासम्म नभएको हर्कबहादुर माटासित मितेरी लगाउने अनि तरतरी पसिना चुहाई मोती फलाएर पनि भोकभोकै जीवन बाँच्न विवश नेपाली हो । ऊ पौरखी, मेहनती र कर्मठ व्यक्ति भए पनि परिश्रमको उचित मूल्याङ्कन नभई शोषणको जाँतोमा पिसिएको ज्वलन्त नमुना हो । उसको मेहनतलाई ठूलाठालूले उपहास गर्छन् । ऊ अन्याय र अत्याचारको चक्रव्यूहमा हराएको छ । उसलाई अकाल मृत्यु, अनिकाल, खँडेरी, बाढीपहिरो आदिले युगौँदेखि लखेट्दै आएका छन् । उसलाई आफ्नो घर

परिवारको व्यवस्थापन र हातमुखका समस्याहरू सुरसाको मुखजस्तै भएर देखापरेका छन् । विपन्नताको घनले सधैं उसको शिरमा प्रहार गर्दै आएको छ । त्यसैले त कवि अधिकारी लेख्छन् :

उसलाई थाहा छ
लुगा फाट्छ छाला फाट्दैन
छाला साहू काढेर किन्न पनि पाइन्न
ऊ नाङ्गो आङले भारी बोक्छ
ऊ नाङ्गो आङले धर्ती जोत्छ
हो गाउँका सभा समारोहमा जाँदा
हर्कबहादुर
टिठ लाग्दा आँखाले
घरी झन्डा र घरी आफ्नो आङ हेर्छ
हर्कबहादुर भोक हो
भोकको देश र भेष पनि हुँदैन
भोकको आफन्त र पराई पनि हुँदैन
हर्कबहादुर ठोस हो
पीडा आकारमा आवद्ध हुँदैन

'हर्कबहादुर' हर्कबहादुर मात्र होइन ऊ त जितबहादुर, भीमप्रसाद, बुद्धिप्रसाद, दाउरे, चाउरे,काले आदिको पनि प्रतिबिम्ब हो । उसले घरकी बूढी स्वास्नी र तरुनी छोरीका भावनालाई पनि गरिबीको अन्धकारमा हराएको छ । ऊ विभिन्न समस्याहरूले पिरोलिएको छ । उसलाई युग, समाज र राष्ट्रका गतिविधिप्रति कुनै चासो छैन । खेतबारी, हलोकोदालो अनि धानमकै, गहुँकोदोजस्ता अन्नका बारेमा सोच्दासोच्दै अलिकति पनि फुर्सद छैन । राष्ट्रियता, स्वाधीनता र नागरिकताले पनि उसलाई व्यङ्गय गरिरहेझैँ लाग्छ । वास्तवमा देशले कर्मयोगी हर्कबहादुरको सम्मान गर्नुपर्छ; ढाँटछल, चाकडी चाप्लुसी र सत्तालिप्साको रोगबाट मुक्त हर्कबहादुरको पवित्र र चोखो व्यक्तित्वको समस्त नेपाल र नेपालीले सलाम गर्नुपर्छ भन्ने भाव यस कविताले अघि सारेको छ । कविताले राष्ट्रको मूल प्रवाहमा यस्ता वर्गले पनि प्रतिनिधित्व पाउनुपर्छ तब मात्र समावेशात्मक राज्यको स्वरूप स्पष्ट हुनेछ भन्ने भाव व्यक्त गरेको छ ।

## मानुषी कविताको भाव

'मानुषी' कविता कवयित्री पारिजातको **बैंसालु वर्तमान** कवितासङ्ग्रहमा सङ्कलित र प्रकाशित छ । यसमा कवयित्रीले महिला अधिकार तथा नारीस्वतन्त्रताका बारेमा आफ्ना अभिव्यक्ति प्रकट गरेकी छन् । फुटकर कविताका रूपमा रचित यो कविता कविताको लघुरूपमा रहेको पाइन्छ । यस कवितामा 'तिमी', 'म' र 'हामी' सर्वनामको प्रयोग विशेष रूपमा गरिएको देखिन्छ । 'तिमी'ले पुरुषवर्ग र 'म'ले महिलावर्गको प्रतिनिधित्व गरेको पाइन्छ भने 'हामी'ले ती दुवैलाई संयुक्त रूपमा प्रस्तुत गरेको छ । म पात्र अर्थात् नारीले आफूले युगौंदेखि पुरुषवर्गप्रति दर्साएको स्नेह, सम्मान र समर्पणको प्रसङ्ग प्रस्तुत गर्दै सत्तारुढ बनेर पुरुषले नारीको अस्मिता र इज्जतको बेवास्ता गर्दै शोषण र अत्याचारका बुटले उसलाई कुल्चँदै आएको उल्लेख गरेको पाइन्छ ।

मानिसलाई सभ्यताले सर्वोत्कृष्ट प्राणीका रूपमा प्रमाणित गरेको छ । उसले आदिम युगदेखि कठोर परिश्रम गरी सभ्यताको यात्रा तय गर्दै यहाँसम्मको चरण पार गरेको छ । मानिस भनेर न त पुरुषलाई मात्र बुझिन्छ न स्त्रीलाई मात्र । मानिसले स्त्री र पुरुष दुवै वर्गलाई बुझिन्छ । सभ्यताका उषाकालीन चरणमा स्त्री पुरुष दुवैले हातेमालो गर्दै सङ्घर्षका पाइला चालेका हुन् र प्राप्त सफलतामा हर्षविभोर भएका हुन् । त्यसबेला पुरुषको होस्टेमा नारीले हैंसे गरेकाले नै ती कठिन उकाली ओरालीहरू सहज रूपमा पार गर्न सफलता मिलेको हो । त्यतिखेर एकले अर्कालाई असहयोग गरेका भए सभ्यताको यात्रा यहाँ आइपुग्नु असम्भव नै थियो । त्यसैले मानवसभ्यताको विकासमा नारी र

पुरुषको सहयात्रा र सहकार्य उल्लेखनीय रहेको तथ्य स्पष्ट हुन्छ । यसै भावलाई पुष्टि गर्दै पारिजात आफ्नो कवितामा लेख्छिन् :

तिमी जति गर्न सक्छौ
त्यति म पनि सक्छु
तिमी जतिकै पाखुरी बजार्न सक्छु
तिम्रा सबै अनुभूतिहरू
मेरा पनि अनुभूति

(बैंसालु वर्तमान पृ. १०५)

मानिसमा सेवा, सहयोग, सहकार्य, सहानुभूति, सद्भावजस्ता असल प्रवृत्तिका साथै स्वार्थ, ईर्ष्या लोभलालच, अहङ्कारजस्ता खराब प्रवृत्ति पनि लुकेर बसेका हुन्छन् । यिनै खराब प्रवृत्तिहरूका वशमा परेर पुरुषले स्त्रीप्रति शोषण, दमन र अत्याचार गर्न थालेको हो । आफूमा धैर्य, साहस र शौर्यका बाँध बाँध्न सहयोग गर्ने नारीलाई पुरुषले मनोरञ्जनको साधनका रूपमा लिन थाल्छ । पुरुष आफूलाई सर्वश्रेष्ठ ठान्दछ र नारीलाई तुच्छ ठानी उसप्रति दुराचार र दुर्व्यवहार गर्न कम्मर कस्दछ । स्नेह, सद्भाव र सौहार्दको पथप्रदर्शन गर्ने नारीलाई पुरुषले हिंसा र बलात्कारको सिकार बनाउन थाल्दछ । दुःख, कष्ट, पीडा सहेरै पनि पुरुषका प्रत्येक कदममा साथ दिने नारीको अस्तित्वमाथि नै आँच आउने दुष्कार्य गर्न थालेपछि कवयित्री पारिजात कवितामा पुरुषको अत्याचारमा विद्रोहको शङ्खघोष गर्दछिन् :

म तिम्रो मृतदेहसँग जिउँदै मर्न सक्छु
म तिमीहरूको सामूहिक बलात्कार खपेर बाँच्न पनि सक्छु
तिमीलाई त यसो कहिल्यै भएन
तिमीले रजस्वलाको कष्टप्रद क्षण भोगेका छैनौ
तिमीलाई गर्भधारणको अतिशय पट्यारलाग्दो अवधि थाहा छैन
तिमीलाई प्रसवकालको सीमाहीन कष्ट भोग्नु पर्दैन

(ऐजन पृ. १०५)

मान्छेले कठोर परिश्रम गऱ्यो । ज्ञानविज्ञान, कलासाहित्य, संस्कृति आदि क्षेत्रमा उसले गरेको मेहनत अविस्मरणीय छ । नारी र पुरुषका बीचको सम्बन्ध आपसी स्नेह र विश्वासमा मौलाएको हुन्छ; त्याग र समर्पणमा झाङ्गिएको हुन्छ । त्यस्तो स्वच्छ, पवित्र र निर्मल सम्बन्धलाई वासना र आवेगमा मुछ्नु मूर्खता सिवाय केही होइन; यसलाई दमन र दुराचारले धमिल्याउनु तुच्छताको पराकाष्ठा नै हो । इतिहासको कालखण्डमा नारी लोग्नेको लाससँगै जलेकी छ । उसले रजस्वला, गर्भधारण र प्रसवका असह्य पीडा सहेकी छ । आफ्नै सहकर्मीहरूले उसलाई सामूहिक बलात्कारको सिकार बनाएका छन् । वनमा पात टिप्न जाँदा, दाउरा बटुल्दै गर्दा र गिठ्ठाभ्याकुर खन्दै गर्दा पनि आफ्नो अस्मितामा कालो पोतेर अनि गोली ठोकेर उसले मारिनु परेको छ । नारीले यतिबिघ्न अत्याचार सहिरहँदा पुरुष वर्ग सधैं सत्तारुढ बनेर मनोरञ्जनको अट्टहास बाहेक कुनै संवेदना प्रकट गर्दैन । उसले कहिल्यै नारीझैँ बेचिनु परेको छैन; शोषण र दमनका बुटले कुल्चिनु परेको छैन । सयौं नारीलाई बलात्कार गरे पनि पुरुषको निधार कदापि कालो टीकाले कलङ्कित हुँदैन । त्यसैले कवयित्री लेख्छिन् :

तिमीलाई स्वास्नीमान्छेले बलात्कार गऱ्यो ?
तिमीलाई स्वास्नीमान्छेले कलङ्कको टीका लगाइदियो ?
तिमीलाई स्वास्नी मान्छेले बेच्यो ?

(ऐजन पृ. १०५-६)

मानवसभ्यता यति अघि बढिसक्ता पनि नारीमाथिको दमन र अत्याचारमा अझैं कमी आएको छैन । अहिले पुरुष सत्तारुढ बनेको छ । उसले युगौंदेखि सहयात्रा र सहकार्य गर्दै आएकी नारीको अस्तित्वको अवमूल्यन गरेको छ । त्यसैले नारी आफ्नो सहकर्मी पुरुषलाई अरूको पीडा, वेदना र व्यथाहरू आत्मसात् गर्न आग्रह गर्दछे । नारीले युगौंदेखि पुरुषका पीर, मर्का र अप्ठ्यारा बुझ्दै आएकी हुँदा उसले निष्ठुर बन्नु हुँदैन र सँगसँगै हातेमालो गर्दै अघि बढ्नुपर्छ भन्ने नारीका विचार कवयित्री यसरी व्यक्त गर्दछिन् :

आऊ आज हामी उत्पीडनहरू साटासाट गरौँ
हामी मानसिकताले एकाकार हौँ
म तिम्रो हात दह्रो गरी समाउँछु
तिमी मलाई तिमी पुगेको ठाउँ सम्मै पुऱ्याऊ

(ऐजन पृ. १०६)

वास्तवमा नारीपुरुष दुवै हातेमालो गर्दै अघि बढ्नु आजको आवश्यकता हो । एकले अर्काको दु:ख र संवेदना महसुस गर्नुपर्छ । सामाजिक उन्नतिका लागि कुनै एक वर्गको प्रयास पर्याप्त हुँदैन । यसका लागि एकले अर्काको अस्तित्वलाई आत्मसात् गर्दै कार्यपथमा अघि बढ्नुपर्छ । वर्तमान विश्वलाई समानुपातिक रूपमा अगाडि बढाउने हो भने नारी र पुरुषले सहकार्य गर्नै पर्छ ।

नारी शक्तिकी स्रोत हो, सृजनाकी आधार हो र सभ्यताकी सञ्चालिका हो । पुरुषले गर्ने धेरैजसो काम नारीले गरेकै छन् । गर्भधारण र सन्तानोत्पादनजस्ता जटिल र कठिन कामहरू नारीले गर्दछन् जुन पुरुषहरूले सोच्न समेत सकेका हुँदैनन् । बौद्धिक तथा मानसिक रूपमा नारीहरू पुरुषवर्गका दाँजोमा एक इन्च पनि पछि छैनन् । धैर्य र सहनशीलताका साथै निरन्तर परिश्रम गर्न सक्ने क्षमता पनि पुरुषका तुलनामा महिला पछाडि देखिँदैनन् । यति हुँदाहुँदै पनि इतिहासले नारीको कदापि सम्मान गरेको छैन । नारी समानता र महिला अधिकारका बारेमा जतिसुकै बहस र छलफल भए पनि निष्कर्षहरू कार्यान्वयन भएका छैनन् । नेपाल तथा नेपाली नारीका निम्ति यो एक विडम्बना वा दुर्भाग्य नै हो । कवयित्री पारिजातको **मानुषी** कविताले यही वास्तविकतालाई मूल भावका रूपमा प्रस्तुत गरेको देखिन्छ । कवयित्री पारिजातले यसै मूल भावमा आधारित भई सरल भाषा र सहज एवम् प्रभावकारी शैलीमा यस कविताको संरचना तयार पारेकी छन् । उनको अभिव्यक्तिमा कुनै जटिलता र कृत्रिमता पाइँदैन । धेरैजसो तद्भव शब्द र भावानुरूप केही तत्सम शब्द प्रयोग गरी लेखिएको यो कविता उनका उत्कृष्ट कवितामध्ये एक हो भन्न सकिन्छ ।

## 'मेरो देश' कविताको भाव

'मेरो देश' कविता वि.सं. २०१७ सालमा प्रकाशित 'सङ्गम' पत्रिकामा छापिएको हो । २०२५ सालमा प्रकाशित कवि भूपि शेरचनको 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितासङ्ग्रहमा पनि यो कविता सङ्कलित छ । ससाना १० गुच्छक (अनुच्छेद्) का जम्मा ५३ पङ्क्तिमा लेखिएको यस कवितामा कविले विभिन्न १७ वटा सुन्दर प्राकृतिक विम्बहरूको माध्यमबाट आफ्नो जन्मभूमि नेपालको उत्कृष्ट चिनारी दिएका छन् ।

हिमाल, पहाड र तराई भूबनोट भएको नेपाल राष्ट्रलाई प्राकृतिक सौन्दर्यको भण्डार भने पनि हुन्छ । त्यसैले कवि भूपि शेरचनले यहाँ नेपालको अनुपम सुन्दरताको वर्णन गरेका छन् । नेपालमा हिमाल र जूनको मुस्कान हेर्न पाइन्छ । युवायुवतीका गालामा आरुका फूल फुल्दछन् भने आलुबखडाका हाँगालाई कुखुराका चल्लाहरूले आफ्ना मुलायम प्वाँखहरू राखेका हुन्छन् । धुपीसल्लाका रूखहरूले सम्पत्तिको सपना देखेर परदेसिएका आफन्तका सम्झनामा आँसुका थोपाहरू चुहाउँछन् । यहाँका वनपाखामा मृगशावकका मनोहर नृत्य अवलोकन गर्न पाइन्छ । कविले कवितामा नेपालका नदीनाला, पहरा, छहरा र लहराको सुमधुर गीत गुञ्जाएका छन् । यहाँका वनजङ्गलमा जूनकिरीले ज्योति फैलाउँछन् भने झ्याउँकिरीले गीतमा मिठो सङ्गीत भर्दछन् । नेपालमै मृतसञ्जीवनीजस्ता अनमोल बुटीहरू पाइन्छन् र मन्दपवनमा कस्तूरीको सुवास मगमगाएको हुन्छ । यहाँको प्रकृतिमा सधैँभरि वसन्तको महोत्सव हुन्छ । नेपालीहरूका हृदयमा माया र ममताका शिखरहरू नीलगिरि र धवलागिरि शिखर अग्लिएझैँ अग्लिएका छन् । नेपालीहरूका लागि आफ्नो देश मुटुभन्दा प्यारो छ । उनीहरू भौतिक रूपमा जहाँ रहे बसे पनि र काम विशेषले सुदूर क्षेत्रमा रहनु परे पनि सधैँभरि सपनामा आफ्नो देशकै पवित्र भूमिमा पाइला टेक्न पुगेझैँ हुन्छन् । यसरी कवि शेरचनले यहाँका प्रकृति, हावापानी र माटामा राष्ट्रियताको सुवास रहेको विचार व्यक्त गरेका छन् ।

'मेरो देश' कविताले नेपालको प्राकृतिक परिवेश र नेपालीका हृदयमा रहेको देशभक्तिको भावनालाई नै मूल भाव बनाएको छ । कवितामा कविले प्राकृतिक सौन्दर्यका अनुपम विम्बहरूको माला नै प्रस्तुत गरेका छन् । विविध रङ्गका रङ्गीविरङ्गी फूलहरूको संयोजन गरी तिनीहरूबाट निर्मित माला जसरी सुन्दर, आकर्षक र मनमोहक

बन्दछ । त्यसै गरी कवि शेरचनको यो कविता पनि अतुलनीय तथा अनुपम छ । प्राकृतिक सौन्दर्यको अङ्कनका सन्दर्भमा कविले तिनलाई मानवीकृत गरेका छन् । उनको प्रकृतिचित्रण साह्रै नै मनोहारी छ । कविको संवेदनशीलता, भावुकता र कल्पनाशक्तिको तीव्रताले कविता उत्कृष्ट बन्न पुगेको छ । गद्यकविता भए पनि कविले उपमा र अनुप्रासको सुन्दर प्रयोग गरेका छन् । प्रत्येक विम्बका लागि उनले जहाँ स्थानवाचक अव्ययपदको प्रयोग गरेका छन् । बाह्य रूपमा वर्णित लयको प्रयोग नभए पनि उनले आन्तरिक रूपमा कवितालाई लयात्मक तथा सङ्गीतात्मक बनाएका छन् । सरल तथा सहज भाषिक अभिव्यक्तिले कविताको भाव स्पष्ट र पारदर्शी बन्न पुगेको छ ।

## 'कान्छी, भट्टी र देश' कविताको भाव

यो कविता उत्साह पत्रिकामा २०४५ सालमा प्रकाशित भएको हो । यस कवितामा पञ्चायती शासन व्यवस्थाको अन्त्यतिर नेपाली समाजमा विद्यमान निम्नवर्गीय व्यक्तिको अवस्थालाई स्पष्ट रूपमा चित्रण गरिएको छ । यो कविता विशेष गरी कान्छी भन्ने पात्रविशेष र उसद्वारा सञ्चालित मासु, भात र रक्सीको किनबेच हुने भट्टीको विम्बमा केन्द्रित छ । विवाहित कान्छीको पति सुदूर छाउनीमा बस्छ र युद्धमोर्चामा खट्छ । कान्छी विपन्न आर्थिक अवस्थाले गर्दा आँसुका गहिरा दहमा पौडी खेल्दै भट्टीमा आफ्नो दिनचर्या बिताउँदै छे । स्वदेशका आँगनमा बस्दाबस्दै पनि उसले चैनको सास फेर्न पाएकी छैन । उसका बैंस, इच्छा र चाहनाहरू गण्डकी, कोशी र कर्णालीका छाल र छचल्काहरूजस्तै बगेर गएका छन् । उसका माइती निर्धनी छन् । उसको घर गरिबीले पिल्सिएको छ । त्यसैले उसलाई भट्टीमा भात, मासु र रक्सीका थाल, कचौरा र गिलाससित आफ्नो सौन्दर्यको समेत विज्ञापन गर्नुपर्ने विवशता छ । बाटामा रहेको कान्छीको भट्टीमा स्वदेशी तथा विदेशी ग्राहक (यात्रु) हरूको ओहोरदोहोर भइरहन्छ; किनबेच चलिरहन्छ । कान्छी मनभित्र पीडा, नैराश्य र बाध्यता लुकाएर ग्राहकहरूलाई बाहिरी मुस्कान बाँड्न व्यस्त रहन्छे । उसका मर्म, वेदना, पसिना, आँसु अनि सुस्केराको कहीँ कतैबाट मूल्याङ्कन भएको छैन । गरिबी र आजीविकाका दुःखले उसलाई रातोदिन पिरोलिरहेका छन् । यसरी प्रस्तुत कवितामा कविले खास गरी नेपालका गाउँघरका विवाहिता युवतीले भोग्नुपर्ने दुःखद् दिनचर्याको झलक दिएका छन् ।

यस कवितामा प्रस्तुत कान्छीको विम्बले लक्षणागत रूपमा नेपाल राष्ट्रलाई अभिव्यञ्जित गरेको देखिन्छ । नेपाल राष्ट्र गरिबीको मारमा भट्टीकी कान्छीजस्तै प्रताडित छ । प्राकृतिक रूपमा मुलुकले धेरै सम्पदा प्राप्त गरेको छ । यहाँको प्राकृतिक र भौगर्भिक सौन्दर्य र सम्पदाले पनि नेपालीहरूलाई व्यङ्ग्य गरेझैं लाग्छ । यिनको उपयोग गर्न नसक्नाले नेपाल पछि परेको छ । अनमोल हिमाली एवम् प्राकृतिक सुन्दरता हुँदाहुँदै पनि यहाँ पर्यटकीय गन्तव्यको विकास गर्न सकिएको छैन । यहाँका हिमनदीको अतुल जलराशि पलपल बगेर खेर गएको छ; त्यसको महत्त्व नेपालले बुझ्न सकेको छैन । नेपालीहरू पानी पिउन नपाएर काकाकुलको विवशतामा छटपटाएका छन् । यहाँका उर्वर फाँटहरू सिञ्चाइका अभावमा फुटेर धाँजा परेका छन् । हिमालको काखमा रहेको नेपालले बिजुली बत्ती बाल्न नपाएर अन्धकारमा अन्योलपूर्ण अस्तित्व स्विकार्नु परेकोछ; खाद्यान्न र इन्धनका लागि विदेशीका अगाडि हात फैलाउनु परेको छ । देशको ढुकुटी सीमित मानिसको हातमा छ । समाजमा असमानता, अन्याय र अत्याचार व्याप्त छन् । सामान्य मानिस भट्टी थाप्ने कान्छीकै जस्तो जिन्दगी बाँच्दै आएका छन् । जनचाहना र जनआकाङ्क्षामा डढेलो सल्केको छ । युवाहरू काम र मामको खोजीमा विदेश पलायन भएका छन् । उनीहरू विदेशी मोर्चामा ज्यान जोखिममा राखेर खट्न बाध्य छन् । कतिपय विदेशीका दास र दरवान बनेका छन् । विदेशीको हेला, हाँसो र अपमान सहेर उनीहरू हातमुख जोर्न नतमस्तक छन् । नेपालीका शान, सौकत र वीरता धूलिसात् बनेका छन् । पुर्खाका गौरव र जातीय स्वाभिमान पनि माटामा बिलाएका छन् । विदेशीका अगाडि नेपाल र नेपाली राष्ट्रियता व्यङ्ग्य र उपहासका आदर्श बन्न लागेका छन् ।

यस कविताले नेपालको निम्नवर्गीय यथार्थ अवस्थालाई सजीव र कलात्मक रूपमा उतारेको छ । कविले नेपाल राष्ट्रलाई कान्छीको भट्टीजस्तै देखेका छन् । नेपालका गाउँघर र बस्तीमा शोषणको पराकाष्ठा छ । यहाँका नारीहरू मौलिक अधिकारबाट वञ्चित छन् । नारी समानता र स्वतन्त्रताका कुराहरू नारामा मात्र सीमित छन् । त्यसैले यहाँ रहेको असमानता, वर्गभेद, शोषण र अत्याचारको शृङ्खला अन्त हुनुपर्छ; नारीसमानताका कुरा व्यवहारमा लागू

हुनुपर्छ र समाज रूपान्तरण हुनुपर्छ भन्ने मुख्य भाव कवितामा अभिव्यक्त भएको पाइन्छ । विदेशमा आफ्नो अस्तित्व गुमाइरहेका नेपालीहरू स्वदेश फर्की आफ्नै मुलुकको उन्नतिमा जुट्नुपर्छ । समाजमा युगौंदेखि जरा गाडेर बसेको सामन्तवादको निर्मूल गरी जागृतिको बिगुल फुक्तै नयाँ नेपालको निर्माणमा समस्त नेपाली जुट्नु पर्छ भन्ने आव्हान पनि यस कवितामा पाइन्छ ।

क) तलको कवितांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

जहाँ

हरिया हरिया पहाडका फरिया
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यानो घाममा
हिमालले सधैं ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैं मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ ।

प्रश्नहरू:

अ) यस कवितांशमा कस्तो वातावरणको चित्रण छ ?

आ) 'हरियो फरिया' भनेको के हो र त्यो कसले लगाएको छ ?

इ) 'हिमालले ढाड सेकेको हुन्छ' भन्नुको तात्पर्य के हो ?

ई) मनले सपनामा पाइला टेक्नु भनेको के हो ?

उ) यस कवितांशमा देशभक्तिपूर्ण भाव कसरी अभिव्यक्त भएको छ ?

उत्तर:

(अ) यस कवितांशमा हरियो पहाडमाथि सेतै हिउँ परेको र त्यहाँ झलमल्ल घाम लागेको वातावरणको चित्रण छ ।

(आ) 'हरियो फरिया' भनेको हिमाली प्रदेशभन्दा केही तलको पहाडी भूभाग हो र त्यो फरिया हिमालरूपकी नारीले लगाएकी छ ।

(इ) 'हिमालले ढाड सेकेको हुन्छ' भन्नुको तात्पर्य संसारकै अग्लो हिमालमा सूर्यका किरणहरू सधैं परिरहेका हुन्छन् भनिएको हो ।

(ई) 'मनले सपनामा पाइला टेक्नु' भनेको आफ्नो परिस्थितिले विदेशमा बस्नु परे पनि सपनामा सधैं मातृभूमिलाई देखिन्छ र उनको याद आइरहन्छ भनेको हो ।

(उ) यस कवितांशमा नेपालको हिमाली प्रदेशको सुन्दर विम्ब प्रयोग गरी आफ्नो देशप्रति भक्तिभाव अभिव्यक्त गरिएको छ ।

## अभ्यास सामग्री

क) तलको कवितांश पढी सोधिएको प्रश्नहरूको उत्तर दिनुहोस् :

जहाँ
हिउँ परेको रातमा
जून, धरतीलाई भेट्न
हिमकणहरूको साथमा
मुस्कुराउँदै ओह्रालो झर्छ,
र धरतीलाई सर्वाङ्ग हाँसेको पाएर
झन् बढी मुस्कुराएर

आकाशमा फर्कने गर्छ ।

प्रश्नहरू:

१) यो भनाइ कसको हो ?

२) हिउँ परेको रातमा जून धर्तीलाई भेट्न आउँछ भन्नुको तात्पर्य के हो ?

३) धरती सर्वाङ्ग हाँस्नुको कारण के हो ?

४) हाँसो बढाएर जून कता जान्छ ?

५) कवितांशमा भनिएको मुख्य भाव के हो ?

ख) तलको कवितांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।

म तिम्रो मृतदेहसँग जीउँदै मर्न सक्छु
म तिमीहरूको सामुहिक बलत्कार खपेर बाँच्न सक्छु
तिमीलाई त यसो कहिल्यै भएन,
तिमीले रजस्वलाको कष्टप्रद क्षण कहिल्यै भोगेका छैनौ
तिमीलाई आफ्नो अस्मिताको जोखिम उठाउनु पर्दैन
तिमीलाई गर्भधारणको अतिशय पट्यार लाग्दो अवधि थाहा छैन
तिमीलाई प्रसवकालको सीमातीत कष्ट भोग्न पर्दैन ।

**प्रश्नहरू**

१) यस कवितांशमा कुन कुरालाई विषय बनाएको छ ?

२) नारीले गर्न सक्ने र पुरुषले गर्न नसक्ने कुरा के हुन ?

३) तिमीलाई अस्मिताको जोखिम उठाउन पर्दैन भन्नुको तात्पर्य के हो ?

४) नारीमात्रले भोग्नु पर्ने कुराहरू केके हुन् ?

५) यस कविताको सारभूत कुरा के हो ?

ग) तलको कवितांश पढी सोधिएको प्रश्नहरूको एक दुई वाक्यमा उत्तर दिनुहोस् :

आकाश छुने टाकुरा हाम्रो भेटेर भेटिन्न
पौरखी हाम्रा पुर्खाको पाइला मेटेर मेटिन्न
बिम्झौँला कहाँ, पूर्वको पैलो उज्यालै नरहे
नेपाली हामी रहौँला कहाँ नेपालै नरहे

प्रश्नहरू :

१) आकाश छुने टाकुरा भेटेर भेटिन्न भन्नुको तात्पर्य के हो ?

२) पूर्वको उज्यालोले कुन कुराको बोध गराउँछ ?

३) पुर्खाको पाइला मेटेर मेटिन्न भन्नुको अर्थ के हो ?

४) के नेपाल नरहे नेपालीहरू बाँच्न सक्दैनन् ?

५) माथिको कवितांशको मूल आशय के हो ?

घ) तलको कवितांश पढी सोधिएका प्रश्नको एकदुई वाक्यमा उत्तर  दिनुहोस् :

हर्कबहादुर भोक हो
भोकको देश र भेष पनि हुँदैन
भोकको पराई र आफन्त पनि हुँदैन
हर्कबहादुर ठेस हो
पीडा आकारमा आवद्ध हुँदैन
पीडाको साँध सिमाना र घरबार पनि हुँदैन
म साँच्चै भन्छु
भोक यदि देश हो भने

हर्कबहादुरभन्दा सुकिलो अर्को देश हुनै सक्दैन
शोक यदि देश हो भने
हर्कबहादुरभन्दा ठूलो अर्को देश हुनै सक्दैन

प्रश्नहरू:

क) कुन कुराको देश र भेष हुँदैन ?

ख) हर्कबहादुरलाई किन 'ठेस' भनिएको हो ?

ग) 'पीडाको साँध सिमाना र घरबार हुँदैन' भन्नुको तात्पर्य के हो ?

घ) यस कवितांशमा हर्क बहादुरको कुन अवस्थाको चित्रण गरिएको छ ?

ङ) यस कवितांशमा भन्न खोजिएको मुख्य कुरा के हो ?

ङ) तलको कवितांश पढी सोधिएको प्रश्नहरूको उत्तर दिनुहोस् :

नेपाली हामी रहौँला कहाँ नेपालै नरहे
उचाइ हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे ।

तराई हाम्रो सुनको टुक्रा हिमाल हीराको
माटो र पानी पहिलो धन धर्तीका छोराको
ए कहाँबाट हेरौँला संसार सन्झ्यालै नरहे
नेपाली हामी रहौँला कहाँ नेपालै नरहे ।

प्रश्नहरू:

१) नेपाल र हिमाललाई किन एकअर्काका पूरक मानिएको हो ?

२) के हिमालविना नेपालीको उचाइ चुलिँदैन ?

३) तपाईंलाई सुन र हिमाललाई हीरासँग तुलना गर्नुको कारण के हो ?

४) धर्तीका छोराको पहिलो धन के हो ? र किन ?

५) माथिका कवितांशको मूल भाव लेख्नुहोस् ।

## 'छिमेकी' कथाको कथासार

'छिमेकी' कथा गुरूप्रसाद मैनालीको उत्कृष्ट रचना हो । वि.स. १९९३ सालको 'शारदा' पत्रिकामा सर्वप्रथम छापिएको यो कथा मैनालीको एक मात्र कथासङग्रह 'नासो' (२०२०) मा पनि सङ्कलित छ । ३ अङ्कमा लेखिएको यस कथाले छिमेकमा बसेपछि सानोतिनो झगडा भए पनि बिर्सेर एकले अर्कालाई सहयोग गरी मिलेर बस्नुपर्छ भन्ने सन्देश दिएको छ । यस कथाको सङ्क्षिप्त कथासार यस प्रकार छ :

असारको बेला हुन्छ । ज्यामिरे बैँसीमा धान रोपाइँ भइरहेको हुन्छ । असारका दिन मध्यान्हका समयमा घाम निकै चर्केका हुन्छन् । किसानहरू रोपाइँको मेलो छोडी चौतारामा सियाल ताप्दै हुन्छन् । यस्तैमा गुमानेका गोरूले धनजितेको रोप्ने बेला भएको धानको बियाड खाइदिन्छन् । धनजितेले बियाडबाट गोरूलाई पिट्दै फर्काउँछ । असारमा जोत्ने गोरूलाई निर्दयतापूर्वक पिटेको देख्दा गुमानेलाई पनि रिस उठ्छ । धर्मानन्द पाध्येको उक्साहटमा परेर दुवै जनामा बाझाबाझ र पिटापिट हुन्छ । गुमानेले धनजितेलाई पहिले हात छाडेपछि धनजितेले गुमानेलाई पानी बगिरहेको कुलामा पछार्छ । दिनभरि बाझाबाझ भएपछि गुमाने र धनजितेको बीचमा बोलचाल नै बन्द हुन्छ । दुवै जना एक अर्कालाई शत्रु जस्तै ठानी रिसारिस गर्छन् । भदौ महिनामा गाउँमा आँठे रोग फैलिन्छ । गुमानेकी जहानलाई पनि यसले समात्छ । उसले जान्ने बसाउँछ तर छिमेकी धनजिते उसको घरमा आउँदैन । गुमानेकी स्वास्नी आँठे रोगबाट बल्लतल्ल बाँच्छे । केही दिनपछि धनजिते र उसकी स्वास्नीलाई पनि आँठे रोग सर्छ । यसबाट उनीहरू दुवैजना निस्लोट बन्छन् । घरमा पानी तताएर दिनेसम्म कोही हुँदैन । गाईबस्तु किलाको किलै हुन्छन् । गुमानेले एकदुई दिन वास्ता गर्दैन तर पछि ऊ आफ्नो छिमेकी धनजितेको बिजोग हेरेर बस्न सक्दैन । गुमाने धनजितेका घरमा जान्छ । बेहोस भएर लडेका धनजितेका लोग्नेस्वास्नीको स्याहारसुसार गर्छ । उसले गाईबस्तुको हेरचाह गर्छ । धनजितेको घरव्यवहार बिग्रन नदिई गुमाने उसकै घरमा बसिरहन्छ । यस्तैमा आशामरु साहू पसलको सामान सहरबाट ल्याउनका लागि गुमानेलाई बोलाउन आउँछ । गुमाने आफ्नो छिमेकी धनजितेलाई बिरामी अवस्थामा छोडेर सहर जाँदैन । पाँच दिनपछि बल्ल धनजितेको होस खुल्छ । आफूले गुमानेप्रति पहिले गरेको दुर्व्यवहार सम्झेर धनजितेलाई निकै पछुतो हुन्छ । त्यसपछि दुवै मिलेर बस्दछन् ।

## 'मधुमालतीको कथा' कथाको कथासार

रमेश विकलको 'मधुमालतीको कथा' २०१६ सालमा प्रकाशित 'बिरानो देशमा' कथासङ्ग्रहमा सर्वप्रथम प्रकाशित भएको हो । मधुमालतीको कथा लोककथाको पृष्ठभूमिमा लेखिएको छ । यस कथामा वर्गद्वन्द्वको स्थितिलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । सामन्ती संस्कारको विरोध गर्दै लेखकले यहाँ आफूलाई आर्थिक समानताको पक्षमा उभ्याएका छन् । कथाकारले सम्पन्नवर्गका व्यक्तिले विपन्न वा गरिबवर्गप्रति गर्ने हेला, अपमान र तिरस्कारप्रति व्यङ्गय गरेका छन् । यसै गरी कथाकारले यस कथामा बालबालिकाको मनोविज्ञानलाई रोचकतापूर्वक विश्लेषण गरेका छन् । यस कथाको सङ्क्षिप्त कथासार यस प्रकार छ :

'मधुमालतीको कथा' का प्रमुख दुई पात्र शङ्कर र गौरी हुन् । उनीहरूका अभिभावक दुई छिमेकीजस्तै छन् । शङ्करका आमाबाबु गरिब छन् । उनीहरूलाई आफ्नो घरव्यवहार चलाउन र हातमुख जोड्न पनि धौधौ हुन्छ । गौरीका आमाबाबु चाहिँ सम्पन्न वर्गका हुन् । अग्लो घर र मोटरसमेत भएका उनीहरूसित धनसम्पत्तिको कुनै कमी छैन । शङ्कर र गौरी प्राय: सधैँजसो सँगै खेल्छन् । उनीहरू एक अर्कालाई खुबै मन पराउँछन् । शङ्करकी आमाले घरमा 'मधुमालतीको कथा' लोककथा सुनाउनुहुन्छ । उनीहरू दुवैजना यो कथा ध्यानपूर्वक सुन्छन् । बालक शङ्करको मनमा आमाले सुनाएको लोककथाको गम्भीर प्रभाव पर्दछ । ऊ आफूलाई कथाको नायक मधुकर र गौरीलाई कथाकी नायिका मालतीझैं कल्पना गर्न थाल्छ । लोककथाको नायक मधुकरले नायिका मालतीलाई वायुपङ्खी घोडामा चढाएर आकाशमा घुमाएझैँ आफ्नी बालसँगी गौरीलाई पनि घोडामा चढाएर आकाशको सयर गराउन चाहन्छ । मालती

टाढा भएको बेला मधुकरले मुरली बजाएर उसलाई नजिक बोलाएझैँ  शङ्कर पनि गौरी टाढा भएको बेलामा मुरली बजाएर उसलाई नजिकै बोलाउन चाहन्छ । त्यसैले शङ्करले आमासँग जिद्दी गरेरै पनि घोडा र मुरली ल्याइदिन आग्रह गर्दछ । गौरीकी फुपूदिदी र आमाबुवालाई शङ्करसँग गौरीले खेलेका पटक्कै मन पर्दैन । उनीहरू आफूले सकेसम्म ती दुई केटाकेटीलाई सँगै खेल्न पनि दिँदैनन् । गौरीकी फुपूदिदीले त उनीहरू (विशेष गरी शङ्कर) प्रति साह्रै क्रूर व्यवहार गर्दछिन् । उनले शङ्करलाई गौरीको साइकलबाट खसालिदिएर गाली गर्दै यस्ताको सङ्गत गर्नु नहुने बताउँछिन् । लोककथामा राक्षस्नीलाई मधुकरले समुद्रमा खसालेझैँ शङ्करले गौरीकी फुपूदिदीलाई राक्षस्नीजस्तै बनाइदिने कल्पना गर्दछन् तर यसो हुन सक्तैन । यसै बीचमा शङ्कर बिरामी पर्छ । निकै दिनसम्म गौरी र शङ्करको भेट हुँदैन । बिरामीबाट उठे पछि ऊ गौरीलाई आफ्नो (प्लास्टिकको) घोडा देखाउन  जान्छ । गौरीको घरमा त्यसै दिन उसलाई त्यहाँबाट अन्यत्र (अर्कै सहरको घरमा) लैजाने तयारी गरिएको हुन्छ । घरभित्र पस्न नपाएकाले शङ्कर बाहिरै बस्छ । गौरी भित्रबाट मोटरमा बाहिर निस्कँदा उसले (गौरीले) झ्यालबाट यहाँ तिम्रो सङ्गतले आफू बिग्रने भएकाले अर्को घर जान लागेका बताउँछे । शङ्कर आफूले ल्याएको घोडा गौरीलाई देखाउन नजिकै पुग्दछ । उसलाई पछाडिबाट कसैले धकेलिदिएजस्तो लाग्छ । ऊ अलि पर पुगेर पछारिन्छ । उसले ल्याएको घोडा पनि १० हात जति पर पछारिन्छ । मोटर गुडेर गई त्यसको पाङ्ग्राले घोडा किचिमिची पारिदिन्छ । यत्तिकैमा कथा टुङ्गिन्छ ।

## 'रातभरि हुरी चल्यो' कथाको कथासार

इन्द्रबहादुर राईको 'रातभरि हुरी चल्यो' कथा उनको कथायात्राको प्रथम पाइलो हो । वि.सं.२०१६ सालको 'साहित्यसङ्गम' पत्रिकामा प्रकाशित यो कथा कथाकार राईको पहिलो कथाकृति हो । पछि 'विपना कतिपय' कथासङ्ग्रहमा पनि यो कथा छापिएको देखिन्छ । यस कथामा कथाकार राईले दार्जिलिङको निम्नवर्गीय समाजलाई यथार्थरूपमा चित्रण गरेका  छन् । यस कथाको सङ्क्षिप्त कथासार यस प्रकार छ :

कालेकी आमाको परिवार दार्जिलिङको पहाडी बस्तीमा बस्छ । त्यहाँ उनीहरूको टिनका ससाना पाताले छाएको घर र गोठ छ । बारीमा मकै, भटमास, काँक्रो, फर्सी आदि बाली रोप्ने र गाईबस्तु पालेर दूध बेची जीवन धान्ने कालेका आमाबाबुको जीवनयात्रा दु:खसुख चलेकै छ । वर्षायाममा लगातार एक हप्तादेखि हुरीबताससँगसँगै मुसलधारे पानी पर्नाले उनीहरूको निकै बिचल्ली हुन्छ । टिनका टुक्राका बीचबीचबाट पानी पनि चुहिन्छ । घरभित्र जताततै पानी नै पानी हुन्छ । हुरीले घरगोठ पनि भत्काउला जस्तै गर्दछ । उनीहरू राति टर्च लाइटको पिलपिले उज्यालोमा घर र गोठको छानामा चढेर टिनका पातालाई ढुङ्गाले थिच्दछन् । आफू सुत्ने कटेराको धुरीको बलोमा हावाले नउडाओस् भनी मोटो डोरीले बाँधेर भुइँमा जाँताले थिच्दछन् । पहिले भारतीय प्रहरीमा कार्यरत कालेको बाबु आफ्नी श्रीमतीको विचारअनुसार जागिर छोडेर खेती गर्नाले यसरी दु:ख भोग्नुपर्‍यो भनेर स्वास्नीसँग रिसाउँछ । ऊ फिक्का चिया खाँदै रात  बिताउँछ । बिहान भएपछि कालेकी आमा गाईको दूध दुहेर बजारतिर पुर्‍याउन जान्छे । राति कालेको बाबुले उसलाई गाली गरेकोमा उसको चित्त दु:खेको छ । उसले अब घरबारी, गाई, बाच्छा बाच्छी सबै बेचेर बजारतिरै सानोतिनो तरकारी पसल राख्ने विचार गर्दछे । ऊ दूध दिने ठाउँमा आफ्नो लागि मिल्दो डेरा पनि खोज्दै जान्छे । दूध पुर्‍याउँदै जाँदा ऊ बी.बी. गुरुङकहाँ पुग्दछे । त्यहाँ मान्छेको भीड लागेको हुन्छ । बी.बी. गुरुङकी श्रीमती निकै मोटी थिई । ऊ एउटा बिरालो काखी च्यापेर हिँड्ने गर्थी । राति पानीबतास आएको बेला आफ्नो प्यारो बिरालो बाहिर भिज्यो र अलपत्र पर्‍योहोला भनी खोज्न बाहिर निस्कँदा चिप्लेर लडिछ । रातिदेखि नै बेहोस भएकी उसको कालेकी आमा पुग्दा मृत्यु नै भइसकेको रहेछ । पक्की घरमा बस्ने बी.बी. गुरुङकी श्रीमतीको मृत्यु भएको कुराबाट कालेकी आमाको विचार अचानक परिवर्तन हुन्छ । उसले आपत्‌विपत् र सङ्कट जहाँ पनि पर्ने रहेछन् भन्ने वास्तविकता थाहा पाउँछे । अब ऊ आफ्नो जग्गा जमीन बेच्ने र तरकारी पसल चलाउने विचार पनि बदल्छे । ऊ आफ्नो खेती र पशुपालनलाई नै निरन्तरता दिने निर्णयमा पुग्दछे । यतिकैमा कथा पनि समाप्त हुन्छ ।

## 'शत्रु' कथाको कथासार

शत्रु कथामा एक जना ४५ वर्षीय कृष्ण रायको मुख्य भूमिका देखिन्छ । धन, यश र सम्मानको सुख भएका कृष्ण राय समाजका प्रतिष्ठित व्यक्ति हुन् । उनी आफूलाई अजात शत्रु सम्झन्छन् । उनी प्राय: घरबाट बाहिर निस्कँदैनन् । उनी घरबाट बाहिर निस्कँदा गाउँमा कि कतै झगडा भएको हुन्छ कि कसैको मृत्यु भएको हुन सक्छ । आफ्ना सन्तान नभएकाले उनले आफ्नै भतिजालाई पालित पुत्रका रूपमा राखेका थिए । यस्तैमा एक रात खाई पिई सुत्न लागेका बेलामा कृष्ण राय माथि अकस्मात् लठ्ठी प्रहार हुन्छ । उनैलाई लक्ष्य गरेर हानेको भए पनि उनी त्यस प्रहारबाट जोगिन्छन् । आफूले कसैको केही नबिगारेको र आफ्ना कोही शत्रु छैनन् भन्ठान्ने कृष्ण रायलाई आफूलाई कसले लठ्ठी हान्यो होला ? भनेर मनमा खुल्दुली चल्छ । उनी आफूलाई प्रहार गर्ने सम्भावित व्यक्तिहरूका बारेमा सोच्न थाल्छन् । प्रथमत: उनको मानसिकतामा आज बिहानै काम बिगार्ने रामे भन्ने नोकरको चित्र आउँछ । काम बिगारेर गाली गर्दा रातो मुख पार्ने त्यस नोकरले बदला लिन नै लठ्ठी हान्यो कि भन्ने शङ्का उनी गर्दछन् । त्यसको केही क्षणपछि आफ्नो हिसाबकिताबको काम गर्ने बलभद्र भन्ने व्यक्ति उनको शङ्काको घेरामा आउँछ । उसलाई केही दिन अघि कृष्ण रायले कामको हिसाब गोलमाल पारेकामा गाली गरेर लज्जित तुल्याएका थिए । बलभद्रपछि कृष्ण रायको शङ्कामा काम खोज्न उनीकहाँ आएको केदार भन्ने युवक पर्दछ । गाउँबाट काम खोज्न आएको त्यस युवकलाई उनले उपदेश दिएर पठाएका थिए । त्यसै गरी गाउँका गोविन्द पण्डित र गोरे जमादारको खेतको झगडामा कृष्ण रायले गोरेको पक्षमा न्याय दिएकाले गोविन्द पण्डित पनि उनीसँग चिढिएको थियो । यसै क्रममा उनले रेलमा झगडा गर्ने मानिस; हाटमा आफूसित ठक्कर लागी लडेको व्यक्ति; आफ्नो घरमा काम गरेर निस्केका नोकरहरूका अतिरिक्त आफैँले पालेको पोष्यपुत्रले सम्पत्तिको मालिक बन्ने लोभमा लठ्ठी प्रहारमा अग्रसर बनेको आशङ्का गरे । भोलिपल्ट बिहानै उनको घरमा छानविनका लागि प्रहरी आइपुग्छ । प्रहरीले उनलाई लठ्ठी प्रहार गर्न सक्ने व्यक्तिका बारेमा सोद्धछ । उनले प्रहरीलाई रामे नोकर, बलभद्रदेखि आफ्नै पोष्यपुत्रको समेत नाम दिन्छन् । यसबाट कृष्ण राय संसारमा कुनै पनि व्यक्ति अजात शत्रु नहुने रहेछ; सानोतिनो कुराबाट नै मानिसले शत्रुता आर्जन गर्ने रहेछ भन्ने निष्कर्षमा पुग्दा कथा समाप्त हुन्छ ।

## 'हारजित' कथाको कथासार

२०१५ सालमा रचिएको भवानी भिक्षु (१९६६-२०३८) को 'हारजित' कथा वि.सं. २०१७ सालमा प्रकाशित उनको 'मैयासाहेब' कथासङ्ग्रहमा सङ्कलित छ । कपिलवस्तु जिल्लाको गोटिहवा भन्ने गाउँको सामाजिक परिवेशमा रचिएको यस कथामा त्यस गाउँका दुई प्रतिष्ठित व्यक्ति घुरहु महतो र मनोहर महतोको अहम्को मनोवैज्ञानिक द्वन्द्व देखाइएको छ । यस कथाको सङक्षिप्त कथासार यसप्रकार छ;

गोटिहवा गाउँमा घुरहु महतो र मनोहर महतोको आआफ्नै किसिमको सामाजिक प्रतिष्ठा र इज्जत छ । त्यसै गाउँको निम्नवर्गीय किसान अलगुवाकी बुहारी सोनवा आफ्नो लोग्नेको पिटाइ सहन नसकेपछि गाउँका धनी व्यक्ति मनोहर महतोकहाँ शरण लिन पुग्दछे । आफ्नो छोराको दुर्व्यवहारले बुहारी घरबाट निस्कँदा एकातिर घरव्यवहार लथालिङ्ग हुन पुग्दछ भने गाउँमा आफ्नै घरपरिवारका बारेमा भए नभएका कुराहरू चल्दा अलगुवा निकै चिन्तित हुन्छ । ऊ गाउँका न्यायाधीश सरहका व्यक्ति घुरहु महतोकहाँ गई आफ्नो समस्या सुल्झाइदिनका लागि सविनय अनुरोध गर्दछ । गाउँमा अचानक देखापेरको सोनवासम्बन्धी समस्या समाधान गर्न उतराहेका घरमा होरहा (पोलेको हरियो चना) खाने निहुँमा गाउँका भलाद्मीहरूको बैठक बस्दछ । सोनवालाई मनोहरको घरबाट फिर्ता गराउने विषयमा सबैले आआफ्नो विचार राख्छन् तर मनोहरले चाहिँ धान काट्ने काम जिम्मा लिएर बसेकी सोनवालाई काम नसकी फिर्ता गर्न नमिल्ने कुरामा अड्डी लिन्छन् । खेतीको समयमा एक घरमा कामको जिम्मा लिएको खेतालाले काम नसकी अर्कातिर लाग्न नपाइने सामाजिक नियमको आडमा मनोहरले सोनवालाई तुरुन्त घर फर्काउन नमिल्ने तर्क अघि सार्छन् । सोनवाले खेतालाको सट्टा अर्को खेताला ल्याएको अवस्थामा मात्र उसलाई छोड्न सक्ने उसको भनाइ थियो । घुरहु लगायत गाउँका अन्य भलाद्मीहरूले चाहिँ सोनवा मजदुर (खेताल्नी) नभई गाउँकी बुहारी

भएकीले उसलाई फिर्ता पठाइदिनु पर्ने राय व्यक्त गर्दछन् । मनोहरले अरू कसैको कुरा नसुनेर आफ्नै विचारमा अडान लिएपछि घुरहुले आफ्नी भर्खरै विवाह भएकी छोरी रतियालाई मनोहरको घरमा बसेकी सोनवाका सट्टामा राखी सोनवालाई घर फर्काएर अलगुवाको समस्या समाधान गर्न सकेकोमा सन्तुष्टि र विजयको महसुस गर्दछन् । यसको केही दिनपछि नै रतियाका ससुरा बुहारी लिन गोटिहवा आइपुग्छन् । मनोहरले घुरहुकी छोरी रतियालाई आफ्नै छोरीसरह बिदाइ गर्दछन् । उनी सम्धीसँग खातिर गरी रतियालाई कोसेलीपातको व्यवस्था गरी डोलीमा चढाएर गाउँको सिमानासम्म पु¥याउनसमेत जान्छन् । घुरहु महतोलाई यस विषयको सुइँको समेत दिइँदैन । यस घटनाबाट मनोहर महतो घुरहुसँगको प्रतिस्पर्धामा आफू विजयी भएको महसुस गर्दछन् । यसै अवस्थामा पुरगेर कथा समाप्त हुन्छ ।

## नमुना प्रश्नोत्तर

ख) तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

के रूपैयाँको लोभ देखाउँछौं साहु । गरिब छु निमेकमुजुरीले छाक टार्नुपर्छ तापनि पैसाको निम्ति आत्मा बेच्ने त्यति सानो निच भएको छैन । छिमेकीलाई “जिउँदाको जन्ती मर्दाका मलामी” भन्छन् । यस्तो बेलामा चटक्क छाडेर भारी खेप्न हिँडे मर्दैन ? तिमी त ठमठम्ती छौ र रूपियाँको धाक देखाउँछौ, धनजितेको झैँ चार दिन अन्न पानी भएर लड्नु परे थाहा पाउने थियौ ।”

प्रश्नहरू :

अ) यो भनाइ कसको हो ?

आ) यस उद्धरणको सन्दर्भ के हो ?

इ) ‘पैसाका निम्ति आत्मा बेच्ने त्यतिसारो निच भएको छैन’ भन्नुको तात्पर्य के हो ?

ई) “अन्न न पानी भएर लड्नु परे थाहा पाउने थियौ” भनेर के कुरा थाहा दिन खोजिएको छ ?

उ) यस अनुच्छेदमा छिमेकीमा हुनुपर्ने के कस्ता गुण देखाइएका छन् ?

उत्तर:

(अ) यो भनाइ गुरूप्रसाद मैनालीको ‘छिमेकी’ कथाको प्रमुख पात्र गुमानेको हो ।

(आ) धनजितेका जोईपोइ आँठे रोगले थला परेपछि गुमाने उनीहरूको सेवा गरेर बस्छ । यसै बेला गुमानेलाई आशामरु साहुले पसलको सामान ल्याइदिए दिनको एक रूपैयाँ ज्याला दिने प्रलोभन दिई भारी बोक्न आग्रह गरेको सन्दर्भमा यो भनाइ आएको हो ।

(इ) ‘पैसाको निम्ति आत्मा बेच्ने त्यतिसारो निच भएको छैन’ भन्नुको तात्पर्य ‘छिमेकीलाई अप्ठ्यारो परेको बेलामा अरूले धेरै दिने प्रलोभनमा पर्नु तुच्छ प्रवृत्ति हो’ भन्ने हो ।

(ई) ‘अन्न र पानी भएर लड्नु परे थाहा पाउने थियौ’ भनेर ‘धनीलाई गरिबका पीडा थाहा हुँदैन, रोगले धेरै दिन थलिँदा धेरै कष्ट भोग्नुपर्छ’ भन्ने कुरा थाहा दिन खोजिएको हो ।

(उ) यस अनुच्छेदमा छिमेकीमा सहयोगी भावना, मिलनसारिता, सहनशीलता जस्ता गुणहरू हुनुपर्ने बताइएको छ ।

## अभ्यास सामग्री

क) तलको कथांश पढी सोधिएको प्रश्नहरूको उत्तर दिनुहोस् :

“यस्तै हो, मैले पनि सहेर बसिदिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छोड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसका आत्माले पनि कर लाउँछ। अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेको छौ । माटाको भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको  छ ।”

प्रश्नहरू:

१) यो भनाइ कसको हो ?

२) झगडाको कारण के हुनसक्छ ?

३) झगडा भो भन्दैमा धर्म छाड्नुहुन्न भन्नुको अर्थ के हो ?

४) संसार भरैभरमा अडेको छ भन्नुको तात्पर्य खुलाउनुहोस् ?

५) माथिको गद्यांशको मूल भाव लेख्नुहोस् ।

ख) तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

घटनालाई बिर्सने प्रयत्न गर्दै कृष्ण राय निदाउने निहुँले बिछ्यौनामा बुङ्ग लडे । शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ । दुनियाँमा कोही पनि मित्र हुँदैन, सबै शत्रु, सबै बैरी नै हुन्छन् । कसैले भन्छ, अकारण नै कोही शत्रु हुँदैन, माने अकारण कोही कसैको शत्रु हुँदैन, तर झगडाको निहुँ कति सजिलै पाइन्छ, कृष्ण रायले धेरैसँग सङ्गत गरेनन् तर जतिसँग गरे सबैलाई तिनीसँग बाप बैरी साँध्ने कुनै न कुनै निहुँ दिए । कस्तो अचम्म ; निर्दोष कुरामा पनि विषालु साप जस्तो बैरी बनाउने साधन लुकिरहेको हुन्छ ।

प्रश्नहरू:

१) शत्रुताको सम्बन्ध कस्तो हुन्छ ?

२) झगडाको निहुँ सजिलै पाइन्छ भन्नुको अर्थ के हो ?

३) अजात शत्रु ठान्ने कृष्ण रायले अन्त्यमा किन सबैलाई शत्रु देखे ?

४) निर्देष कुरामा पनि शत्रु लुकिरहेको भान कृष्ण रायलाई किन भयो ?

५) माथिको कथांशका आधारमा कृष्ण रायको चरित्र केलाउनुहोस् ।

## 'आइमाई साथी' निबन्धको भाव

आइमाई शब्दका नारी, महिला, स्त्री आदि पर्यायवाची शब्द हुन्छन् । नारी वास्तवमा सृजनाकी आधार र सृष्टिकी सञ्चालिका हुन् । भनिन्छ प्रत्येक पुरुषको उन्नति वा प्रगतिको पृष्ठभूमिमा कतै न कतै नारीकै हात रहेको हुन्छ । त्यसैले होला महामनीषी मनुले नारीको महानतालाई बुझेर नै जहाँ नारीको पूजा (सम्मान वा इज्जत) हुन्छ त्यहाँ देवता पनि खुसी हुन्छन् भनेका थिए । नेपोलियन बोनापार्टले पनि नारी वा असल आमाको गौरव गरिमाको प्रसंशा गर्दै मलाई असल आमा देऊ म तिमीलाई सुन्दर राष्ट्र दिन्छु भनेका हुन् । एउटी शिक्षित, सुशील र सुसंस्कृत नारीबाट देश वा समाजले धेरै आशा राखेको हुन्छ । उनको ज्ञान, सीप, लगन र चिन्तनबाट नै देशको विकासका राजमार्ग चौडा हुन्छन्, शिक्षामा उज्याला किरणहरू फैलिन्छन् र समग्र विश्वमा नै प्रगतिका रेखाहरू कोरिन्छन् । त्यसैले महिला र पुरुष, छोरा र छोरीमा भेदभाव गरी कसैलाई काखा र कसैलाई पाखा गर्ने सङ्कीर्ण सोचाइप्रति शालीन व्यङ्गय गर्दै नारी समानता र स्वतन्त्रतालाई मूल विषयवस्तुको रूपमा लिई श्यामप्रसाद शर्मा विचारोत्तेजक निबन्ध लेख्छन्- 'आइमाई साथी' ।

'आइमाई साथी' निबन्धमा निबन्धकारले सामाजिक विकासमा महिलावर्गको समान दायित्व हुनुपर्छ भन्ने धारणा अभिव्यक्त गरेका छन् । आधाआकाश ओगट्ने नेपाली महिलाहरू आज राष्ट्रनिर्माण गर्ने आफ्नो कर्म क्षेत्रबाट धेरै टाढा रहेका छन् । आफ्ना सीप, गुण र कलाको उपयोगबाट सिङ्गो राष्ट्रलाई प्रगतिको मार्गमा अग्रसर गराउनु पर्ने बेलामा उनीहरू घाँस दाउरा, पानीपधँरा, घर व्यवहार र चुलाचौकामा नै सीमित रहनु राष्ट्रकै दुर्भाग्य हो । नेपालमा यस्तो स्थिति सृजना हुनुमा अशिक्षा, परम्परागत अन्धधारणा र नारी र पुरुषका बीचको भेदभावपूर्ण सोचाइलाई निबन्धकारले मूल कारणका रूपमा अघि सारेका छन् । हाम्रो समाजले नारी र पुरुषका बीचमा मैत्री कायम भएको तथा उनीहरू सँगसँगै हिँडडुल र घुमफिर गरेको पनि देख्न सक्तैन । लेखकका विचारमा नेपालमा नारी समानता र स्वतन्त्रताका विषयमा धेरै कुराहरू हुन्छन् । पाँचतारे भव्य होटलमा गोष्ठी र सेमिनारको आयोजना गरिन्छ । आयोगहरू गठन गरिन्छन् र मोटा ठेलीमा प्रतिवेदनहरू पनि तयार गरिन्छन् । पुस्तक प्रकाशन हुन्छन् र चर्का भाषण र वक्तव्य पनि प्रसारित हुन्छन् । तर यहाँ ती सबै कार्यक्रमहरू हात्तीका देखाओटी दाँतजस्तै आदर्श एवम् कागजी घोडा मात्र बन्न पुगेका छन् । तिनको कार्यान्वयन पक्ष चाहिँ साह्रै नै शिथिल र कमजोर छ । नेपालीहरूको भनाइ र गराइमा कहिल्यै सामञ्जस्य हुँदैन । लेखकले ठूला विद्वान् र नारी स्वतन्त्रताका व्याख्याता जस्ता व्यक्तिले पनि घरमा आएका पाहुनासँग आफ्नो घरका महिला सदस्यको चिनजान गराउँदैनन् । उनीहरूलाई सामाजिक कार्यक्रममा सहभागी गराउँदैनन् र आफ्ना शिक्षित छोरीहरूलाई उनीहरूका नाममा आएका चिठीपत्र खोलेर हेर्ने अधिकारसम्म दिँदैनन् भनी नेपालीका सङ्कीर्ण सोचाइ र क्रियाकलापप्रति व्यङ्गय गरेका छन् । नेपाली समाजले नारी र पुरुषका बीचमा आपसी मैत्री भाव र विश्वसनीयताभन्दा शङ्का, उपशङ्का र आशङ्काका दृष्टिबाट हेर्ने गर्दछ । त्यसै हुनाले सँगसँगै हिँडेका महिला र पुरुषका बीचमा चिनापर्ची नहुनु उनीहरूले बोलचाल र भलाकुसारी नगर्नु, दुई जनाले एउटै छाता नओढ्नु र मैत्रीभावको सम्बर्द्धन नहुनुजस्ता दृष्टान्त लेखकले निबन्धमा प्रस्तुत गरेका छन् । दुई अपरिचित नारी र पुरुषको भेट हुँदा एक आपसमा परिचयको आदानप्रदान गर्नुभन्दा परस्पर विपरीत दिशातर्फ मुन्टो फर्काई अपराधीले झैँ भुइँमा आँखा जोतेर हिँड्ने हाम्रो चलनप्रति लेखकको कडा रोष छ । हाम्रो समाजका यस किसिमका खराब प्रवृत्तिका कारणले आइमाई साथी बनाउन चाहने लेखकको सदाशय पूरा हुन नसकेकोमा उनलाई अफसोच लागेको छ । संसारमा दिनप्रनिदिन नयाँ नयाँ परिवर्तनहरू आइसक्दा पनि नेपाली समाजमा अलिकति प्रभाव नपर्नु उनको दृष्टिकोणमा एउटा विडम्बना नै हो ।

यसरी निबन्धकार श्यामप्रसाद शर्माले यस निबन्धमा समाजमा युगानुरूप परिवर्तन ल्याउनका लागि नारीसमानता र स्वतन्त्रता अनिवार्य बन्न पुगेको वास्तविकताप्रति सङ्केत गरेका छन् । यसका लागि उनले शिक्षा, साहित्य, राजनीति, विज्ञान, प्रविधि आदि क्षेत्रमा नारीहरूलाई अग्रसर गराउनु नितान्त आवश्यक देखेका छन् । नारीस्वतन्त्रताको चर्को नारा मात्र लगाउनुको सट्टा उनीहरूलाई सामाजिक विभेद, सङ्कीर्ण सोचाइ र परम्परावादी

चिन्तनबाट माथि उठ्ने अवसर प्रदान गर्नुपर्छ । समाजका हरेक गतिविधि र क्रियाकलापमा उनीहरूलाई सक्रिय हुने मौका प्रदान गर्नुपर्छ । नारीसमानता र स्वतन्त्रता विना राष्ट्रिय विकास अधुरो हुने भएकाले उनीहरूलाई पुरुषसरह सबै क्षेत्रमा संलग्न गराउनुपर्छ भन्ने दृष्टिकोण निबन्धकारले यस निबन्धको माध्यमबाट अभिव्यक्त गरेका छन् ।

## 'म फूल लिएर आउनेछु' निबन्धको भाव

नजिकको तीर्थ हेला हुन्छ, भनिन्छ । वास्तवमा नजिक भन्दा टाढा रहँदा बस्दा नै मायाले गाढा रूप लिने रहेछ । आफ्नो आत्मीयजन घरैमा हुँदा त्यत्ति महत्त्व हुँदैन जति ऊ आफूभन्दा धेरै टाढा बस्दा हुने गर्दछ । त्यसरी नै टाढाबाट जुनसुकै वस्तु पनि राम्रो देखिन्छ । जति नजिक भयो त्यति नै एकले अर्कालाई सौन्दर्य रहित र श्रीविहीन तुल्याइदिन्छन्; आस्थाका शिखरहरूलाई होच्याइदिन्छन् अनि आत्मीय जनप्रतिको स्नेह र आत्मीयतामा पनि क्रमश: ह्रास आउन थाल्दछ । सुधा त्रिपाठी दोलखाको सुनखानी गाउँमा जन्मे पनि उनी अहिले देशको राजधानी काठमाडौंमा बस्दछिन् । काठमाडौंको सहरी परिवेशमा रहे बसे पनि उनलाई आफ्नो मातृभूमिको सम्झनाले सताइरहन्छ; सधैं सधैं त्यहाँका हिमशृङ्खला; नदीनाला र बनपाखाले बोलाइरहन्छन् । त्यसैले उनको भावुक हृदय पग्लेर कलमबाट अक्षरहरू निस्कन्छन् र लेखिन्छ - म फूल लिएर आउनेछु निबन्ध । यो निबन्ध उनको जीवनसूत्र र स्वप्नाभास (२०५३) निबन्धसङ्ग्रहमा सङ्कलित  छ । १० अनुच्छेदहरू लेखिएको यस निबन्धमा लेखिकाले आफ्नो जन्मभूमि सुनखानीप्रति आत्मपरक शैलीमा अगाध आस्था अभिव्यक्त गरेकी छन् ।

आस्थाशील व्यक्तिका लागि जन्मभूमि सृष्टिकर्ता र सर्वस्व हुन्छ । निबन्धकार त्रिपाठी आफूलाई यहाँसम्म पुऱ्याउने श्रेय आफ्नै मातृभूमि सुनखानीलाई दिन्छिन् । उनकै प्रेरणा र हौसलाले आफू अघि बढ्न सकेको बताउँछिन् । मातृभूमिबाट टाढा पुगेर उनलाई दु:ख हुँदा आँसु पुछ्न नसकेकोमा निबन्धकार आफू चिन्तित भएको उल्लेख गर्दछिन् । उनी यसलाई आफ्नो तर्फबाट ठूलो भूल भएको स्वीकार गर्दछिन् । आफूले गरेको भूलमा माफी माग्न र मातृभूमिमाथि भइरहेका दुर्व्यवहार र दुराचारको अन्त्यका लागि तयार रहेको पनि स्पष्ट पार्दछिन् । वास्तवमा निबन्धकार त्रिपाठी आफ्नो जन्मभूमिको स्नेहमा निकै भावुक बनेकी छन् । उनी आफू बस्दै गरेको ठाउँ काठमाडौंलाई मरुभूमिको संज्ञा दिन्छिन् । धूवाँधूलो र प्रदूषणयुक्त काठमाडौंमा बस्न बाध्य भए पनि सुनखानीको धूलोधूवाँरहित स्वच्छ, सफा, सुन्दर र हराभरा वातावरण सम्झेर प्रसन्न रहेको बताउँछिन् । काठमाडौंमा उनले पिउँदै गरेको पानीलाई सुनखानीमा भैंसीले आहाल बस्न पनि रुचाउँदैनन् भनेकी छन् भने पानी पिउँदाका हरेक घुट्कीहरूलाई हिमालबाट बग्दै आएको तामाकोसीको स्वच्छ र पवित्र पानी सम्झने गर्दछिन् । प्रत्येक बिहान उत्तरतिर देखिने हिमशृङ्खलालाई उनी आफ्नै जन्मभूमिनजिक उभिएको गौरीशङ्कर शृङ्खला ठान्दछिन् । त्यस्तै विदेशमा महिनौं कोल्डस्टोरमा चिस्याएर राखेका रसविहीन सुन्तलाले आफ्नै गाउँ सुनखानीमा फलेका रसिला र स्वादिला सुन्तलाको भ्रममा आफूलाई भुलाएको विचार व्यक्त गर्दछिन् । उनी आफ्नो मातृभूमिको सौन्दर्यलाई टाढैबाट नियाल्न चाहन्छिन् । आफू त्यहाँ पुग्दा उनको सौन्दर्यमा आएको ह्रास र कुरूपताले आफ्नो स्नेह र आस्थामा कमी हुने हो कि भन्ने कुराले चिन्तित छिन् । टाढा रहँदा मातृभूमिप्रतिको आफ्नो आस्था र स्नेहको गौरीशङ्कर कहिल्यै निहुरिँदैन र सदा सर्वदा भावनात्मक उचाइमा अग्लिरहन्छ । जन्मभूमिले टाढा बसेकी छोरीले आफूलाई बिर्सेकीमा पीर माने पनि लेखिका आफूले ममताकी खानी र स्नेहकी प्रतिमूर्ति सुनखानीलाई कदापि नबिर्सने र जीवनको अन्तिम क्षणसम्म पनि सम्झिरहने विचार निबन्धमा व्यक्त गर्दछिन् ।

जननी र जन्मभूमि स्वर्गभन्दा पनि महान् हुन्छन् । निबन्धकार सुधा त्रिपाठीले यस निबन्धमा आफ्नो जन्मभूमि सुनखानीलाई आमाको रूपमा प्रस्तुत गरेकी छन् । उनले आफू जन्मेको गाउँलाई स्नेह र ममताकी केन्द्रविन्दु जननीका रूपमा सम्बोधन गरेकी छन् । त्यहाँका बनपाखामा खेल्दै हुर्केको विगतलाई उनले वात्सल्यले भरिभराउ आमाका काखका क्रीडासँग तुलना गरेकी छन् । उनले आफू मातृभूमिबाट टाढा रहे पनि त्यससँगको भावनात्मक सम्बन्ध कायमै रहेको र कुनै कमी नभएको उल्लेख गरेकी छन् । त्यहाँको स्वच्छ हावामा सास फेरेको, त्यहाँको सफा पानी पिएको अनि त्यहाँको अन्नपातले आफ्नो शरीर बनेको भए पनि अहिले कोसौं टाढाको मरुभूमि तुल्य काठमाडौं पुगेर जन्मभूमिका लागि केही गर्न नसक्ता उनलाई ठूलो चिन्ता लागेको छ । उनलाई आफ्नी आमासरह जन्मभूमिकै प्रेरणाले

जीवनमा अघि बढ्ने प्रेरणा प्राप्त भएको हो । निबन्धकार त्रिपाठी जन्मभूमिलाई भौतिक रूपमा पूजा अर्चना गर्न नसके पनि आत्मिक रूपमा सधैँ सम्मान गरेको धारणा अघि सार्दछिन् । हत्या, हिंसा र अन्योलपूर्ण परिस्थितिले मातृभूमि अहिले धुरुधुरु रोएकी छन् । अहिले मातृभूमिको सौन्दर्य नष्ट पारिएको छ । उनलाई कुरूप र विरूप बनाउन धेरै कुपुत्र र कुपुत्रीहरू उद्यत छन् । आफ्नै सन्ततिहरू आफूविरुद्ध लागेका र आपसमा काटमार गरेको देखी उनको मुटु छियाछिया भएको छ । उनका आँखाबाट अविरल अश्रुधारा प्रवाहित छन् । मातृभूमिका अनमोल सौन्दर्यको अहिले लुछाचुँडी छ । त्यहाँका भौगर्भिक र प्राकृतिक सम्पदालाई तहसनहस पारिएको छ । त्यहाँका वनपाखामा कोइली र न्याउलीले अमनचैन र आनन्दका गीत गाउँदैनन् पीर, व्यथा, वेदना र सुस्केरा मात्र सुसेल्छन् । त्यसैले निबन्धकार त्रिपाठी आफ्नो जन्मभूमिलाई शान्तिको दीपशिखाले उज्ज्यालो पार्न चाहन्छिन् । अशान्ति र अन्योलपूर्ण परिस्थितिलाई शान्ति र अमन चैनमा रूपान्तरण गर्न चाहन्छिन् । उनी आफ्नो मातृऋण तिर्नका लागि अञ्जुलीमा सेता फूलहरू लिएर मातृभूमिमा आउने सङ्कल्प गर्दछिन् । सेता फूलका गुच्छाहरू चरणमा चढाएर मातृभूमिको पूजा गर्ने उनको चाहना छ । आफ्नो इच्छा हुँदाहुँदै पनि सर्वत्र अशान्ति, अन्योल, अव्यवस्थाको साम्राज्यमा शान्तिका प्रतीक श्वेतपुष्पको अभावले उनी निराश बनेकी छन् । आफ्नी आमासरह जन्मभूमिको सौन्दर्य नष्ट गर्ने कुपुत्रकुपुत्रीहरूलाई व्यङ्गय गर्दै निबन्धकार त्यस्ता फूलका बोटहरू सुक्तै गएका र तिनका जरा विषालु किराहरूले सखाप पारिसकेको बताउँछिन् । जस्तोसुकै परिस्थिति रहे पनि निबन्धकार आफ्नो जीवनका सूर्य ओझेल नपर्दै जन्मधर्ती सुनखानीको काखमा सेता फूलका गुच्छा लिएर आउने र उनका काखमा लुटपुटिने दृढ इच्छा निबन्धमा अभिव्यक्त गर्दछिन् ।

यसरी प्रस्तुत निबन्धमा निबन्धकारले सरल भाषा सुमधुर, आकर्षक र साहित्यिक शैलीमा जन्मभूमिप्रति अटल आस्था प्रकट गरेकी छन् । आफू जहाँ रहेबसे पनि उनी मनसा वाचा कर्मणा मातृभूमिकै समुन्नतिमा क्रियाशील रहने बताउँछिन् । प्रस्तुत निबन्धले जन्मभूमिको महिमालाई उच्चता प्रदान गरेको छ । यसबाट हरेक व्यक्तिले जन्मभूमिको महानतालाई आत्मसात् गर्नु पर्ने धारणा स्पष्ट हुन्छ । अत: जन्मभूमि पूजनीय, सम्माननीय र महिमामय हुन्छ भन्ने निबन्धकारको विचार निकै मननीय रहेको तथ्य छर्लङ्ग हुन्छ ।

## 'भलादमी' निबन्धको भाव

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले भलादमी निबन्धमा समाजमा व्याप्त फोस्रो आडम्बर र कृत्रिमताले मानिसको भद्रपन लोप हुन लागेको अवस्थामा त्यस किसिमको नक्कलीपनप्रति शालीन व्यङ्गय गरेका छन् । लेखक सहज, सरल र प्राकृतिक जीवनशैली रुचाउँछन् । उनी देखावटी र कृत्रिमताविरोधी हुन् । यस निबन्धमा लेखकले समाजमा देखापरेका आडम्बर एवम् तडकभडकले मानिसलाई कृत्रिमता र अप्राकृतिकताको दास बनाएको उल्लेख गरेका छन् । वर्तमान सन्दर्भमा (निबन्ध लेख्दाको सन्दर्भमा) भद्रता, नम्रता, उदारता, मानवताजस्ता सामाजिक एवम् नैतिक मूल्य मान्यताहरू हराउँदै गएका छन् । मानिस मानसिक तथा भावनात्मक पवित्रतातिर भन्दा शारीरिक तथा बाह्य आकर्षणतिर भुल्न थालेका छन् । बाहिरी छाँटकाँट र सजधज नै मानिसका भद्रपनका परिचायक बनेका छन् । कोट, टोपी, टाई, जुत्ता आदि पोसाकमा चिरिच्याट्ट भई सजिएका आधुनिक भलादमीले कपालको कटाइ, जुँगाको छँटाइ, ओठ, गाला, आँखीभौँ आदिको आकर्षणबाट भलादमीपन प्रस्तुत गरी परिवेशलाई प्रभावित पार्दछन् । आँखामा रङ्गीबिरङ्गी चस्मा, लचकदार पदचाप र अत्तरको मगमगाउँदो सुवासका कारणले सामान्य मानिसका नजर र नासिकालाई भलादमीलाई पहिचान गर्न कठिन हुँदैन । यसरी विभिन्न परिधान र सजावटबाट सुशोभित भलादमीहरू कपडा पसले र सूचीकारहरूबाट निकै प्रशंसित र सम्मानित हुन्छन् । त्यस्ता भलादमीलाई कुकुरहरूले पनि राम्ररी चिनेका हुन्छन् । भलादमीहरूलाई भुकेर तर्साउनु हुँदैन भन्ने कुकुरहरूलाई पनि हेक्का छ । यस बाहेक भलादमीको बोलचालमा देखिने नक्कली भकभकेपन, रुघा नलागे पनि रुमाल झिकेर नाक पुछिरहने बानी र हाँस्दा दाँतमा जडित सुन टल्काउने विशेषता विशेष उल्लेखनीय हुन्छन् । यस्ता भलादमी विपरीत लिङ्गीप्रति बढी आकर्षिक हुन्छन् । उनीहरू प्रशंसाका भोका हुन्छन् । भलादमी र सिद्धबाबाका चरित्रमा पनि धेरै भिन्नता हुन्छन् । सिद्धबाबा भनेका योगी हुन् । परत्रमा विश्वास गर्ने, ज्ञानचक्षु र त्यसको दृष्टिलाई उत्कृष्ट ठान्ने र परिधानको बेवास्ता गर्ने सिद्धबाबा र दुनियाँमा रमाउने चर्मचक्षु र त्यसको बाह्य दृष्टि नै सर्वस्व ठान्ने अनि वस्त्र, आभूषण, अलङ्करादि औधि रुचाउने

भलादमी र सही भलादमीका चरित्रमा बेमेल हुनु कुनै अनौठो होइन । भौतिकताका पूजारी भलादमीले आध्यात्मिक ज्ञान र वैराग्यका अनुयायी सिद्धबाबालाई पागलको उपमा दिनु स्वाभाविक नै हो । त्यसैले यस्ता बोक्रेपनमा विश्वास राख्ने र बाहिरी संसारमा नै हराउने भलादमीप्रति लेखकले यस निबन्धमा तीखो छेड हानेका छन् । समाजबाट सरलता र प्राकृतिकपन लोप हुँदै गएकामा लेखक चिन्तित छन् ।

निबन्धकार देवकोटाले नेपाली साहित्यमा पनि बाह्य आडम्बरको भलादमीपन प्रविष्ट भएको प्रसङ्ग अघि सारेका छन् । नेपाली साहित्यमा पनि भावना र विचार पक्षको गम्भीरताभन्दा शब्द तथा अलङ्कारको आडम्बरतिर ध्यान दिने लेखकहरूको आगमन भइसकेको छ । निबन्धकारले कृतिमा विषयवस्तु वा भावभन्दा शैली र शिल्प पक्षलाई ठूलो ठान्ने अनि तुरुन्तै प्रसिद्धिको शिखर आरोहण गर्न चाहने भद्रलेखकहरूतिर व्यङ्ग्यको झटारो हानेका छन् । यसै गरी मनभन्दा तन चोखो राख्ने पूजारी, कृतिको भावभन्दा शब्दमा मक्ख पर्ने पाठक, समाजसुधारभन्दा आफ्नो यश राख्न चाहने समाजसेवी, मासु खाएर समताको आडम्बर देखाउने व्यक्ति, शिष्यलाई बुझाउनतिर भन्दा पिट्न हात लम्काउने गुरु, कामभन्दा बढी बात मार्ने सेवक र अरूको त्रुटिमा रमाएर आफ्नो कलम नलाउने लेखकहरू पनि भलादमीका विभिन्न स्वरूपहरू हुन् भन्ने लेखकको निष्कर्ष देखिन्छ । उनले यी सबै भलादमीका असहज र कृत्रिम क्रियाकलापप्रति आफ्नो निबन्धमा व्यङ्ग्य गरेका छन् ।

समाजलाई नैतिक र मर्यादित रूपमा स्वच्छ र समुन्नत राख्न मानवीय व्यवहारमा सरलता आवश्यक मानिन्छ । यसका लागि मानिसले आफ्नो जीवनशैली सहज र प्राकृतिक रूपमा अपनाउनुपर्छ । बोक्रे धाक र खोक्रो आडम्बरजस्ता अप्राकृतिक कुराहरू परित्याग गर्नुपर्छ । निबन्धकार देवकोटाले यिनै आदर्श विचारहरू यस निबन्धमार्फत् व्यक्त गरेका छन् । उनले भलादमी बन्न बाहिरी विषयमा मात्र ध्यान दिनेहरूलाई व्यङ्ग्य गर्दै सहजता, सरलता र प्राकृतिकपनबाट भद्रता सुरक्षित राख्न सकिन्छ भन्ने पुष्टि गरेका छन् । उनले यस निबन्धमा समाजमा देखापरेका अप्राकृतिक विसङ्गतिहरूलाई भावुकतापूर्ण रूपमा चित्रण गरेका छन् । समसामयिक पुस्ता रङ्गीचङ्गी र तडकभडकतिर आकर्षित भएकामा लेखकले असन्तुष्टि जाहेर गरेका छन् । व्यक्तिले चारित्रिक आदर्श, नैतिक मर्यादा र हार्दिक उदारताजस्ता विषयमा ध्यान नदिइएको र अप्राकृतिक एवम् आडम्बरयुक्त जीवनशैली आत्मसात् गर्न थालेकामा लेखकले यहाँ आक्रोश व्यक्त गरेका छन् । आफ्ना विचारहरू प्रभावोत्पादक शैलीमा प्रस्तुत गरेकाले देवकोटाको यो निबन्ध निकै उत्कृष्ट बनेको पाइन्छ ।

## ‘आलु’ निबन्धको भाव

आलु निबन्धका लेखक भैरव अर्याल हुन् । रत्नश्री पत्रिकामा प्रकाशित यो निबन्ध गलबन्दी (२०२६) मा पनि सङ्कलित छ । यस निबन्धमा लेखकले संसारभरि नै प्रसिद्ध कन्दमूल आलुलाई विषयवस्तु बनाएर आफ्ना पाठकलाई निकै हँसाएका छन् ।

निबन्धको थालनीमा निबन्धकारले आलुको नामकरण अनि आलु, पिँडालु र गोलभेडाको आपसी सम्बन्धको ठट्यौलो पाराले चर्चा गरेका छन् । लेखकले मान्छेका अभिनेता, शिक्षक, पत्रकार, लेखक, नेता आदि व्यक्तित्वहरू भएझैँ आलु पनि चपपकौडा पकाएर, तारेर, साँधेर, पोलेर, उसिनेर, कवाफ बनाएर खान सकिने बहुउपयोगी वस्तु हो भनेका छन् । उनले आलुलाई ढिँडो र जाँडको सितनमा, ज्वाइँ साहेबका खाजाका लागि कवाफमा र धेरै मान्छे पाहुना आउँदा निर्धक्क पानी मिसाएर उपयोग गर्न सकिने पनि बताएका छन् । पिँडालुमा कत्ला र रौँहरू हुन्छन् तर आलु सफा, सुन्दर र अपटुडेट देखिन्छ । त्यसैले लेखकको विचारमा पिँडालु आलुको बाबु तथा प्रेमी हुनुपर्छ । ती दुईको संसर्गबाट गोलभेडाको उद्‌भव भएको हुनुपर्छ भन्ने लेखकको तर्क छ । आलुमा भान्सामा आउने सबै सब्जीसित मिल्न सक्ने गुण हुन्छ । यसमा गान्टेमुला, लौका, फर्सी, चुच्चे करेला, घिरौँला, परबर, गुन्द्रुक, तामा, कुरिलो आदिसँग सजिलै घुलमिल हुन सक्ने विशेषता भएको लेखकको ठम्याइ छ । यसै गरी आलु धनी, गरिब, विद्वान्, मूर्ख, लम्फू जोसुकैका भान्सामा पुग्दछ र यसले जहाँ गए पनि सम्मान र प्रतिष्ठा पनि राम्ररी आर्जन गरेको छ । फलाइ, तछाइ, कटाइ र पकाइले आलु थरीथरीका भए पनि मूलतः सेतो, रातो र कालो गरी यो तीन थरीको हुन्छ भन्ने लेखकको दृष्टिकोण छ ।

निबन्धकार अर्यालले प्रस्तुत निबन्धमा तालुमा आलु फल्नु टुक्कालाई अघि सार्दै आलुलाई सौभाग्यको प्रतीकका रूपमा लिएका छन् भने आलु खानु टुक्कालाई उद्धृत गरेर असफलता वा दुर्भाग्यको प्रतीकका रूपमा लिएका छन् । लेखक मान्छे कसैले माडजाँड, जुसघुस, तालीगालीअपुताली आदि जेसुकै खाएकोमा अचम्म मान्दैन तर आलु खाएको कुरा सुन्दा सम्बन्धित व्यक्तिप्रति सहानुभूति प्रदर्शन गर्न थालिहाल्छ भन्छन् । मान्छे सधैँ आलु खाएर पनि 'आलु खानु भो ?' भन्ने प्रश्नको उत्तर सकारात्मक रूपमा दिन चाहँदैन । त्यसैले मान्छेको स्वभाव आलु खाएर पेडाको धाक लगाउने किसिमको हुन्छ भन्ने लेखकको ठहर छ । यसै प्रसङ्गमा उनले वर्तमान विश्वमा आणविक हतियारको होडबाजी चलाएर शान्तिको अभियान चलाएको स्वाङ गर्ने शक्तिसम्पन्न मुलुकप्रति तिखा व्यङ्ग्यवाण छोडेका छन् । त्यसै गरी धाकधक्कू लगाउने र रवाफ फुँई देखाउनेहरूलाई पनि छेड हानेका छन् । मान्छेले वास्तवमा आलुका गुणको अबमूल्यन गरेको छ भन्दै लेखक समय राम्रोसँग नदिने घडीलाई आलु घडीको उपनाम दिने मान्छेको बैगुनीपन प्रति निकै चिन्तित बनेका छन् । राम्रोसँग समय नदिने घडी आलु घडी भएजस्तै भोकरोगशोकले ग्रस्त आजको मान्छे पनि आलुमान्छे भइसकेको छ । यदि आलु खाएर पेडाको धाक नलगाउने हो भने आजको मान्छे पनि आलुमान्छे नै हो । लेखकका विचारमा आलु मान्छे र मान्छेआलु पनि उस्तैउस्तै कुरा हुन् । मान्छे सधैँ भान्सामा गएर आलु खान्छ तर आलु खान चाहिँ ऊ डराइरहन्छ । अहिलेको मान्छे आलु खाएर आलुकै कुरा गर्न पटक्कै चाहँदैन ऊ त आलु खाएर पेडाका कुरा मात्र गर्न चाहन्छ । यसो भन्दै लेखक आफ्नो आलु निबन्धलाई पनि पेडा निबन्धकै संज्ञा दिन मन पराउँछन् ।

यसरी तरकारी पकाएर खाइने सामान्य कन्दमूलको विषयवस्तु अँगालेर विभिन्न टुक्का र उखानहरूको प्रयोग गर्दै कुशल निबन्धकार भैरव अर्यालले 'आलु' लाई उत्कृष्ट निबन्धको रूप दिएका छन् । साधारण विषयवस्तु पनि उनको कलम भेटेर सुन्दर, सुरुचिपूर्ण र कलात्मक बन्न पुगेको छ । निबन्धमा उनको अभिव्यक्तिकला निकै प्रशंसनीय बनेको छ । अनुप्रास तथा शब्दसजावटले होस् वा अभिव्यक्ति कौशलले होस् उनका भनाइ/लेखाइमा अनौठो जादु पाइन्छ । पाठकको ध्यान सहजै आकर्षित गर्ने यो निबन्ध लेखकलाई युगौंसम्म अमर बनाउने उत्कृष्ट रचनाका रूपमा रहेको छ ।

## 'खाद्यसङ्कट र जैविक विविधता' निबन्धको भाव

खाद्यसङ्कट र जैविक विविधता निबन्ध डा. तीर्थबहादुर श्रेष्ठले लेखेका हुन् । यो निबन्ध हिमाल मिडियाद्वारा प्रकाशित हिमाल खबर पत्रिकाको वर्ष १८, अङ्क ४, पूर्णाङ्क २१९ (१६-३२ जेठ २०६५) मा प्रकाशित छ । वनस्पतिविज्ञ लेखक श्रेष्ठद्वारा लिखित खाद्यसङ्कट र जैविक विविधता निबन्धले मूलत: दुई विषयलाई आत्मसात् गरेको देखिन्छ । लेखकले यसमा प्रथमत: संसारमा ज्वलन्त रूपमा देखापरेको खाद्यसङ्कटलाई विभिन्न तथ्य र आँकडाबाट स्पष्ट गरेका छन् । द्वितीयत: उनले जैविक विविधताको महत्त्व बारे प्रकाश पार्दै त्यसको संरक्षण र संवर्द्धनका विषयमा आफ्ना धारणा प्रस्तुत गरेका छन् । यस निबन्धमा लेखकले यी दुवै विषयका बीचमा अन्तर्सम्बन्ध स्थापित गरी आफ्ना विचार अघि सारेका छन् ।

संस्कृतमा एउटा भनाइ प्रचलित छ- शतम् विहाय भुक्तव्यम् अर्थात् सयओटा काम छोडेर पहिले खानुपर्छ । भोक मानिसको पूरा नगरिनहुने आवश्यकता हो । खानेकुरा नखाई मानिस बाँच्न र आफ्ना शारीरिक, मानसिक र बौद्धिक क्रियाकलाप पनि गर्न सक्तैन । अहिले विश्वमा खाद्यान्न सङ्कट टड्कारो रूपमा देखापरेको छ । खाद्यान्नको भाउ दिन दुगुना रात चौगुना अक्कासिन थालेको छ । आजको मूल्य १० दिनपछि बढिसकेको हुन्छ । आज खाद्य सङ्कटले संसारका अधिकांश मुलुकमा विकराल रूप लिन थालेको छ । विशेष गरी अल्पविकसित मुलुकहरूलाई यस सङ्कटले नराम्रोसँग गाँज्न लागेको छ । यस समस्यालाई समयमै विचार गरी समाधानका उपाय अपनाउनु आवश्यक भइसकेको छ । खाद्यसङ्कटको सङ्केत देखिएका मुलुकहरूले यसको निराकरण गर्न अल्पकालीन र दीर्घकालीन योजनाहरू तर्जुमा नगर्ने हो भने आउने एकदुई दशकमा नै भोकमरीले विश्वव्यापी रूपमा आफ्नो दुष्प्रभाव पार्ने कुरामा कुनै शङ्का छैन । खाद्यसङ्कटको अवस्थालाई स्पष्ट पार्न निबन्धकारले भोको लामखुट्टेको दृष्टान्त दिएका छन् भने यसले गर्दा समाजमा चोरी, डकैती, लूटपाट र हत्याहिंसा जस्ता विकृतिहरू मौलाउने कुरा बताएका छन् ।

निबन्धमा लेखकले कृषिको महत्त्वलाई अवमूल्यन गरी अर्थबजारतिर विश्व आकर्षित हुनुलाई खाद्यसङ्कटको प्रमुख कारण मानेका छन् । उनले धेरै कृषिउपजलाई ऊर्जामा खपत गर्नु, खाद्यान्न उत्पादन हुने क्षेत्रहरूलाई ऊर्जाका कच्चा पदार्थ उत्पादनमा उपयोग गर्नु र खाद्यान्नभन्दा इन्धनका कच्चा पदार्थ बढी मूल्यमा बिक्री हुनुजस्ता कारणहरूले किसानहरू त्यसतर्फ आकर्षित हुन थालेको कुरा बताएका छन् । संसारमा जनसङ्ख्या वृद्धिका तुलनामा खाद्यवस्तुको उत्पादनवृद्धि नहुनाले पनि यो समस्या विकराल बन्दै गएको वास्तविकतातिर उनले सङ्केत गरेका छन् । उनले संसारमा १० वर्षमा १ अरब मानिसका खाने मुखहरू बढ्दछन् भने खाद्यवस्तुको उत्पादन त्यसको अनुपातमा भएको पाइँदैन भनेका छन् । अझ शाकाहारी र मांसाहारी व्यक्तिको भोजनमा पनि १० गुना फरक हुने उनको तथ्याङ्क छ । उनले १० जना शाकाहारीलाई पुग्ने भोजन १ जना मांसाहारीले हसुर्ने वास्तविकता अघि सारेका छन् । त्यसै गरी १ किलो मासु उत्पादन गर्न झन्डै १० किलो अन्न खर्च हुने तथ्यको उल्लेख गरेका छन् ।

निबन्धकार श्रेष्ठले खाद्यसङ्कटबाट जोगिनका लागि विश्वखाद्य शिखर सम्मेलन (१९९६:इटली) ले सुझाएका द्वन्द्वको अन्त्य, कृषि क्षेत्रमा आर्थिक लगानी, विपन्न वर्गका लागि खाद्य कार्यक्रम र कृषि अनुसन्धानमा जोड भन्ने चार कदमलाई अपनाउनु पर्ने विचार अघि सारेका छन् । त्यसै गरी उनले नेपालका सन्दर्भमा भौगोलिक अवस्था अनुरूप खाद्यान्न बाली विकास गर्ने रणनीति अपनाउनु पर्ने सुझाव दिएका छन् । नेपालको सधैँभरि हिउँ पर्ने क्षेत्रभन्दा केही तलदेखि तराई प्रदेशसम्मका भूभागमा कुनै न कुनै खाद्यान्न, फलफूल, सागसब्जी फल्ने र पशुहरू पाल्न मिल्ने भएकाले त्यस्ता प्रजातिको अनुसन्धान गरी तिनका विकसित प्रजातिका बाली लगाउनु पर्ने विचार अघि सारेका छन् । यहाँका दुर्गम क्षेत्रमा तराईको चामल पुऱ्याउनुभन्दा त्यहाँकै स्थानीय र परम्परागत खाद्यान्न तथा फलफूलका प्रजातिलाई विकसित रूपमा अघि बढाउनुपर्ने उनको विचार छ । मधेसको चामललाई महत्त्व दिएजस्तै दुर्गम क्षेत्रमा फल्ने स्याउ, सुन्तला, जुनार आदि फलफूल र सागसब्जीले बजारसम्म पहुँच पाउनु पर्ने निबन्धकारको मनसाय छ । चामलको भातभन्दा कोदाको ढिँडो र फापरको रोटी कम ताकतदार र पौष्टिक खाद्यपरिकार होइनन् । स्थानीय रूपमा उत्पादन हुने यस्ता खाद्यान्नलाई विस्थापित हुन दिनु हुँदैन भन्ने लेखकको आशय देखिन्छ ।

त्यसै गरी निबन्धकारले यस निबन्धमा जैविक विविधताले वातावरण सन्तुलित र स्वच्छ राख्न मद्दत गर्ने भएकाले परम्परागत जैविक वनस्पतिहरूको संरक्षण र प्रवर्द्धनमा जोड दिनुपर्ने विचार अघि सारेका छन् । उनले नेपाललाई वरदानका रूपमा प्राप्त काभ्रो, कोइरालो, निगालाका टुसा, निगुरो, सिप्लीगानका मुन्टा, जिब्रे, बेथे, लट्टे, लुँडे, जरिङ्गो, गन्धे झार, ठोट्ने, हलबले, सिमसाग, अर्मलेजस्ता परम्परागत सागसब्जीहरू वर्तमान पुस्तामा अपरिचित भइसकेकाले तिनको महत्त्व दिनदिनै लोप हुन लागेको कुरा उल्लेख गरेका छन् । निबन्धमा उनले यस कुराको पुष्टि काभ्रो बेच्ने ग्रामीण महिलाका कुराबाट गरेका छन् । नेपाललाई प्रकृतिको अनमोल उपहारका रूपमा प्राप्त यस्ता सागसब्जीहरू विषादिमुक्त हुनाले निकै उपयोगी हुन्छन् । यिनको संरक्षण गरी भान्सामा दैनिक रूपमा उपभोग गर्ने बानी बसाल्न निबन्धकारले सुझाव दिएका छन् ।

नेपाल पनि अहिले खाद्य सङ्कट र जैविक विविधताका दृष्टिले जोखिमपूर्ण अवस्थाबाट गुज्रँदै छ । त्यसैले यी समस्याको दूरगामी दुष्प्रभावबाट बँच्न सम्बन्धित सरोकारवालाहरूले योजनाहरू नबनाएमा भविष्य चुनौतीपूर्ण हुने कुरामा लेखकले सङ्केत गरेका छन् । उनले ज्ञान र विज्ञानका क्षेत्रमा उन्नतिका साथसाथै खाद्यान्न सङ्कट र जैविक विविधताका बारेमा चिन्तन मनन हुनु अत्यावश्यक ठानेका छन् । मानिसले परनिर्भरताबाट माथि उठी आत्मनिर्भर बन्नु पर्ने उनको दृष्टिकोण देखिन्छ । यसरी प्रस्तुत निबन्धमा लेखकले नेपालमा निकट भविष्यमा नै आउन सक्ने खाद्यसङ्कटलाई औंल्याउँदै जैविक विविधताको संरक्षणका विषयमा समस्त पाठक वर्गलाई सचेत र सजग तुल्याएका छन् ।

## नमुना प्रश्नोत्तर

१) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

स्वास्नी मान्छेलाई लोग्ने मान्छे र लोग्ने मान्छेलाई स्वास्नी मान्छे साथी बनाउन अप्ठ्यारो पार्ने एउटा ठूलो कारण सिद्धान्तलाई पूजा गर्ने हाम्रो बानी पनि हो अर्थात् हामी सिद्धान्तलाई व्यावहारिक रूप दिने प्रयत्न

गर्नुको सट्टा त्यसको खालि गुन गाएर हिँड्छौँ । हामी न्यायको माहात्म्य गाउँछौँ तर स्वयम् अन्याय गर्नबाट पछि सर्दैनौं । हामी विश्वबन्धुत्व र देशभक्तिको बयान गर्छौं तर खुद मानवताको विपरीत र देश भाँड्ने काम गरी हिँड्छौँ । हामी साम्प्रदायिकताको निन्दा गर्छौं, आर्थिक समानता र स्त्री पुरुषको समानताको ओड लिन्छौँ तर आफैं साम्प्रदायिक भावना अनुसार चल्छौँ । आफैं स्त्री पुरुषको समानता र आर्थिक समानताको उल्टो हिँड्छौँ ।

प्रश्नहरू:

अ) यस निबन्धांशको लेखक को हुन् र निबन्धको शीर्षक के हो ?

आ) यहाँ समाजको कुन पक्षप्रति व्यङ्गय गरिएको छ ?

इ) नारी पुरुष साथी बन्न नसक्नुको मुख्य कारण के हो ?

ई) हामी कुन कुन पक्षमा उल्टो यात्रा गर्दैछौँ ?

उ) हामीमा रहेका दुर्गुणहरू केके हुन् ?

उत्तर:

(अ) यस निबन्धांशका लेखक श्यामप्रसाद शर्मा हुन् र निबन्धको शीर्षक 'आइमाइ साथी' हो ।

(आ) यहाँ नारी असमानताका बारेमा चर्चा गर्दै नेपालीको सिद्धान्त र व्यवहारका बीचको असामञ्जस्य जस्ता पक्षप्रति व्यङ्गय गरिएको छ ।

(इ) नारी र पुरुष साथी बन्न नसक्नुको मुख्य कारण नारी समानता वा लैङ्गिक समताका सैद्धान्तिक कुरालाई व्यवहारमा लागू नगरी साम्प्रदायिक भावना अँगाल्नु नै हो ।

(ई) हामी न्यायको सट्टा अन्यायको, देशभक्तिको सट्टा देशद्रोहको, समानताको सट्टा साम्प्रदायिकताको र समताको सट्टा विषमताको जस्ता पक्षमा उल्टो यात्रा गर्दैछौँ ।

(उ) सिद्धान्तको मात्र गुणगान गर्ने, अन्यायको विरोध नगर्ने, मानवताविरोधी काम गर्ने, साम्प्रदायिक विचार अँगाल्नेजस्ता हामीमा रहेका दुर्गुणहरू हुन् ।

## अभ्यास सामग्री

तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

नारीलाई नरकको ढोका नठान्ने र जीवनका सबैजसो क्षेत्रमा स्त्रीपुरुषको बराबर हक हुनुपर्छ भन्ने एवम् पछौटे देशका आइमाईलाई घर नाउँको झ्यालखानाभित्र थुनिरहन नदिई सामाजिक क्षेत्रमा समेत तम्काउन हौस्याउनेहरू साहित्य तथा राजनीति आदितर्फ लागेका आधुनिक युवाहरू नै हुन् ।

प्रश्नहरू:

१) नारीलाई नरकको मूल ढोका नठान्ने भन्नुको तात्पर्य के हो ?

२) आधुनिक युवाहरूमा स्त्रीपुरुषको बारेमा कस्तो दृष्टिकोण रहेको छ ?

३) लेखकको नारीसम्बन्धी मान्यता के कस्तो छ ?

४) समाजिक क्षेत्रमा हौस्याउनेहरू को हुन् ?

५) माथिका अंशको मूल आशय के हो ?

## 'नालापानीमा' एकाङ्कीको कथासार

'नालापानी' एकाङ्की ऐतिहासिक विषयवस्तुमा आधारित सङ्गीत नाटक हो । यस एकाङ्कीले सन् १८१७ मा नालापानीको किल्लामा नेपाल र अङ्ग्रेजबीच युद्ध भएको घटनालाई प्रस्तुत गरेको छ । त्यस युद्धमा नेपाली सेनाले देखाएको वीरता र पराक्रमको लेखकले यसमा प्रशंसा गरेका छन् । नेपालीहरूको देशभक्ति वीरता र चारित्रिक आदर्श भाव अभिव्यक्त गर्नु नै यस एकाङ्कीको मुख्य उद्देश्य हो । प्रस्तुत एकाङ्कीको सङ्क्षिप्त कथासार यस प्रकार छ :

नालापानी भन्ने ठाउँमा सन् १८१७ मा इष्ट इण्डिया कम्पनीसँग नेपालको युद्ध भएको थियो । नालापानी किल्लाको एकहजार हात जतिपर अङ्ग्रेजको छाउनी छ । त्यहाँ कर्नेल मबी, मेजर रिचार्ड्स र अरू गोरा सिपाहीहरू आफ्नो छाउनीबाट नेपालको किल्लातिरै नियालिरहेका हुन्छन् । उनीहरू आफ्ना जर्नेल जिलेस्पीको निधनमा शोक व्यक्त गर्न आफ्ना हातमा शोकसूचक कालोपट्टी बाँधी मदिरापान गर्दै हुन्छन् । त्यस्तैमा एकजना घाइते नेपाली सैनिक आफ्नै छाउनीतिर आएको देखी उनीहरू आत्मसमर्पण गर्न आएको ठानेर खुसी हुँदै रक्सी पिउँछन् । त्यो घाइते व्यक्ति नेपाली सैनिक नरे कार्की हुन्छ । कर्नेल मबीले घाउ निको भएपछि आफ्नो सेनामा लाग्नुपर्ने सर्तमा उसको उपचार गर्ने अनुमति दिन्छन् । यत्तिकैमा नरे मूर्छा पर्छ । गोरा डाक्टरहरूले नरेको उपचार गर्न थाल्छन् । यसबेला वेदनाजन्य वाद्य बज्दछ ।

निन्द्रित अवस्थामा नरे कार्की आमा ! आमा !! भनेर चिच्याउँछ । त्यसबेला स्वप्निल (तन्द्रावस्था) मा नरेसँग घर्ती बोल्दछ । घर्तीले उसलाई देशको इज्जत र गौरव राख्नका लागि धैर्य गर्नु पर्ने र बैरीसँग आफ्नो लाछीपना देखाउनु नहुने कुरा गर्छ । नरे छाउनी छोडेर अङ्ग्रेजको छाउनीतिर लागेकोमा उसकी पत्नीले पनि पीर मान्दछे । नरेका अनुपस्थितिमा उसका साथीभाइ पनि चिन्तित हुन्छन् । एकजना सिपाहीले त उसलाई देश फर्किन आग्रह पनि गर्दछ । त्यसपछि तराईवासी, पहाडवासी, उपत्यकावासी र हिमालवासी चारजोडीले नरेलाई स्वदेश फर्किन आह्वान गर्दछन् । आफ्नी आमासमान धर्ती र सबै आफन्तहरूले गरेका आग्रह र आह्वान सुनेर नरे जुरुक्क उठ्छ । त्यसबेला उसको घाउ निको भैसकेको हुन्छ र उसलाई सञ्चो भैसकेको हुन्छ । नेपाली लोकगीत गाउँदै ऊ स्वदेश फर्कने दृढता देखाउँछ । ऊ अङ्ग्रेजको छाउनीबाट भाग्न खोज्छ । कर्नेल मबी र अरू अङ्ग्रेज सिपाहीहरूले नरेलाई अङ्ग्रेजी सेनामा लाग्न धेरै प्रलोभन देखाउँछन् । उनीहरूले ठूलो पद र धेरै धन दौलतको लोभलालच पनि देखाउँछन् । नरे उनीहरूको सबै लोभलालच अस्वीकार गरी स्वदेश फर्किन पाऊँ भन्ने आग्रहमात्र गर्दछ । नरेको अतुलनीय देशभक्तिको कर्नेल मबीले प्रशंसा गर्छन् । उनले नरेको पिठ्युँमा धाप दिँदै उनलाई स्वदेश फर्कने अनुमति दिन्छन् । उनले नेपाल र अङ्ग्रेज बीचको मैत्री भाव अमर रहोस् भन्ने उद्गार व्यक्त गर्दछन् । यसपछि नरे नेपाल फर्किन्छ । यत्तिकैमा नाटक पनि समाप्त हुन्छ ।

## 'बहुलाकाजीको सपना' नाटकको कथासार

'बहुलाकाजीको सपना' नाटक वि.स. २००४ सालमा लेखिएको र लेखक विजय मल्लकै अरू सात एकाङ्की सँगसँगै २०२८ सालमा प्रकाशित भएको हो । यो नाटक २००५ सालमा शान्ति निकुञ्ज माध्यमिक विद्यालयको वार्षिकोत्सबमा विद्यालयका शिक्षक विद्यार्थीहरूको संलग्नतामा मञ्चन गरिएको हो । शिक्षाको महत्त्व दर्साउँदै समाजको सम्पन्नता र विपन्नताको अन्तराल स्पष्ट रूपमा चित्रण गर्ने यो नाटक अभिनय गरिएपछि तत्कालीन राणासरकारले लेखकलाई गिरफ्तार गरी जेल हालेको थियो । यस नाटकले तत्कालीन समाजको यथार्थ चित्रण गरी आर्थिक असमानता र अज्ञानताको अन्तका लागि क्रान्ति अवश्यम्भावी छ भन्ने मूल सन्देश प्रवाहित गरेको देखिन्छ ।

भक्तेले आफ्नो छोरो वीरेलाई गाली गर्दै पिटेको दृश्यबाट यो नाटक थालिएको छ । वीरेले सडकमा भलादमीहरूसँग हात फैलाएर माग्दै हिँडेको देखी उसको बाबु भक्ते रिसाएर वीरेलाई पिटेको हो । भक्ते एक भरिया भए पनि ऊ आफ्नो छोराले अरूसँग माग्दै हिँडेको हेर्न चाहँदैन । भक्तेलाई उसको साथी मानेले सम्झाउँछ । बालक

वीरेको इच्छाहरू हामीले पूरा गरिदिन नसकेकाले उसले मागेको हो, राम्ररी सम्झाएपछि उसले माग्नेछैन भनी मानेले भक्ते र वीरेलाई साम्य पार्छ । वीरेकी आमा मोटरले किचेर मरेपछि भक्तेले उसलाई निकै माया गरेर पालेको छ । यस्तैमा बहुलाकाजी भक्ते र मानेका डेरामा आइपुग्छन् । काजीले भक्ते र मानेलाई आफ्ना आदर्श विचारहरू सुनाउँछन् । उनले ती दुवैलाई कसैको पनि केही खानु नहुने, बावुआमासँग पनि आफूले केही नगरी लिनु नहुने र ईश्वरसित पनि हात फैलाएर माग्नु नहुने कुरा सिकाउँछन् । काजी मानवतावादी विचारधारा भएका समाजसेवी व्यक्ति हुन् । उनी मरेकालाई घाटमा पुऱ्याउँछन् र बिरामीको औषधि उपचारका लागि सहयोग गर्छन् । उनले नै भक्तेको छोरो वीरेलाई देखेपछि त्यसले आफ्नो उद्देश्य वा सपना साकार गर्न सक्छ भन्ने ठानेका हुन् । त्यसैले उनी वीरेलाई स्कुल पठाउन भक्ते र सानेलाई प्रोत्साहित गर्छन् । काजीको सल्लाह अनसार वीरे विद्यालयमा भर्ना हुन्छ । विद्यालय गएको पहिलो दिन धनीका छोराहरूले उसलाई गिज्याउने र पिट्ने जस्ता अमानवीय व्यवहार गर्दछन् । वीरेले यस्तो ठाउँमा नपढ्ने भने पनि शिक्षकले सम्झाएपछि पढ्न मञ्जुर गर्छ । उसले पढाइमा निकै प्रगति गर्छ । उसको प्रतिभा तथा पढ्ने खुबी देखेर पहिले गिज्याउने साथीहरू पनि प्रशसंक बन्न थाल्छन् । वीरेले संसारभरिकै कुराहरू बुझ्न थाल्छ । सामाजिक कुरीति, अन्धविश्वास, असमानता र विकृतिहरूको ऊ तीव्र विरोध गर्न थाल्दछ । यस्तैमा वीरे अचानक बिरामी पर्छ । भक्ते र मानेले उसको सक्दो उपचार गर्छन् । पर्याप्त पैसाको अभावमा डाक्टरलाई नदेखाई वीरेलाई वैद्यको ओखती खुवाइन्छ । आर्थिक सङ्कटका कारणले वीरेको कोट बेचेर उसको उपचार गर्ने कुरा पनि चल्छन् । रोगले सिकिस्त भएको वीरेलाई भेट्न र सहानुभूति प्रकट गर्न उसको विद्यालयका साथीहरू पनि वीरेको डेरामा आउँछन् । वीरेको अवस्था निकै चिन्ताजनक हुन्छ । गरिब भक्ते र मानेले वीरेलाई उपचार गराउन असमर्थ हुन्छन् । अन्तत:वीरेको दु:खद मृत्यु हुन्छ । त्यसै बेला भक्तेमानेका डेरामा बहुलाकाजी आइपुग्छन् । उनी निकै दु:खी हुन्छन् । उनले धनीहरूको थुप्रिएको सम्पत्ति लुटेर वा चोरेर नै भए पनि वीरेको उपचार गर्नु पर्थ्यो भन्ने विचार व्यक्त गर्छन् । गरिबीकै कारणले उपचार नपाएर होनहार युवक वीरेको निधन भएको हो भन्ने उनको निष्कर्ष छ । उनी भक्ते र मानेलाई सान्त्वना दिदैं आफ्ना सपना पूरा गर्नका लागि अर्को पात्र चयन गर्न अघि बढ्छन् । काजीले समाजलाई असमानता, अन्याय, अत्याचार, आर्थिक दुरावस्थाबाट मुक्त गर्न नयाँ क्रान्ति थालनी गरिनुपर्ने प्रतिबद्धता जाहेर गरेपछि नाटक टुङ्गिन्छ ।

## नमुना प्रश्न

१) बहुलाकाजी साँच्चिकै बहुला हो वा होइन, 'बहुलाकाजीको सपना' नाटकका आधारमा आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।

बहुलाकाजी नाटकको प्रमुख पात्र हो । समाजले उसलाई सिल्ली वा बहुला ठाने पनि ऊ एक क्रान्तिकारी नायक हो । म उसलाई बहुला होइन एक परिवर्तनकामी पात्रको रूपमा लिने गर्छु । समाजमा परिवर्तन ल्याउने उसको आदर्श चाहना छ । समाजमा युगौंदेखि कायम रहेको वर्गभेदको पर्खाल भत्काउन ऊ क्रियाशील छ । अशिक्षा, गरिबी, असमानता, कुसंस्कारको अन्त्य गरी परिवर्तन ल्याउन काजी मरिमेट्ने व्यक्ति हो । ऊ अल्छी बनेर मागिखान चाहँदैन, कामै नगरी बाबुको सम्पत्तिमा रजाइँ गर्दैन, ईश्वरको पुकारा गरी महत्त्वपूर्ण समय बर्वाद गर्न लाग्दैन । यस्ता क्रियाकलापले समाजको वा व्यक्तिको उन्नति हुन सक्दैन भन्ने उसको ठहर छ । परिश्रम गरेर ढुङ्गामा सुन फलाउने उसको इच्छा छ । परिश्रमको फल मिठो ठान्ने काजी सुदूर भविष्यमा समाजमा परिवर्तन आउने छ भन्ने कुरामा विश्वास गर्छ । आपत् विपत् परेका व्यक्तिलाई सहयोग गर्न ऊ अघि सर्छ । दु:खी र असहायप्रति सहानुभूति राख्छ । काजी परोपकारी र मानवतावादी व्यक्ति हो । वीरेले समाज परिवर्तनको सपना साकार पार्नेमा काजीको विश्वास देखिन्छ । उसले वर्षौंदेखि वर्गीय भेदभाव, शोषण, अशिक्षा, भोक, रोगले ग्रस्त समाजमा परिवर्तनको काँचुली ल्याउने चाहना राखेको छ । ऊ भविष्यमा आशा राख्छ । भोक र रोगले वीरेको मृत्युपछि पनि ऊ निराश भएको छैन । ऊ वीरेको विकल्प खोज्न तल्लीन हुन्छ र आफ्नो सपना साकार पार्न ऊ दृढ र प्रतिबद्ध बनेको छ । त्यसैले नाटकको प्रमुख पात्र बहुलाकाजी शोषण, वर्गभेद, असमानता र अशिक्षाका विरोधमा सङ्घर्ष गर्ने परिवर्तनकामी चरित्र भएको हुनाले समाजले उसलाई सिल्ली ठाने पनि म उसलाई एक क्रान्तिकारी चरित्रका

रूपमा लिन्छु । ‘बहुलाकाजीको सपना’ नाटकमा लेखकले पनि उसलाई त्यस्तै किसिमको भूमिका दिएका छन् ।

## “एक चिहान” उपन्यासको
## समीक्षा

### १. उपन्यासकार परिचय

**उपन्यासकार** : हृदयचन्द्रसिंह प्रधान (चन्द्रप्रसाद सिंह)
**जन्ममिति** : १९७२ माघ १२ गते
**जन्मस्थान** : मरुहिटी, पढोका, काठमाडौ ।
**पिता** : सूर्यप्रसाद सिंह
**शिक्षा** : श्रेस्ता परीक्षा समुत्तीर्ण (चार पास) र स्वास्थ्य

- सेवा र संलग्ना
- फर्मासी अड्डाका नौसिन्दा
- फर्मासी अड्डाका बहिदार
- फर्मासी अड्डाका राइटर
- कलकता वाइङ्ग एजेन्सिमा मुखिया
- नेपाली भाषा प्रकाशिनी समितिका ग्रन्थकार

**पहिलो प्रकाशित रचना** : मातृस्नेह (निबन्ध : १९९१ शारदा)
**कृतिहरू कथा** : १) उसकी आँसु (२०१२)
२) हदृयचन्दका कथा (२०२७)
**निवन्ध** : १) भूस्वर्ग (२००३)
२) तीस रुपियाँको नोट (२००४)
३) जुङ्ग (२००९)
४) कुरा साँचो हो (२०११)
५) अफसोम (२०२७)
**समालोचना** : १) केही नेपाली नाटक (२००२)
२) सहित्य : एक दृष्टि (२००४)
३) भानुभक्त : एक समीक्षा (२०१३)
४) नेपाली काव्य र उसका प्रतिनिधि कवि (२०२१)
**नाटक** : १) छेउ लागेर (२००६)
२) गङ्गालालको चित्ता (२०११)
३) कीर्तिपुरका युद्धमा (२०१६)
**व्याकरण** : १) चिह्नपरिचय (२०००)
२) शब्दशुद्धिविज्ञान (२००४)
**उपन्यास** : १) स्वास्नीमान्छे
२) एक चिहान (२०१७)

**प्रवृत्ति र विशेषता** :

- साहित्यका विविध विधामा क्रियाशील

- प्रगतिशील विचारधारा आत्मसात् गर्ने
- अन्धसंस्कार कुरीति विकृति, विसङ्गतिको विरोध गर्ने
- समाज सुधार तथा नबीन मूल्य मान्यताका लागि क्रान्तिको आव्हान गर्ने ।
- दमित शोषित र पीडित वर्गका पक्षमा आवाज बुलन्द गर्ने
- मानवता र विश्वकल्याणकारी भावनालाई महत्त्व दिने
- निम्नवर्गका समस्याहरूलाई कृतिमा उतार्ने
- जीवनवादी दृष्टिकोण अँगाल्ने
- भाषामा सरलता र शैलीमा आकर्षण भएका

मृत्यु : २०१६ साल माघ १० गते

## 'एक चिहान' उपन्यासको कथासार

एकचिहान उपन्यास सामाजिक विषयवस्तुमा आधारित छ । यसमा काठमाडौँको थापाथली कुरिया गाउँका निम्नवर्गीय किसान परिवारको कथा र व्यथाको जीवन्त चित्रण गरिएको छ । ६५ वर्ष नाघिसकेका बुढा किसान अष्टनारान बिरामी परेको अवस्थाबाट उपन्यास थालिएको छ । अनपढ किसान भए पनि अष्टनारान बुद्धि, विवेक र अनुभवले खारिएका व्यक्ति थिए । प्रगतिशील विचार भएका उनी अन्तिम अवस्थामा पुगेको आफ्ना लागि औषधी उपचार तथा दान आदि नगर्ने सल्लाह परिवारजनलाई दिन्छन् । जीवनमा आफ्ना सन्तानका लागि केही बन्दोबस्त गरिदिन नसकेकोमा उनी पश्चाताप गर्दछन् र आफ्नो अन्त्येष्टिका लागि उनीहरूले ऋण लिनु नपरोस् भनी सञ्चित गरेर राखेको रु.२५।- रकम छिँडीमा ढिकीनिर गाडिराखेको खुलासा पनि गर्दछन् । उनले त्यस रकमलाई आफ्नो अन्त्येष्टिबाहेक अन्य काममा खर्च नगर्न पत्नी र छोराछोरीलाई सचेत पनि गराउँछन् । आफ्ना श्रीमान् तथा बाबुले त्यस्तो भने पनि पत्नी र छोराछोरीको मन मान्दैन । उनीहरूले टोलकै गुभाजु, असनका तुयु गुभाजु, माहिला वैद्य र टोलकै डाक्टर गोदत्तप्रसादलाई समेत घरमै लगेर यथाशक्ति औषधि उपचार गराउने प्रयत्न गर्दछन् । परिवारजनको लाख प्रयास सार्थक हुँदैन । डा. गोदत्तले औषधि खुवाएको भोलिपल्ट सोमबारे औँसीको दिन अष्टनारानको देहान्त हुन्छ ।

अष्टनारानका शिवनारान, पुननारां, हषएनारां, तीन छोरा, पत्नीलगायत छोरी नानीथकुं हुन्छन् । जेठा शिवनारान बाबुकै उत्तराधिकारीजस्तै मेहनती किसान हुन् । माहिला पुननारां सिकर्मी (काठको काम गर्ने) र कान्छा हर्षनारां ज्यामी (कर्मी) हुन्छन् । उनीहरूको आफ्नो खेत हुँदैन । तलसिङ सुरमान सुब्बाकै खेत उनीहरूले कमाउँदै आएका हुन्छन् । गतवर्ष सुख्खा (खडेरी) लागेको हुँदा उनीहरूले कुतसम्म बुझाउन सकेनन् । यस वर्ष २ सालको कुत बुझाएर आफ्नो घरव्यवहार चलाउनुपर्ने बाध्यता छ । बाबु अष्टनारान विरामी भई उपचार गराउँदा र उनको मृत्युपश्चात् अन्त्येष्टि गर्ने रकमसमेत नहुँदा डा. गोदत्तका अगाडि शिर झुकाएर ऋण लिनुपरेको थियो । बाबुको काजक्रिया सकेपछि तीनै दाजुभाइ आआफ्ना काममा  लाग्छन् । घरमा खेतको अन्न नभए पनि हर्षनारां र पुननारांको कामबाट आएको आम्दानीले उनीहरूको घरव्यवहार जेनतेन चलेको हुन्छ ।

शिवनारानकी बहिनी नानीथकुं विवाहयोग्य हुन्छे । रूपयौवनले भरिपूर्ण उसको अनुहार देख्नासाथ युवकहरू लठ्ठ पर्दछन् । बाबु सिकिस्त भएर उपचारका लागि बोलाउन जाँदा आउन गाह्रो मान्ने र घरमै जाँचेको फिस माग्ने डा. गोदत्त नानीथकुंको रूपदर्शन गर्नासाथ उसको सौन्दर्यमा आँखा गाडी फिस नै नलिई औषधी गर्न थाल्छ । बिरामी हेर्ने र सान्त्वना प्रकट गर्ने निहुँमा शिवनारानको घरमा बारम्बार आउन थाल्छ । अष्टनारानको मृत्युपछि कात्रोसम्म किन्ने खर्च नभएका शिवनारानलाई ऋण दिएर डा. गोदत्त उनीहरूको गरिबीको आडमा आफ्नो आवतजावतमा तीव्रता दिन थाल्छ । त्यसै गरी नानीथकुंको शारीरिक सौन्दर्यमा तलसिङ सुरमान सुब्बाले पनि राल चुहाएको छ । उसले आफ्नो नोकर रामबहादुरमार्फत् पोहर सालको कुत माफी दिएको खबर पठाउँदै लतमायालाई कपडा बुन्ने देसी तान पठाएको हुन्छ । त्यससँगै उसले मरिसकेका अष्टनारानले नानीथकुंको बिहे तलसिंह सुरमान सुब्बासँग गरिदिने

वचन दिएका हुनाले त्यसको बन्दोबस्त मिलाउन लतमायासँग कुराकानी गर्छ । सुब्बाको यस चालबाजीमा लतमाया लोभिइसकेकी भए पनि शिवनारान पटक्कै रुचाउँदैनन् । शिवनारानले सुब्बाको नोकरलाई हप्काएर पठाएपछि सुब्बा आफैँ आफ्ना नोकरहरूसँगै शिवनारानका घरमा आएर धम्क्याउने प्रयास गर्छन् । शिवनारानका दाजुभाइले सुब्बा र उसका नोकरहरूलाई राम धुलाई गरी पठाइ दिन्छन् । परिवारका कसैले मन्जुर नगरे पनि तीन सन्तानको बाबु डा. गोदत्तले नानीथकुंलाई आफ्नो नक्कली प्रेमजाल पारी छोड्छ । दाजु शिवनारान र डा. गोदत्तकी पत्नी रञ्जनदेवीले जतिसुकै सम्झाए पनि डा. गोदत्तको प्रेमको भूतले नानीथकुंलाई छोड्दैन । शिवनारानले डाक्टरलाई आफ्नै बहिनीको सङ्गत आग्रह गर्दागर्दै पनि ऊ रोपाइँका दिनमा खेतालालाई मसाला बाँड्ने निहुँमा शिवनारानको खेतमा नै पुग्दछ । उसले नानीथकुंलाई हैजाको सुई भनी झुक्याएर लठ्याउने सुई लगाई नोकर्नीमार्फत् ट्याक्सीमा राखेर कसैले नदेखेको कालीकास्थानको डेरामा पु¥याउँछ र डेढ महिनासम्म लुकाएर राखी उसको यौवन र सौन्दर्यसँग खेली गर्भवती तुल्याउँछ ।

शिवनारान र रञ्जनादेवीले पनि नानीथकुंलाई डा. गोदत्तको पञ्जाबाट अलग्याउने प्रयास सफल नभएपछि डेढ महिनापछि उसलाई मुक्त पारी सर्लाहीका रामलेखावन राउत (कुर्मी) सित बिहे गरिदिन्छन् । कान्छो भाइ हर्षनारांको पनि तामाङपुत्री पुतलीसित बिहे हुन्छ । भाइबहिनीको बिहे भएपछि शिवनारानले पारिवारिक जिम्मेवारी पूर्ण भएको महसुस गर्दछन् । खेतमा रोपाइँ सकेर धान गोड्ने बेला हुन लागेको हुन्छ । शिवनारान पत्नी हाकुमाया र छोराछोरीसँग खेतमा बनाएको कटेरामा बस्ने गर्दछन् । यस्तैमा लगातार ७२ घण्टासम्म पानी परिरहन्छ । खेत नजिकैको खोलामा ठूलो बाढी आउँछ । त्यो बाढी नदी भरिएर शिवनारानको खेतमा नै पस्छ । बाढीले रुख बस्तुभाउ र मान्छेलाई समेत बगाएर ल्याउँछ । शिवनारानको परिवार बसेको कटेरामा पानी पसी उनीहरू सबैलाई बगाई लैजान्छ । त्यसै गरी अष्टनारान 'शिवनारान'को जीर्ण घर तीन दिनको झरीले भत्काउँछ र घरमा सुतेका लतमाया र पुननारां हर्षनारां अनि दुई बुहारीहरू पुरिएर मर्दछन् । यसरी अष्टनारानको सबै परिवारको एक चिहान हुन्छ र उपन्यास समाप्त हुन्छ ।

## 'एक चिहान' उपन्यासको कथानकको विकास

एक चिहान उपन्यासको कथावस्तु ३४ परिच्छेदमा व्यवस्थित गरिएको छ । उपन्यासकारले यसमा काठमाडौँका निम्निवर्गीय किसानका मर्म र बेदनालाई कथानकमा अनुस्युत गरी उपन्यासको स्वरूप तयार पारेका छन् । अष्टनारानको आदर्श चरित्रबाट उपन्यासको कथानक सुरु हुन्छ । अष्टनारानले बुढो मानिसका लागि खर्च गर्नु पर्दैन, मृत्यु अवश्यम्भावी तथ्य हो । त्यसलाई कसैले टार्न सकिँदैन अन्तिम अवस्थाको दान दक्षिणा पनि वाहियात कुरा हुन् भनी आफ्ना सन्तति एवम् परिवारजनलाई दिएको अर्ती उपदेश उपन्यासका प्रारम्भिक चरणका महत्त्वपूर्ण पक्ष हुन् । अष्टनारानको मृत्युपछि उनका यी आदर्श कुरालाई जेठाछोरा शिवनारानले अघि बढाउँछन् । यस उपन्यासमा अष्टनारानको उपचारका सन्दर्भमा मात्र प्रवेश भएको डा. गोदत्तप्रसाद वास्तवमा रोगीको उपचार गर्ने चिकित्सक नभई अष्टनारान (शिवनारान) को घरमा विष फैलाउन आएको गोमन सर्पजस्तै देखिन्छ । ऊ बिरामीको नाडी समातेर आँखालाई चाहिँ नानीथकुंको यौवनमाथि गाड्ने व्यक्ति हो । उता तलसिङ सुरमान सुब्वाले पनि बाली मिनाहा र देशीतानको ललीपप देखाएर उनको गरिबी माथि टेक्दै इज्जतको खिल्ली उडाउँछ । शिवनारानले अफ्नो आर्थिक विपन्नताकै कारणले आफ्नी सुन्दरी बहिनीको बिहे गरिदिन सकेका हुँदैनन् । यसै हुनाले डा. गोदत्त तथा तलसिङले गरेका अपमान र दुर्व्यवहार शिवनारानको परिवारले सहनुपर्दछ । वास्तवमा यो सबै गरिबीकै दुष्परिणामहरू नै हुन् । उपन्यासको कथानकमा डा. गोदत्तप्रसादले ठूलो हिस्सा ओगटेको छ । आधा केश फुलेको ऊ २० वर्षकी नानीथकुंलाई आफ्नो नक्कली प्रेममा फसाउन सफल हुन्छ । उसको सुन्दरतामा रमाउन ऊ शिवनारानलाई पटक पटक ऋण दिन्छ । रोपाइँमा मसलाका किस्तीहरू बोकाएर खेतमा पुग्दछ आखिरमा शिवनारानको परिवारको इच्छाविपरीत हैजाको सुई लगाउने बहानामा नानीथकुंलाई बेहोस बनाउने सुई लगाई नोकर्नीमार्फत कालिकास्थानको गोप्य डेरामा पु¥याई उसको यौवन लुट्न समर्थ हुन्छ । साधारण किसान अष्टनारानको परिवारको इज्जत र आदर्शमा पुगेको चोटमा पुग्दा यस उपन्यासको कथानक मध्य वा विकसित अवस्थामा पुगेको छ । अष्टनारान (शिवनारान) को परिवार

र रञ्जनादेवीको संयुक्त प्रयासमा नानीथकुंको खोजी एवम् डेढ महिनापछि नोकर्नीमार्फत डेरा पत्ता लगाई नानीथकुंलाई फेला पार्नु र उसलाई डा. गोदत्तबाट मुक्त गरी रामलेखावन राउटे (कुर्मी) सित बिहे गरिदिनु जस्ता घटनाबाट क्रमश: अन्त्यतिर लागेको उपन्यासको कथानक ७२ घण्टाको वर्षामा परी अष्टनारानका परिवारको अन्त्य भएको घटनामा पुगेर टुङ्गिएको छ ।

## चरित्रचित्रण

चरित्र वा पात्र उपन्यासको कथानकको विकासमा सहयोग पुऱ्याउने उल्लेखनीय तत्त्व हो । पात्रको अभावमा उपन्यासको परिकल्पना नै हुन सक्तैन । प्रस्तुत उपन्यासमा लेखकले पात्रहरूको चयन गर्दा समावेशीयता अपनाएका छन् । नेपालका सबै क्षेत्रको प्रतिनिधित्व गर्ने नेवार, पर्वते र मधिसे सबै किसिमका पात्रहरूको प्रयोग यस उपन्यासमा गरिएको छ । यस दृष्टिले उपन्यास निकै महत्त्वपूर्ण देखिन्छ । उपन्यासमा लेखकले विशेष गरी काठमाडौँ उपत्यकामा रातोदिन पसिना बगाएर काम गर्ने किसान अष्टनारान, उनकी पत्नी लतमाया (पर्वते बाहुनकी छोरी रत्न माया) छोराहरू शिवनारान, पुननारां र हर्षनारांजस्ता पात्रहरू सिर्जना गरेका छन् । त्यसै गरी यसमा अष्टनारानकी छोरी नानीथकुं र बुहारी हाकुमाया र सिन्तली (नेवारकी छोरी) एवम् पुतली (तमाङपत्री)को भूमिकालाई सहयोगीका रूपमा लिएका छन् । डा. गोदत्तप्रसाद सूरमान सुब्बा, सुब्बाका नोकरहरू, रञ्जना देवी र रामखेलावन राउत (कुर्मी) जस्ता पात्रहरू पनि उपन्यासको कथानकमा संलग्न भएर आएका छन् । तल उन्यासका केही उल्लेखनीय भूमिका निर्वाह गर्ने पात्रहरूका विशेषतालाई स्पष्ट पार्नु उपयुक्त हुनेछ ।

(क) अष्टनारान : अष्टनारान यस उपन्यासका एक आदर्श चरित्र हुन् । उनले यस उपन्यासलाई यथार्थताको रौनक भरेका छन् । उनी निम्नवर्गीय किसानका प्रतिनिधि पात्र हुन् । उनको बौद्धिकताको स्तर निकै उच्च छ । विवेकी र इमानदार उनी आफ्नो पसिनामा विश्वास गर्दछन् । आडम्बर र कुरीतिले जकडिएको समाजमा नयाँ परिवर्तन ल्याउनका लागि क्रान्ति अनिवार्य हुन्छ भन्नेमा उनको दृढ विश्वास देखिन्छ । उनी मृत्युको मुखमा पुगिसकेका वृद्धहरूका लागि औषधी उपचार गर्नु व्यर्थ ठान्दछन् । मृत्युपछि गरिने दानदक्षिणा पनि अष्टनारान आवश्यक ठान्दैनन् । त्यसैले आफनो मृत्युपश्चात् त्यसो नगर्न परिवारका सदस्यहरूलाई सम्झाउँछन् । खेती गर्नु किसानको धर्म हो भन्ने उनको ठहर छ । किसानले पसिना बगाएर समाजलाई बचाइराखेको हुन्छ । असारका दिनमा किसानहरू खेतमा पसिना नबगाई घरमा विनाकाम बसे अनिष्ट हुन्छ भन्ने धारणा राख्दछन् । उनी जातिप्रथाका घोर विरोधी छन् । आफू नेवार भए पनि पर्वते बाहुनकी छोरी रत्नमाया (लतमाया)सँग बिहे गरेका अष्टनारानले आफ्ना छोराछोरीलाई आफूले मन पराएका जुनसुकै जातिकी केटीसँग बिहे गर्ने छुट दिएका छन् । उनी सङकुचित विचारधाराबाट निकै टाढा रहेका छन् । आर्थिक रूपमा विपन्न भए पनि सामाजिक दृष्टिले निकै धनी र उदार देखिन्छन् । ६५ वर्षपछि कडा रोगले थलिएका उनको सन्तानहरूले उपचारको धेरै प्रयत्न गरे पनि बचाउन सकेनन् । उनको दु:खद मृत्युले थापाथालीको कुरिया गाउँ (टोल) नै शोकमग्न भयो । समग्रमा उनी एक आदर्श, विवेकी इमानदार, परिश्रमी र प्रगतिशील किसानका रूपमा उपन्यासमा चित्रण भएका पाइन्छन् ।

(ख) शिवनारान : शिवनारान एक चिहान उपन्यासमा अष्टनारानका जेठाछोराको रूपमा उपस्थित भएका छन् । उनी पिता अष्टनारानका आदर्श गुणहरू अँगाल्ने असल छोरा हुन् । बाबुको मृत्युपछि घरको सबै जिम्मेवारी उनैको काँधमा आएको देखिन्छ । खेतीपाती र घरव्यवहारमा सबैजसो काममा उनको नेतृत्वदायी भूमिका देखिन्छ । शिवनारान आर्थिक समस्याले निकै सताइएका छन् । आफ्ना अगाडि उपस्थित समस्याहरू समाधान गर्न उनी सधैँ क्रियाशील देखिन्छन् । उनका चरित्रमा बाबु अष्टनारानका धेरै गुणहरू आनुवंशिक रूपमा आएका छन् । आँट साहसका धनी, परिश्रमी र धैर्यशील शिवनारान यस उपन्यासका महत्त्वपूर्ण चरित्र हुन् । शोषक र सामन्तहरूले गरेको अन्याय अत्याचारको उनी सधैँ विरोध गर्दछन् । डा. गोदत्तप्रसाद तथा सुब्बा सूरमानले गरेका अन्याय र अत्याचारको विरोधमा उनी र उनको परिवार दृढ रहनुमा उनको विशेष भूमिका रहेको छ । शिक्षाको उज्यालोबाट निकै टाढा रहेका उनी आधुनिक उपचार पद्धति भन्दा झारफुक र

जडिबुटीबाटै बिरामीको उपचार हुन्छ भन्नेमा विश्वास गर्दछन् सामाजिक प्रगतिका लागि रुढिवाद र अन्धपरम्पराको अन्त्य हुनुपर्छ भन्ने शिवनारानको विश्वास देखिन्छ । आफ्नो आर्थिक स्थिति सुधार गर्न दिनरात परिश्रम गर्ने शिवनारान खेतैमा कटेरो बनाई बालीको हेरचाह गरी बसेको बेलामा बाढीले बगाएर सपरिवारको मृत्यु हुनु उपन्यासका पाठकका लागि निकै दुःखद् अवस्था हो । आर्थिक सङ्कटका विरुद्ध सङ्घर्ष गर्दागर्दै दैवी मारमा परेको घटना निकै कारुणिक र दुःखदायी रहेको छ ।

(ग) डा. गोदत्तप्रसाद : एक चिहान उपन्यासमा डा. गोदत्तप्रसादले मानवताको कपटी रूपधारण गर्ने व्यक्तिको चरित्रधारण गरेको पाइन्छ । उसले शिवनारानलाई पहिले आर्थिक सहयोग गरेर दुःखमा मद्दत गरेझैं गरी बहिनी नानीथकुंको यौवनमा राल चुहाएको छ । वास्तवमा ऊ ब्वाँसो प्रवृत्ति भएको पात्र हो । उसमा भ्रष्टता, अनैकिता र मर्यादाहीनता जस्ता खराब प्रवृत्तिहरू प्रशस्त पाइन्छन् ।

समाजमा प्रतिष्ठित व्यक्तिका रूपमा परिचित हुँदाहुँदै पनि ऊ स्वार्थी र राक्षसी स्वभाव धारण गरी बसेको छ । तीन सन्तानको बावु भएर पनि डा. गोदत्त तरुनीहरूसँग रमाइलो गर्दै हिँड्ने केटौले र चञ्चले स्वभावको जस्तो छ । राम्रा युवतीहरू उसले देख्नै हुँदैन; वनावटी प्रेमजालमा फसाउन ऊ लागिहाल्छ । आफ्नो स्वार्थ सिद्ध गर्नुबाहेक अरू काममा दिलचस्पी नराख्ने ऊ नानीथकुंको सौन्दर्यमा हुरुक्क भएको देखिन्छ । शिवनारान र पत्नी रञ्जनादेवीले फट्कार्दा पनि ऊ नक्कली प्रेमलीलाबाट एक कदमसम्म पछि हटेको छैन । सरल हृदय भएकी किसानवालालाई आफ्नो मोहपारामा पारेर झुक्याएर बेहोस पार्ने सुई लगाई गोप्य स्थानमा पुऱ्याई उसको कुमारीत्वसँग खेली यौन स्वार्थपूर्ति गर्ने डा. गोदत्त नक्कली प्रेमीको नौलो दृष्टान्त हो । शिक्षित र प्रतिष्ठित भएर पनि उसले आफ्नो शिक्षा र प्रतिष्ठाको अवमूल्यन गरेको छ । सस्तो कामुकता प्रदर्शन गरेर समस्त चिकित्सक र चिकित्सा पेसाकै खिल्ली उडाएको छ । उसको चरित्र र व्यवहारले मानवताको उपहास गरेका छन् । वास्तवमा डा. गोदत्त समाजलाई पतनको खाडलमा धकेल्ने खलचरित्र हो । उसको चरित्रले उपन्यासको कथावस्तुलाई द्वन्द्व र गतिशीलता थपेर सजीव रूप प्रदान गरेको देखिन्छ ।

(घ) सुव्वा सूरमान : एक चिहान उपन्यासमा सुब्बा सूरमानले सामन्त वर्गको प्रतिनिधित्व गरेको देखिन्छ । काठमाडौंमा प्रशस्त जग्गाजमिन भएको सूरमान घरमा नोकरचाकर भएको उच्चवर्गको सौखिन व्यक्ति हो । ऊ निमुखा किसानहरूलाई खेत कमाउन दिएको बहानामा उनीहरूका गरिबीका घाउमा नुनचुक लगाउने शोषक पनि हो । सरल स्वभावका किसानहरूसँग बाठा एवम् रकमी कुरा गरी उनीहरूलाई आर्थिक शोषणका खाडलमा खसाउनु नै उसको मुख्य उद्देश्य रहेको हुन्छ । निरङ्कुश राणाशासनका अवशेषका रूपमा रहेका यस्ता शोषक र सामन्तहरू नै सामाजिक समुन्नतिका अवरोधक हुन् । सम्पतिको धाक, धम्की र घमण्डका आडमा सोझा किसानहरूको इज्जत र अस्तित्वसँग खेल्न पनि ऊ हिच्किचाउँदैन । सुख्खाले बाली बुझाउन नसकेको किसानको मर्ममाथि प्रहार गर्दै शिवनारानकी बहिनी नानीथकुंलाई हत्याउन बाली मिनाहा गर्ने र देशीतानको लोभ देखाउने जस्ता विभिन्न तानाबाना बुन्नसमेत ऊ पछि पर्दैन । मरिसकेका अष्टनारानले छोरीको बिहे आफूसित गरिदिने बचन दिएको भन्ने झूठो कुरा गरी उसले लतमायालाई आफ्नो जालमा पार्न लागिसकेको हुन्छ । ५७ वर्ष पुगिसके पनि ऊ २० वर्षको युवतीसँग रमाउने इच्छा लिएर बाँचिरहेको छ । वास्तवमा सुब्बा सूरमान निमुखा किसानको रगत चुस्ने जुकाजस्तै छ । आफ्नो स्वार्थपूर्ति नहुने देखेपछि ऊ आफ्ना भरौटे लठेतहरू समेत लिएर गई शिवनारानलाई धम्क्याउनेसम्म दुष्प्रयास गर्छ । सत्यको जीत हुन्छ भनेझैं सूरमानको षडयन्त्रलाई किसानहरूले असफल बनाइदिन्छन् । उपन्यासमा सूरमानले सामाजिक दुष्टतालाई आत्मसात् गरेको देखिन्छ । धनको धाक र घमण्डबाट सरल किसानहरूमाथि जुलुम र अत्याचार गर्नु सुब्बा सूरमानको दैनिकी हो । धाक, घमण्ड, झूट, कपट, जालझेल, स्वार्थ र षड्यन्त्र नै उसका चारित्रिक विशेषता हुन् ।

(ङ) नानीथकुं : प्रस्तुत उपन्यासमा नानीथकुंले सुन्दरी नेवार युवतीको भूमिका निर्वाह गरेकी छ । भर्खरै २० वर्षमा हिँडेकी उसमा यौवनको फूल ढकमक्क फुलेको हुनाले अनुहारमा सौन्दर्यको ज्योति जग्मगाएको छ । ऊ किसानको घरमा जन्मेकी राजकुमारीजस्तै छ । उसको अनुहारमा सधैंजसो मुस्कान खेलिरहेको हुन्छ । हिसी परेको चेहराले उसको बाह्य व्यक्तित्वलाई आकर्षक बनाएको छ । शारीरिक सुसङ्गठनले पनि उसमा

जोसुकैलाई लोभ्याउन सक्ने गुण पाइन्छ । गोरो वर्ण, गालामा यौवनको प्राकृतिक लालिमाले उसको शरीरमा सुनमा सुगन्ध थपिदिएका छन् । आधुनिक सिंगारका प्रसाधनबाट टाढा भए पनि उसमा प्रकृतिले नै सिँगार पटार गरी रूप लावण्यले भरिभराउ बनाएको छ । कुरिया गाउँका युवाहरूमा चर्चाको केन्द्रविन्दु बनेकी नानीथकुंलाई पहिलो पल्ट देख्नासाथ डा. गोदत्त उसको सौन्दर्यमा लोभिएको हो । बुद्धि कम र संवेदनशीलता बढी भएकी ऊ डा. गोदत्तको बनावटी प्रेमलीलामा भुलेकी छ । ऊ अल्लारे र अपरिपक्व युवती हो । ऊ आफूले कस्तो पुरुषसँग प्रेम गर्ने र भविष्यको जीवनयात्रालाई कसरी लैजाने भन्ने आफ्नो सोचाइ नभएकी केटी हो । आफ्नो प्रेमीको उमेर र योग्यतासमेत नसोध्ने ऊ डा. गोदत्त, सुब्बा सूरमान र रामखेलावन राउत जोसुकैसँग प्रेम प्रसङ्ग तथा बिहेका कुरा चल्दा प्रसन्न बनेकी देखिन्छे । उसमा आफ्नो मौलिक सोच र वैचारिक परिपक्वता पाइँदैनन् । आफ्नै दाजु शिवनारान र रञ्जनादेवीले नारीको इज्जत, आदर्श र अस्मिता बारे लामो व्याख्या गरेपछि केही सचेत बने पनि डा. गोदत्तको चिप्ला कुरा र नक्कली प्रेममा परेपछि सबै बिर्सन्छे । ऊ आफ्नो यौवन र सुन्दरताको समेत रक्षा गर्न असमर्थ हुन्छे । जोसमा होस गुमाउने ऊ रोपाइँका दिन खेतमा मसला बाँड्ने निहुँले आएको डा. गोदत्तसँग परिवारका मान्यजन र खेतालाका अगाडि हात हालेर जिस्किन र हिलो छ्यापाछ्याप गर्न पनि लाज मान्दिन । उसलाई डा. गोदत्तको नक्कली प्रेमको भुत नै लागेको छ । ऊ बेला कुबेला डाक्टरलाई आफ्नो घरको कोठासम्म पुग्ने अनुमति दिन्छे र आफूसमेत डा. गोदत्तका घरमा गएर प्रेमालाप गर्दछे । डा. गोदत्तले हैजाको सुई भनी लठ्याउने सुई लगाएर कालिकास्थानको गोप्य डेरामा पुऱ्याएपछि त्यहाँ डेढ महिनासम्म बसी उसले डा. गोदत्तको राक्षसी प्रवृत्तिको सिकार बन्नु परेको छ । उसले डा. गोदत्तको अवैध गर्भ पेटमा पालेकी छ । पछि उसलाई आफ्नो कुकर्म र बेवकुफीको पश्चाताप पनि हुन्छ । अन्त्यमा दाजु शिवनारानले सर्लाहीको रामखेलावन राउतसित बिहे गरिदिएपछि सन्तोषका साथ दाम्पत्य जीवन बिताउन थाल्दछे । यसरी नानीथकुं उपन्यासमा छलकपट नभएकी सरल हृदय भएकी आफूसँग मायाप्रीतिको प्रस्ताव राख्ने मानिसको भित्री रूप राम्ररी चिन्न नसक्ने सुन्दरी किसानपुत्रीका रूपमा चित्रण गरिएकी छ ।

(च) रञ्जनादेवी : एक चिहान उपन्यासमा रञ्जनादेवीलाई स्वस्थ चिन्तन र गहन विचार भएकी पठित र सुशिक्षित महिलाका रूपमा लिन सकिन्छ । उनले कुलतमा परेकालाई सुधार गरी असल बाटो देखाउने प्रयास गरेकी छन् । समाजको हित र परिवारको उन्नतिका लागि उनी सधैँ क्रियाशील छिन् । उनी प्रोफेसर निरञ्जनराजकी छोरी हुन् । सभ्य र सुसंस्कृत खानदानकी रञ्जनादेवी निकै चलाख र बुद्धिमती छन् । उनले एस.एल.सी. उत्तीर्ण गरेर वनारस विश्वविद्यालयमा आई.ए. सम्म पढेकी छन् । उनी निर्धक्क एवम् बोलक्कड स्वभावकी छन् । आधा कपाल फुलिसकेको र तीन सन्तानको बाबु आफ्नो श्रीमान् डा. गोदत्तको आचरण र व्यवहारमा परिचित उनी बेलामौकामा उसका करतुतहरू उदाङ्गो पारी सतर्क गराउन पनि पछि पर्दिनन् । समाजमा रहेको आफ्नो इज्जत र प्रतिष्ठाप्रति सधैँ सजग उनी डा. गोदत्तलाई नैतिकता र मर्यादाको मार्गदर्शन पनि गर्दछिन् । उनी नारी अधिकार र अस्तित्वका बारेमा सचेत र सजग हुनाका साथै यस विषयमा धाराप्रवाह भाषण गर्न सक्छिन् । आफ्नो लोग्ने डा. गोदत्त तथा उसकी प्रेमिका नानीथकुंलाई अनैतिक आचरणबाट जोगाई असल बाटामा ल्याउन उनले निकै प्रयास गरेकी छन् । नानीथकुं घरबाट हराइसकेपछि पनि उनले शिवनारानलाई उसको खोजीका लागि सहयोग पनि गरेकी छन् । आफ्नो श्रीमान्लाई नानीथकुंको आकर्षणबाट अलग्याउन शिवनारानको खेतैमा गई आफ्नो तर्फबाट पनि सक्दो सहयोग पुऱ्याएकै हुन् । नारी अधिकार एवम् बौद्धिकताले सचेत, आफ्नो मर्यादा र अनुशासन नबिर्सने रञ्जनादेवी शिक्षित नारीको प्रतिनिधित्व गर्ने एक उल्लेखनीय नारी पात्रका रूपमा उपन्यासमा चित्रित छिन् ।

५.  'एक चिहान' उपन्यासको परिवेश / समाजचित्रण :

एक चिहान उपन्यास २००७ सालको राजनैतिक परिवर्तन पछिको काठमाडौं उपत्यकाको जनजीवनमा आधारित छ । २००७ सालमा शताब्दीदेखि शासनसत्तामा जरा गाडेर बसेको हुकुमी एवम् निरङ्कुश शासनको विरोधमा क्रान्ति हुन्छ र प्रजातन्त्रको स्थापना हुन्छ । मुलुकमा प्रजातन्त्र आए पनि समाजमा युगौंदेखि जरा गाडेर बसेको सामन्ती संस्कार र संरचना बदलिसकेको हुँदैन । उच्च र निम्न वर्गका बीचमा ठूलो अन्तराल कायमै हुन्छ । सामन्तहरूले निम्न वर्गको इज्जत र अस्मिता माथि कुल्चेर आफ्नो हैकम जमाउन छोडेका हुँदैनन् । समाजमा शिक्षा तथा चेतनाको स्तर उठ्न सकेको पाइँदैन । यस्तो पृष्ठभूमिमा लेखिएको प्रस्तुत उपन्यासमा तदनुरूपको परिवेश (समाजचित्रण) पाइन्छ ।

एक चिहान उपन्यासमा काठमाडौं उपत्यकाको समाज चित्रण पाइन्छ । यसमा लेखकले यहाँका आदिवासी नेवार जातिका सांस्कृतिक, सामाजिक र आर्थिक स्थितिलाई यथार्थ रूपमा उतारेका छन् । नेवारहरू निकै मेहनती हुन्छन् । उनीहरू आफ्नो काममा कठोर परिश्रम गर्दछन् । तिनै नेवार सम्प्रदायका किसानहरूको दिनचर्यालाई उपन्यासले प्रस्तुत गरेको छ । निम्नवर्गका किसानको आफ्नो कमाउने खेतसम्म छैन । उनीहरू खेतमा पसिना बगाउँछन् मात्र; खेतको उत्पादनको धनी तल्सिङ हुन्छ । किसान र श्रमिकको परिश्रम र पसिनामा धनी र शोषकहरूको रजाइँ हुन्छ । यस उपन्यासमा किसानको श्रमको अवमूल्यन भएको पाइन्छ । उनीहरूको श्रम, सीप र मेहनतको सम्मान हुँदैन । उनीहरूको इज्जत र अस्मितामाथि ठूलाबडा भनाउँदाको हैकम चल्दछ । यो उपन्यास निम्नवर्गीय किसान र श्रमिकहरूका दैनिक जीवनका समस्याहरूले जेलिएको छ । किसान, सिकर्मी, डकर्मी, ज्यामीहरूलाई रातदिन पसिना बगाउँदा पनि हातमुख जोर्न धौ धौ हुन्छ । आफ्ना घरायसी तथा व्यावहारिक सङ्कटको समाधानका लागि उनीहरूका सहाय भनेका टोल छिमेकका सामन्त र शोषकहरू नै हुन् । ती निमुखा किसान र श्रमिकहरूलाई सामन्तहरूले गरेको अन्याय, अत्याचारको जीवन्त चित्र यस उपन्यासमा स्पष्ट रूपमा देखिन्छ । उच्चवर्गले निम्नवर्गमाथि गरेका थिचोमिथो र दुर्व्यवहारलाई लेखकले यहाँ सटीक रूपमा उतारेका छन् ।

वर्ग द्वन्द्वको टड्कारो स्थिति एक चिहान उपन्यासमा देखिन्छ । गरिब र सोझा किसानले तल्सिङको दम्भ र अहङ्कारको दास बन्नु पर्दछ । सम्पत्तिको अभावले बाबुको अन्त्येष्टि र बहिनीभाइको बिहे गर्न नसक्ने किसान र श्रमिकमाथि दया र उदारताको आवरणमा शोषक र सामन्तहरूले देखाएका दुर्व्यवहारबाट निकै नै मार्मिक परिस्थिति सिर्जना हुन पुगेको छ । आफ्नो आर्थिक दुरावस्था र सामन्तहरूको शोषणसँग जुधिरहेकै अवस्थामा तिनै किसान र श्रमिकले दैवी तथा प्राकृतिक प्रकोपको प्रहारमा परी सपरिवार एकै चिहान बन्नु परेको दुःखद् स्थिति उपस्थित हुन्छ । यो स्थिति उपन्यासका पाठकका लागि निकै कारुणिक बन्न पुगेको छ । उपन्यासकारले प्रस्तुत उपन्यासमा अष्टनारान (शिवनारान) का परिवारले झेल्नु परेको दुःख र गर्नुपरेको सङ्घर्षजन्य परिवेशको चित्रण गरेका छन् । यस बाहेक किसानहरूको चाडपर्व, खेतीपाती, रहनसहन, भोजभतेर, ढङ्गढाँचा, भेषभूषा, चालचलन, जीवनशैली आदि विशेषताहरूलाई परिवेश/समाजचित्रणका रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

६.  'एक चिहान' उपन्यासको सन्देश

एक चिहान प्रगतिशील विचारधारा आत्मसात् गरी लेखिएको सामाजिक उपन्यास हो । यथास्थिति प्रगतिको अवरोधक हो । यथास्थितिमा प्रगति असम्भव नै हुन्छ । विकृति, विसङ्गति र विरोधाभासहरू अधोगतिका सूचकहरू हुन् । सामाजिक प्रगतिका लागि त्यस किसिमका विषम स्थितिबाट माथि उठ्नै पर्दछ । विद्यमान कुरीति र कुसंस्कारका ठाउँमा नवीन मान्यता र नयाँ परम्पराको जग बसाल्नै पर्छ । यसका लागि आदर्श मार्ग अवलम्बन गरी अग्रगमनतर्फ लाग्नुपर्छ । उपन्यासकार हृदयचन्द्र सिंह प्रधान समाजलाई प्रगति तथा अग्रगमनतर्फ उन्मुख गराउने उद्देश्य लिई कलम चलाउने सचेत साहित्यकार हुन् । उनले आफ्नो उपन्यासमा समाजका रुढिवादी कुप्रथाको विरोध गरी सुधारको सन्देश दिएका छन् । अन्धपरम्परा, आडम्बर, जातिगत सङ्कीर्णता र कट्टरता प्रगतिपथका व्यवधान वा तगाराहरू हुन् । लेखकले उपन्यासमा यस्ता खराबीप्रति तीव्र विरोध जनाएका छन् । यस उपन्यासमा विशेष गरी निमुखा किसानहरूको दिनचर्या प्रस्तुत गरिएको छ । लेखकले किसानहरूले दैनिक जीवनमा भोग्नुपरेका समस्या र बेहोर्नुपरेका व्यवधानहरूको विस्तृत व्याख्या गरेका छन् । समाजमा वर्गभेदको स्थिति स्पष्ट रूपमा देखिएको हुनाले लेखकले उपन्यासमा यसको अन्त्य नभई उन्नतिका द्वार खुल्न नसक्ने वास्तविकतातिर पाठकको ध्यानाकर्षण गरेका छन् ।

उनले यहाँ जातिगत सङ्कीर्णताबाट माथि उठेर नेपालमा सबै जाति र सम्प्रदायको साँस्कृतिक समन्वयको परिकल्पना गरेका छन् । नेपाल राष्ट्र हिमाल, पहाड, तराई लगायत सम्पूर्ण क्षेत्रका बासिन्दाको जन्मभूमि हो । सबैले यहाँ आफ्नो व्यक्तित्व विकास गर्ने अवसर पाउनु पर्छ भन्ने आदर्श विचार लेखकले अघि सारेका छन् । जातिगत सङ्कीर्णता राष्ट्रिय एकताको मुख्य अवरोध भएकाले त्यस्तो अवरोध रहेसम्म राष्ट्रोन्नति सम्भव नहुने धारणा उपन्यासमा रहेको छ । त्यसै हुनाले उपन्यासकार प्रधानले प्रस्तुत उपन्यासमा सांस्कृतिक समन्वयको आधारशिलामा नेपालको सुन्दर चित्र कोर्ने काम गरेका छन् । नेपालीहरूले फुटेर होइन जुटेर आफ्नो घर (नेपाल) लाई बलियो बनाउनुपर्छ भन्ने उनको आशय देखिन्छ । यहाँ जनता जनताका बीचमा शोषक र शोषित, धनी र गरिब, उच्च र निम्न, मालिक र मजदुरजस्ता वर्गीय विभेदका रेखाहरू कोरेर होइन समानता, स्वतन्त्रता, मानवीयता, र भेदभावरहित भावनाको सम्बन्ध हुनुपर्छ, विरोध र वैमनस्य होइन मेलमिलाप र मैत्री भाव कायम रहनुपर्छ भन्ने आदर्श विचार व्यक्त गरिएको पाइन्छ । यस उपन्यासमा एउटा वर्गले रातदिन मेहनत गर्दा पनि बिहान बेलुका हातमुख जोर्न कठिन हुने र अर्को वर्ग तिनै गरिबका पसिनामा मोज गरी हैकम चलाउने परम्परा अन्त्य हुनुपर्छ भन्ने दृष्टिकोण राखिएको छ । 'नेवार बिग्रियो भोजले' भन्ने उक्तिको आशयलाई मनन गरी लेखकले भोज भतेरजस्ता कुसंस्कारको विरोध गरेका छन् । त्यसरी नै मानिसका अन्तिम अवस्थामा गरिने दानदच्छिना र क्रियाकर्मलाई अनावश्यक ठानेका छन् । विवाह दुई प्रेमीको मिलन गराउने आदर्श विधिविधान हो । यसलाई अनावश्यक खर्च र आडम्बरबाट टाढा राख्नुपर्छ भन्ने लेखकको सन्देश रहेको छ । किसानहरू खेतमा रमाउने भएकाले उनीहरूका लागि डोकोनाम्लो, कुटो कोदालो, हँसिया, खर्पन, नोल जस्ता सामानहरू बिहेमा उपहार दिने नयाँ चलन बसालेर उनले समाजलाई नयाँ परिपाटीतिर ढाल्ने प्रयत्न गरेका छन् । यसरी प्रस्तुत उपन्यासले नेपाली समाजमा विद्यमान विकृति, विसङ्गति र बेमेलका खाल्डाखुल्डीहरू पुरेर यसलाई प्रगतिको मार्गमा अग्रसर गराउने नयाँ दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ ।

७. 'एक चिहान' उपन्यासको शीर्षकको सार्थकता

एक चिहान उपन्यासको कथानक अनौठो र रहस्यमय ढङ्गले समाप्त भएको छ । यस उपन्यासको शीर्षक विषयवस्तुबाट केही भिन्न तरिकाले राखेको देखिन्छ । यस उपन्यासमा अष्टनारानको परिवारले ठूलो सङ्घर्ष गरेको देखिन्छ । उनीहरू क्रमश: आफ्ना व्यावहारिक र आर्थिक समस्यासँग जुधेर विजयी बन्दै आएका हुन्छन् । वृद्ध अष्टनारानको मृत्युले शोकाकुल बनेको परिवार धैर्य र सहिष्णुता अँगालेर आआफ्ना पेसा (खेती, सिकर्मी, डकर्मी, कपडा बुनाइ पेसा) लाई अघि बढाउँदै लैजान्छन् । डा. गोदत्त र तल्सिङ सूरमानले बेलाबखतमा बाधा पुऱ्याउन खोजे पनि उनीहरूको दैनिक गतिविधिमा अवरोध नै पुगेको देखिँदैन । कान्छो भाइ हर्षनारां र बहिनी नानीथकुंको बिहे गरिदिन चिन्तित शिवनारान डा. गोदत्त र बहिनी नानीथकुंको प्रेमप्रसङ्गबाट अझ पिरोलिएका देखिन्छन् । डा. गोदत्तले हैजाको भनेर लठ्याउने सुई दिई बहिनीलाई भगाएर डेढ महिनासम्म बेपत्ता पार्दा उनका मनमा भय, पीर, चिन्ता, अन्योल र आशङ्काको भुमरी चल्दछ । बहिनीलाई फेला पारी उसको रामखेलावन राउतसित र भाइ हर्षनारांको पुतली तामाङसित बिहे भएपछि आफ्ना व्यावहारिक झमेला र जिम्मेवारीबाट शिवनारान मुक्त हुन्छन् । यसपछि उनी एक चित्तले खेतीको रेखदेख, स्याहारसुसार र संरक्षणमा लाग्दछन् । यस्तो परिस्थितिमा उनी र उनका परिवारजनको उदय र उन्नति हुनुको सट्टा अचानक दैवी तथा प्राकृतिक प्रकोपको प्रहार हुनु विडम्बना वा अभिशाप नै हो । सामान्य पाठकका लागि यो एक असहनीय स्थिति हो । यसले शिवनारानका निम्ति कता कता लेखकीय न्याय नभएको हो कि भन्ने अनुभूति पाठकवर्गमा पर्दछ । आफ्ना सबैजसो समस्या र उल्झनमा विजयी बन्दै आएका शिवनारानले प्रकृतिको प्रहारमा परी दण्डित हुनु प्राकृतिक न्यायका दृष्टिले पनि उचित देखिँदैन । वास्तवमा उपन्यासको यो दु:खद् अन्त्य अस्वाभविक र नाटकीय देखिन्छ । शिवनारान र उनको परिवारले अष्टनारानको मृत्युशोक सहे; डा. गोदत्त र तल्सिङ सूरमानको अपशब्द र अपमान सहे; आर्थिक तथा व्यवहारिक समस्याहरू झेले अब त उनी र उनको परिवार समृद्धिको बाटो लागेको हुँदा सुन्दर भविष्यको सूर्योदय देख्ने छन् भन्ने पाठकको अपेक्षामा तुषारापात हुन्छ । पाठकको संवेदना विपरीत भयङ्कर वर्षा र बाढीको प्रकोपले उनका घर कटेरा भत्काई परिवारका सम्पूर्ण सदस्यहरू मृत्युको मुखमा पर्न विवश हुन्छन् । उपन्यासमा आएको यो दैवी प्रहारले पाठकको संवेदनामा मार्मिक तथा कारुणिक प्रभाव पारेको देखिन्छ । 'जहाँ दुखेको उहीँ लाग्छ चोट' भनेझैँ आर्थिक समस्याले थिचेर उठ्नै नसकेको अवस्थामा दैवी र प्राकृतिक रूपमा पुन: असहज वज्र प्रहार परेपछि शिवनारानको परिवारको

दु:खद अन्त भएको देखिन्छ । अन्तत: अस्वाभाविक, अप्राकृतिक र नाटकीय जस्तो भए पनि शिवनारानको परिवारका सबै सदस्यको मृत्यु भएको दु:खान्त परिणतिबाट यस उपन्यासको शीर्षक सार्थक बनेको पाइन्छ । यति हुँदाहुँदै पनि यो शीर्षक उपन्यासको विषयवस्तु वा कथानकसित मेल नखाएको हो कि जस्तो आभास पाठकका हृदयमा भइरहन्छ ।

## नमुना प्रश्नोत्तर

१) 'एक चिहान' उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।

के त ? यसको माने यही हो; किसानका छोरा केही होइनन् ? किसान केही होइन ? त्यसमा मनुष्यत्व केही छैन ? शिवनारानले पनि अलि दह्रो भएर जबाफ दिए । "किसान राजा हुन्, सम्राट हुन्, देउता हुन्, परमात्मा हुन् ।" व्यङ्गयभावमा रामबहादुरले भने ।

"किसान माथि व्यङ्गय हानेर तपाईं यस्तो उपेक्षित कुरा नगर्नु होला रामबहादुरजी तपाईंलाई म यो पनि बताइदिन चाहन्छु- एक चोटिलाई मैले क्षमा गरेको छु । किसान अरू केही थोक नभए तापनि तपाईंको अन्नदाता हो, आफ्नो पसिना बगाएर समाज र देशलाई पाल्ने र रगत दिएर संसारलाई जिन्दगी दिइ रहने एउटा त्यागी र तपस्वी जाति हो । अझ यो भन्दा पनि बढ्ता तपाईं थाहा पाउन चाहनु हुन्छ भने पसिनाको परिश्रम र बलिदानको नातामा संसारमा सबभन्दा ठूलो किसान हो, जसलाई तपाईं ईश्वर भन्न चाहनु हुन्छ कि परमेश्वर अथवा जे भन्नोस् ।" बडो गर्वसाथ शिवनारानले भने ।

प्रश्नहरू:

क) माथिको गद्यांशमा आएको रामबहादुर कस्तो पात्र हो ? उपन्यासका आधारमा स्पष्ट पार्नुहोस् :

ख) उपर्युक्त गद्यांशका आधारमा किसान जातिको महत्त्व र तिनमा आएको क्रान्ति चेतनाको विश्लेषण गर्नुहोस् :

उत्तर:

(क) माथिको गद्यांशमा आएको रामबहादुर 'एक चिहान' उपन्यासमा सुब्बा सुरमानको नोकरका रूपमा आएको एक खल चरित्र हो । ऊ सुब्बाको आदेश मान्छ । उपन्यासमा उसले सुब्बा सुरमानकै चारित्रिक विशेषता अङ्गालेको छ । रामबहादुर सुब्बाको आदेशमा शिवनारान जस्ता किसाललाई अत्याचारका जालमा पार्न चाहने व्यक्ति हो । सुरमानको मतियार भएकाले उसमा सामन्ती संस्कार रहेको देखिन्छ , उपन्यासमा उसले सोझा र सिधा किसानका मर्ममा नुनचुक दल्ने काम गरेको छ । किसानको रगत, पसिना र स्वाभिमानसँग खेल्न चाहन्छ । सुब्बाको उक्साहटमा परेर उसले शिवनारानमाथि ठूलो अत्याचार गरेको छ । ऊ किसानलाई धाकधम्की देखाएर आफ्नो स्वार्थसिद्ध गर्न चाहन्छ । उसले किसानको परिश्रमको उपहास गरेको छ र मेहनतको धज्जी उडाएको छ । किसानलाई राजा, देउता र परमात्माको संज्ञा दिएर व्यङ्गय गर्ने रामबहादुर आफ्नै अन्नदाताको उपेक्षा र अपहेलना गर्ने समाजविरोधी चरित्र हो । ऊ समाजलाई नै आफ्नो दुष्टताले कलङ्कित गर्न चाहन्छ । वास्तवमा ऊ धाकधम्की, घमण्ड, झूटकपट, जालझेल, षडयन्त्र र स्वार्थमा रमाउने चरित्रको एक प्रतिविम्ब हो ।

(ख) किसान आफ्नो श्रम र पसिनामा बाँच्ने जाति हो । ऊ ऐसआराम र सुखसयलभन्दा धेरै टाढा हुन्छ । रातदिन परिश्रम गर्ने किसानलाई श्रमजीवी जातिका रूपमा चिन्न सकिन्छ । माथिको गद्यांशमा काठमाडौँको कुरिया गाउँका नेवार किसान शिवनारानको स्वभाव देखाइएको छ । उनले सुरमान सुब्बाको नोकर रामबहादुरलाई परिश्रमी किसानको महत्त्व दर्साएका छन् । किसान कुनै राजा र देउता नभए पनि ऊ समाजलाई पाल्ने व्यक्ति हो । ऊ वास्तविक अन्नदाता हो । उसैले ठूला, सभ्रान्त, शिक्षित वर्गका चुलाचौकामा दालचामल र सागसब्जी पुऱ्याउने गर्दछ । उसले दूधदही र फलफूलको उत्पादन गर्छ । ऊ हुरीबतास र घामपानीको परबाह नगरी खेतमा काम गर्छ । वास्तवमा उसको जीवन प्रशंसनीय र सम्मानयोग्य छ ।

सरल जीवनशैली अँगाले किसानले आफूलाई लगनशील एवम् क्रियाशील व्यक्तिका रूपमा आफ्नो चिनारी दिँदै आएको छ । खेतमा दिनभरि पसिना बगाएर पनि ऊ आफ्नो स्वाभिमानमा बाँच्न चाहन्छ । समाजका टाठाबाठा र शोषकसामन्तको थिचोमिचो ऊ पटक्कै सहँदैन । किसान अन्याय र अत्याचारको घोरविरोधी

हो । 'यो सोझो छ, यसलाई जे भने पनि मानिहाल्छ' भन्ने सोचाइ अब पुरानो भइसक्यो । किसानवर्ग पनि आफ्नो हक अधिकारप्रति सचेत र सजग भइसकेको छ । मृत्यु भएका बाबु अष्टनारानले भनेको भनी आफ्नी २० वर्षकी बहिनी नानीथकुंसित बिहे गर्न चाहने सुब्बाको चालबाजी र षडयन्त्र दाजु शिवनारानले राम्रोसँग बुझेका छन् । उनी आफ्नी बहिनीलाई सुब्बालाई सुम्पन चाहँदैनन् । उनी सामन्तहरूको हैकमलाई स्विकार्न चाहँदैनन् । बरू शोषकहरूको विरोधमा आवाज बुलन्द गरेर क्रान्तिको मसाल बाल्न चाहन्छन् । त्यसैले अहिलेका किसान थिचोमिचो र अत्याचार सहेर बस्न रूचाउँदैनन् । उनीहरूमा क्रान्तिको चेतना आइसकेको छ भन्ने सङ्केत 'एक चिहान' उपन्यासबाट उद्धृत माथिको गद्यांशबाट स्पष्ट हुन्छ ।

## नमुना प्रश्न

१) तलको उपन्यांशको अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

बेस भयो, नेवार पर्वतेको सम्बन्ध अझ बलियो हुन आँटेछ । यस्तै नेवार, पर्वते र मधेसी तीन जाति र संस्कृति एक हुँदै गएपछि नेपाल अझ सुन्दर र विशाल हुँदै जान्छ । यो काममा हाम्रो घर धेरै अगाडि बढ्दै छ । हुन्छ, भोलि दुलही भित्र्याएर हाम्रो छाप्रोलाई स्वर्ग बनाउन कोसिस गर, भन भोलि नै । म पनि भोलि बिहानै घर आउने छु ।

<u>प्रश्नहरू</u>

अ) यस अनुच्छेदको तात्पर्य लेख्नुहोस् ।

आ) शिवनारानको चरित्रचित्रण गर्नुहोस् ।

२) एक चिहान उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।

"त्यो भए डर लाग्दो कुरा छ बाबु ; अब कहिल्यै नबोलाउनू ती डाक्टरलाई फेरि । मलाई राम्रै थाहा छ उनी हृदयमा लेश पनि दया भएका मानिस होइनन्; आजसम्म टोलको कोही बिरामीलाई मुफतमा हेरि दिएका पनि छैनन् ।" सशङ्कित भावमा अष्टनारानले भने ।

वृद्ध, अनुभवी आफ्ना बाबुको यो कुरा सुनेर शिवनारानको हृदयमा पनि शङ्काको बीजारोपण भयो तापनि आपत्मा काम दिएको हुनाले उनको गरिबीले त्यो शङ्कालाई जिउन दिएन । यसैले शिवनारानले आफ्नो पिताज्यू अष्टनारानलाई सम्झाएर भने- "डाक्टर गोदत्त प्रसाद सायद अगि खराबै थिए होलान्, तर पछि बदलिने मानिसहरू पनि त धेरै छन् बा ; कति दयालु मानिस पनि त पछि अनौठोसँग निर्दयी भएर गएका छन् ।"

<u>प्रश्नहरू:</u>

क) माथिको प्रथम अनुच्छेदमा गोदत्त प्रसादको चरित्रबारे गरिएको आशङ्का कत्तिको उचित छ ? तर्कसहित लेख्नुहोस् ।

ख) माथिको दोस्रो अनुच्छेदमा व्यक्त गरिएको भनाइ अनुसार गोदत्त प्रसादमा परिवर्तन आएकै हो त ?

# उच्च माध्यमिक शिक्षा परिषद्
# अनिवार्य नेपाली विषयको पाठ्यक्रम
# कक्षा ११

**पूर्णाङ्क: १००**
**पाठ्यभार: १५० घण्टा**

**पाठ्यक्रम परिचय:**

यो पाठ्यक्रम उच्च माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको नेपाली भाषा सम्बन्धी आधारभूत क्षमताको विकासका निम्ति राखिएको हो । यस पाठ्यक्रममा मूलत: विद्यार्थीको पढाइ र लेखाइ क्षमताको विकासका लागि आवश्यक पर्ने पाठ्यवस्तुहरू समावेश गरिएका छन् । यसका लागि रचनाको पठन र आस्वादन, व्याकरण, बोध र अभिव्यक्तिलाई अन्त:सम्बन्धित गराई प्रस्तुत गरिएको छ । पाठ अन्तर्गत साहित्यिक कृति रहेका छन् भने भाषाको प्रयोगलाई शुद्ध तथा परिष्कृत तुल्याउन व्याकरण राखिएको छ । बोध र अभिव्यक्तिमा पठनबोध सम्बन्धी विषय र अभिव्यक्ति सीपको विकासका लागि आवश्यक पर्ने पाठ्यवस्तुहरू राखिएका छन् ।

**साधारण उद्देश्य :**

यस पाठ्यक्रमले विद्यार्थीहरूमा निम्नलिखित क्षमताको अभिवृद्धि गर्नेछ :

(क) स्तर अनुरूप विभिन्न विषय क्षेत्रमा प्रयोग हुने विविध प्रकृतिका कथ्य र लेख्य सामग्रीको पठन,बोध र अभिव्यक्ति क्षमता बढाउनेछ ,

(ख) निर्धारित साहित्यिक रचनाहरूको पठन र आस्वादन गरी विषयवस्तु,परिवेश र उद्देश्यवारे कथ्य वा लेख्य अभिव्यक्तिको क्षमता बढाउनेछ ,

(ग) नेपाली लेखनका क्रममा हुने भाषिक त्रुटिहरूप्रति सचेत भई तिनको निराकरण गर्ने सीप प्रदान गर्नेछ,

(३) व्यावहारिक लेखन सम्बन्धी अभिव्यक्ति क्षमताको विकास गर्नेछ र

(८.) व्याकरणको माध्यमबाट शुद्ध र स्तरीय नेपाली भाषाको प्रयोग गर्न सक्षम तुल्याउनेछ ।

**विशिष्ट उद्देश्य :**

यो पाठ्यक्रम पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :

क. नेपाली भाषाको उच्चारण प्रक्रियासँग परिचित भई शुद्धसँग उच्चारण गर्न,
ख. ज्ञान विज्ञानका विभिन्न क्षेत्रमा प्रयुक्त गद्यांशहरू विभिन्न प्रयोजनका लागि पढी उत्तर दिन,
ग. निर्धारित पाठ तथा रचनाहरूलाई विषयवस्तु, भाव, पात्र, परिवेश र भाषाशैलीका आधारमा अध्ययन गर्न,
घ. नेपाली लेखनमा शुद्ध वर्णविन्यासको प्रयोग गर्न,
ङ. नेपाली शव्दहरूको वर्ग पहिचान गरी सो अनुरूप प्रयोग गर्न,
च. विभिन्न वर्गका शव्दहरूको रूपायन गर्न र सो अनुरूप प्रयोग गर्न,
छ. विभिन्न प्रक्रियाबाट शब्दहरूको निर्माण गर्न,
ज. वाक्यका आधारभूत तत्वको पहिचान गरी वाक्य निर्माण गर्न,
झ. व्यावहारिक प्रयोजनका लागि आवश्यक पर्ने पत्र, विज्ञापन, सूचना, पाठक प्रतिक्रिया,व्यक्तिगत विवरण (बायोडाटा), तयार गर्न र
ञ. स्तर अनुरूपका निबन्ध टिप्पणी र प्रतिवेदन लेख्न ।

| क्रम सङ्ख्या | पाठ | व्याकरण | बोध | अभिव्यक्ति | पाठ्य भार |
|---|---|---|---|---|---|
| १. | कविता<br>**नेपाली हामी रहौंला कहाँ नेपालै नरहे**<br>माधव घिमिरे | अ) नेपाली वर्ण (कथ्य र लेख्य) को पहिचान<br>आ) (क) स्वर (ख) व्यञ्जन उच्चार्य व्यञ्जन वर्णको वर्गीकरण (स्थान,प्रयत्न,घोषत्व र प्राणत्व) | सामाजिक विषय (भाषा, जाति र संस्कृति) सम्बन्धी अनुच्छेदको बोध | कविताको भावार्थ लेखन सामाजिक/ सांस्कृतिक विषयमा | ७ |

| क्रम सङ्ख्या | पाठ | व्याकरण | बोध | अभिव्यक्ति | पाठ्य भार |
|---|---|---|---|---|---|
| | | | | अनुच्छेद लेखन | |
| २. | कथा<br>**छिमेकी**<br>गुरूप्रसाद मैनाली | अ) नेपाली अक्षरको पहिचान<br>आ) नेपाली अक्षरका प्रकार (स्व, स्वव्य, व्यस्व, व्यस्वव्य व्यव्यस्व, व्यव्यस्वव्य ,व्यव्यव्यस्व)<br>इ) शव्दलाई अक्षरमा विभाजन | वातावरण र स्वास्थ्य सम्बन्धी अनुच्छेदको बोध (प्रदूषण र मानवस्वास्थ्य विषयक) (अनुच्छेदको पठन विषयवस्तु तथा भाषा बोध) | कथासार लेखन | ७ |
| ३. | निबन्ध<br>**आइमाई साथी**<br>श्यामप्रसाद शर्मा | अ) तत्सम र आगन्तुक शव्दको वर्णविन्यासका प्रमुख समस्याक्षेत्र र त्रुटिहरूको पहिचान तथा निराकरण<br>आ) शव्दवर्ग: नाम,सर्वनाम,विशेषण र क्रियाको पहिचान<br>इ) भाषिक त्रुटि निराकरणमा शव्दकोशको प्रयोग र अभ्यास | निबन्धको अनुच्छेदबाट बोध र बुँदाटिपोट | -लैङ्गिक समता सम्बन्धी अनुच्छेद लेखन | ८ |
| ४. | कथा<br>**मधुमालतीको कथा**<br>रमेश विकल | अ) लेख्य चिन्ह र तिनको प्रयोग : पूर्णविराम, अर्धविराम, अल्पविराम, कोष्ठ,विकल्पबोधक,प्रश्नविराम,उद्गार,उद्धरण, विस्मयसूचक,निर्देशक र योजक चिह्नको पहिचान र प्रयोग<br>आ) शव्दवर्ग: नामयोगी, क्रियायोगी,संयोजक विस्मयादिबोधक र निपातको पहिचान | भूगोल सम्बन्धी अनुच्छेदको बोध र बुँदाटिपोट | -पात्रको परिचय लेखन<br>-अनुच्छेदमा चिन्ह प्रयोग | ८ |
| ५. | निबन्ध<br>**भलादमी**<br>लक्ष्मीप्रसाद देवकोटा | नेपाली शव्दको पहिचान, प्रकार र कार्य<br>अ)शव्दको पहिचान<br>आ)शव्दको प्रकार<br>(क)स्रोतको आधार- तत्सम, तद्भव ( अनुकरणात्मक समेत) र आगन्तुक<br>(ख) संरचनाको आधार-मूल र व्युत्पन्न<br>(ग) रूपायनको आधार-विकारी र अविकारी | निबन्धको मूल विचार र आशयको बोध | –निबन्धको मूल भाव/विचारका प्रस्तुति<br>–निबन्ध लेखन, (सामाजिक, सांस्कृतिक विषयमा आधारित) | ७ |
| ६. | कविता<br>**हर्कबहादुर**<br>दिनेश अधिकारी | क) उपसर्गद्वारा शव्द निर्माण :<br>अ) अ, अन, कु, बि, बे, बद, गैर, ना<br>आ) अ, अन्, अधि, अनु, अभि, अति, अव, अप, उप, आ, उत्, दु, दुर्, दुस्, नि, निः, निर्, निस्, परा, परि, प्र, प्रति, वि, सम्, सु<br>त्व प्रक्रियाद्वारा शव्द निर्माण<br>पूर्ण, आंशिक र आपरिवर्तित द्वित्व शव्द निर्माण | शिक्षा सम्वन्धी अनुच्छेदको बोध | निर्धारित अनुच्छेदको सङ्क्षेपीकरण | १० |

| क्रम सङ्ख्या | पाठ | व्याकरण | बोध | अभिव्यक्ति | पाठ्य भार |
|---|---|---|---|---|---|
| ७. | उपन्यासको अंश | क)प्रत्ययद्वारा शब्द निर्माण:<br>अ) अक्कड,अत,अन्त,आइ,आइ/याइ,<br>आउ,आली,<br>आलु,आवट,आहा/याहा,इया,<br>आ)<br>यार,इलो,ई,उवा,ए,एली,ओ,ओट,औली/यौली, ती,पन/पना,ली,ले<br>इ) अक, अन, अनीय, इक, इत, ई,<br>ईन/ईण, ईय, क, तर, तम, तव्य,ता, ति,<br>त्व, मय, मान, वान, य<br>ख)समास:<br>अव्ययीभाव,तत्पुरुष,कर्मधारय,द्विगु<br>(विग्रह र समास दुवै)<br>(उपन्यासको अंशबाट प्रत्यय लागेका व्युत्पन्न शब्दको खोजी गरी थप शब्द निर्माण तथा निर्धारित अंश र अनुच्छेदबाट समस्त शब्दको खोजी | निर्धारित अंशबाट बुँदाटिपोट र सङ्क्षेपीकरण | पात्र परिचय लेखन | १० |
| ८. | निबन्ध<br>**म फूल लिएर आउनेछु**<br>सुधा त्रिपाठी | क) समास प्रक्रियाद्वारा शब्द निर्माण - द्वन्द्व र बहुव्रीहि समास (विग्रह समेत)<br>ख) सन्धि र सन्धिभएका शब्दको पहिचान<br>ग)वाक्यको पहिचान र प्रयोग<br>–उद्देश्य र उद्देश्य विस्तार<br>–विधेय र विधेय विस्तार<br>–क्रियाका काल (भूत अभूत)<br>–पक्ष :<br>सामान्य,अपूर्ण,पूर्ण,अज्ञात,अभ्यस्त<br>–क्रियाका भाव :<br>सामान्य,आज्ञा,इच्छा,संभावना र संकेत | निर्धारित अंशको पठन र विषयबोध<br>(निर्धारित अंशको अनुच्छेदबाट बुँदाटिपोट गरी सङ्क्षेपीकरण) | –सरल वाक्य( उद्देश्य,उद्देश्य विस्तार विधेय, विधेय विस्तार भएका)मा कुनै विषयवस्तु,घटना आदिको वर्णन<br>–विभिन्न काल र पक्षको प्रयोग गरी अनुच्छेद लेखन<br>–विभिन्न भावका क्रियाको प्रयोग गरी अनुच्छेद लेखन । | १० |
| ९. | <u>कविता</u><br>**मानुषी**<br>पारिजात | पदक्रम<br>क) सामान्य पदक्रम<br>ख) विशिष्ट पदक्रम | वाणिज्य क्षेत्रसँग सम्वन्धित अनुच्छेदको बोध | –निर्धारित कविताको अध्ययनमा | ६ |

| क्रम सङ्ख्या | पाठ | व्याकरण | बोध | अभिव्यक्ति | पाठ्य भार |
|---|---|---|---|---|---|
| | | (कविताका पङ्क्तिबाट सामान्य र विशिष्ट पदक्रमको अध्ययन) | | आधारित भई कुनै कृतिको पाठक प्रतिक्रिया लेखन | |
| १०. | कथा<br>**रातभरि हुरी चल्यो**<br>इन्द्रबहादुर राई | (क) कारक र विभक्ति<br>अ) सरल र तिर्यक कारक<br>आ) कारक<br>कर्ता,कर्म,करणसम्प्रदान,अपादान,अधिकरण<br>(ख)कारकीय अर्थ, विभक्तिको प्रयोग र पहिचान<br>(ग) को, का, कीह रो, रा, री तथा नो, ना, नी को प्रयोग | कानुन तथा प्रशासन सँग सम्बन्धित अनुच्छेदको बोध | –सरल र तिर्यक कारकको प्रयोग गरी कुनै विषय घटना आदिको वर्णन<br>–विभिन्न कारकको प्रयोग गरी अनुच्छेद रचना<br>–व्यक्तिगत विवरण ( बायोडाटा) लेखन | ६ |
| ११. | कविता<br>**मेरो देश**<br>भूपी शेरचन | (क) तद्भव र तत्सम शब्दको वर्णविन्यास<br>) निर्धारित अनुच्छेदबाट तत्सम र तद्भव शब्दहरूको पहिचान | समाजशास्त्र सम्बन्धी अनुच्छेदको बोध | –पदपूर्ति सम्बन्धी विज्ञापन लेखन<br>–व्यावसायिक विज्ञापन लेखन | ७ |
| १२. | निबन्ध<br>**आलु**<br>भैरव अर्याल | (क) पद सङ्गति<br>(अ)लिङ्ग (पुलिङ्ग, स्त्रीलिङ्ग)<br>(आ)वचन (एकवचन बहुवचन<br>(इ) पुरुष (प्रथम,द्वितीय,तृतीय)<br>(ई)आदर (आदर, अनादर)<br>(ख) शव्दभण्डार<br>प्राविधिक, पारिभाषिक शव्दको अध्ययन | (क)निवन्धको निर्धारित अनुच्छेदको बोध र प्रश्नोत्तर<br>विज्ञान प्रविधि सम्बन्धी अनुच्छेदको बोध | लिङ्ग,वचन,पुरुष, आदर मिलाई सूचना लेखन | ८ |
| १३. | कथा<br>**शत्रु**<br>विश्वेश्वरप्रसाद कोइराला | (क) सरल, संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोग<br>(ख)निर्धारित कथाबाट सरल,मिश्र र संयुक्त वाक्यको पहिचान | सञ्चारसँग सम्बन्धित अनुच्छेदको बोध | –टिप्पणी लेखन/सम्पादकलाई चिठीलेखन | ७ |
| १४. | उपन्यास | वाक्यान्तरण<br>(क) संरचनागत (सरल,मिश्र,संयुक्त) | कृषि र वन सम्बन्धी अनुच्छेदको बोध | –निबन्ध (स्वास्थ्य, | ६ |

| क्रम सङ्ख्या | पाठ | व्याकरण | बोध | अभिव्यक्ति | पाठ्य भार |
|---|---|---|---|---|---|
| | | (ख) वाच्यगत (कर्तृ,कर्म,भाव)<br>(ग) कथन (प्रत्यक्ष, अप्रत्यक्ष)<br>(घ) ध्रुवीयता (करण अकरण)<br>(ङ.) वाक्यसंश्लेषण | | विज्ञान र प्रविधि नागरिक अधिकार र दायित्व, आर्थिक विकास आदि) | |
| १५. | <u>कथा</u><br>**हारजित**<br>भवानी भिक्षु | वाक्य संश्लेषण<br>(सरल वाक्यहरूलाई मिश्र वा संयुक्त वाक्यमा संश्लेषण) | कानुन, न्याय तथा मानव अधिकारसँग सम्बन्धित अनुच्छेदको बोध | प्रतिवेदन लेखन (गोष्ठी, भ्रमण, घटना आदिको) | १० |
| १६. | निवन्ध<br>**खाद्य सङ्कट र जैविक विविधता**<br>डा. तीर्थबहादुर श्रेष्ठ | शब्दभण्डार<br>(प्राविधिक तथा पारिभाषिक शब्द) | ग्रामीण विकाससँग सम्वन्धित अनुच्छेदको बोध | विज्ञान र प्रविधिसँग सम्बन्धित अनुच्छेद लेखन (जैविक विविधता, वातावरण, पुनर्नवीकरणीय ऊर्जा, विद्युतीकरण, आर्थिक विकास) | १० |
| १७. | <u>नाटक</u><br>**नालापानीमा**<br>बालकृष्ण सम | -क्रियाका भाव<br>-उक्ति परिवर्तन<br>-वर्ण र अक्षर | भाषा र साहित्यसँग सम्वन्धित अनुच्छेदको बोध | व्यावहारिक लेखन ( समवेदना, श्रद्धाञ्जली, बधाई, शुभकामना) | १० |
| १८. | कविता<br>**कान्छी,भट्टी र देश**<br>कृष्ण सेन इच्छुक | क्रियाका काल र पक्ष | इन्जिनियरिङ सम्बन्धी अनुच्छेदको बोध | -पत्ररचना (निवेदन व्यावसायिक निमन्त्रणा)<br>-विज्ञापन | ६ |
| १९. | <u>नाटक</u><br>**बहुलाकाजीको सपना**<br>विजय मल्ल | वाक्यका प्रकार र वाक्यान्तरण | समाजशास्त्र सम्बन्धी अनुच्छदको बोध | टिप्पणीलेखन –कानुन र नागरिक अधिकार संचार माध्यम | १० |

| क्रम सङ्ख्या | पाठ | व्याकरण | बोध | अभिव्यक्ति | पाठ्य भार |
|---|---|---|---|---|---|
| | | | | र जिम्मेवारी नता, जाति र भाषा | |

क) <u>पाठ्यपुस्तक</u>

**पाठ्यपुस्तक उच्च माध्यमिक शिक्षा परिषद् (सानो ठिमी) द्वारा तयार पारिनेछ ।**

**<u>सन्दर्भ सामग्रीहरू</u>**


१. माधव घिमिरे - **नेपाली हामी रहौंला कहाँ नेपालै नरहे,** *किन्नर किन्नरी,* साझा प्रकाशन, काठमाडौं

२. पारिजात - **मानुषी,** *बैँसालु वर्तमान*

३. भूपी शेरचन - **मेरो देश,** *घुम्ने मेचमाथि अन्धो मान्छे*

४. दिनेश अधिकारी - **हर्कबहादुर,** *धरतीको गीत* , साझा प्रकाशन

५. कृष्ण सेन इच्छुक - **कान्छी भट्टी र देश,** *इच्छुक रचनावली भाग –२*

६. गुरूप्रसाद मैनाली - **छिमेकी,** *नासो,* साझा प्रकाशन, ललितपुर

७. भवानी भिक्षु - **हारजित,**

८. विश्वेश्वरप्रसाद कोइराला - **शत्रु,** *दोषी चस्मा* , साझा प्रकाशन

९. रमेश विकल - **मधुमालतीको कथा**

१०. इन्द्रबहादुर राई - **रातभरि हुरी चल्यो,** *विपना कतिपय ,*श्याम ब्रदर्स दार्जिलिङ् २०२७

११. लक्ष्मीप्रसाद देवकोटा - **भलादमी** , *लक्ष्मी निबन्ध संग्रह* , साझा प्रकाशन

१२. भैरव अर्याल - **आलु**

१३. श्यामप्रसाद शर्मा - **आइमाई साथी**

१४. डा.तीर्थबहादुर श्रेष्ठ - **खाद्य सङ्कट र जैविक विविधता,** *हिमाल* २०६५-२-३२

१५. सुधा त्रिपाठी - **म फूल लिएर आउनेछु,** *जीवनसूत्र र स्वप्नाभास,* जिगीषा प्रकाशन, काठमाडौ २०५३

१६. बालकृष्ण सम - **नालापानीमा,** *चार एकाङ्की,* रोयल नेपाल एकेडेमी, काठमाडौ २०२०

१७. विजय मल्ल - **बहुलाकाजीको सपना** ,साझा प्रकाशन ,२०२८

१८. हृदयचन्द्र सिंह प्रधान, **एक चिहान**

१९. हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई - **प्रयोगात्मक नेपाली शब्दकोश**, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं २०६१

# HSEB-XI
## 2068 (2011)
### अनिवार्य नेपाली
**(नयाँ पाठ्यक्रममा आधारित)**

१. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

क) तल दिइएका वर्णहरूको उच्चारण प्रयत्न र घोषत्व चिनाउनुहोस् :
ख्, ङ, च्, ह्, व् ।

ख) तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्यासमेत देखाउनुहोस् :
झलझली, घोष, आज, अभिव्यक्ति, औचित्यपूर्ण ।

२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : ५

तेस्तै भासाको देषमा लवजको दसा हुन्छ कोही कोही शब्दहरू दूब्ला पातला भयेका छन् । तिनीहरूको प्राचिन महत्त्व उडेको छन् ।

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् ।३

भित्र हेर्न छाडेर बाहिरको विचार गर्नासाथ तिमी साहित्य देशमा गल्लीको बोक्रे भलादमी बनि पो हाल्दछौ ।

४. तलको अनुच्छेदबाट दुईदुई ओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : २

सडकको माझमा असहाय मेरो निरपानी रङ्गको सुन्दर शान्त र शालीन आलु घोडालाई आफ्नो भयानक पाङ्ग्राले किच्दै मोटर अघि बढ्यो, अनि मेरो कानमा आवाज आयो ।

५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् । २×३=६

क) तलको अनुछेदबाट छ ओटा उपसर्ग व्युत्पन्न शब्द र छ ओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् :

जैविक विविधताले मानवीय शान्तिमय मात्र होइन, उसका सामाजिक गतिविधिमा पनि प्रशस्त प्रभाव पारेको छ । अपराध र घृणित दुष्कर्मप्रति प्रतिबद्ध कतिपय बेइमान सञ्चालकहरूले स्वदेशी सिपालु हातलाई भन्दा विदेशमा निर्मित वस्तुलाई बढी प्रोग गर्न थालेका छन् ।

ख) तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनुहोस् ।

ग) तलको अनुच्छेदबाट छ वटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् ।

अपाङ्ग व्यक्तिले हिमालय चढेर, विद्यालयमा पढेर राम्रा सूक्ति अनूदित गर्ने छन् । सदैव हामीले मतैक्य भएर ती देवर्षितुल्य प्रत्येक प्रतिभालाई स्वागत गरी परोपकारको पाठ पढाउनुहुन्छ ।

६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

क) तलको वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् ।
मेरी काकीको छोरी काठमाडौं बस्छ । ऊ कलेजमा पढ्छन् । ऊ मेहनती हुनुहुन्छ । उसकी बहिनी पनि त्यहीं सँगै बसेर पढ्छ । उनीहरू राम्रो श्रेणीमा उत्तीर्ण हुन्छ ।

ख) तलको अनुच्छेदमा प्रयुक्त सबै क्रियापदलाई सामान्य भूतकालमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :
म सौराहा जान्छु । मलाई त्यो ठाउँ राम्रो लाग्छ । म त्यहाँ पुराना साथी भेट्छु । साथीहरूले मलाई उपहार दिन्छन् । ती उपहार लिएर म घर फर्कन्छु ।

७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ६

क) वाक्य ढाँचा सहित एकवचनलाई बहुवचन र बहुवचनलाई एकवचनमा परिवर्तन गर्नुहोस् ।
काला चराहरू आकाशमा उडे । सिकारीले गुलेली ताक्यो । कमिलाले सिकारीको खुट्टामा टोकिदियो । ऊ छटपटायो । बन्दुक पड्क्यो । चराहरू भागे ।

ख) 'ले, लाई, बाट, द्वारा, मा, देखि' विभक्ति प्रयोग गरी ६ वटा वाक्यमा आफ्नो विद्यालयको बयान गर्नुहोस् :

८. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×४=८

क) तलका वाक्यमा रहेका उद्देश्य र विधेय पहिचान गरी लेख्नुहोस् ।

अ) दिदीआमाबाट घेरिएकी गौरी शङ्करलाई भेट्न चाहन्थी ।

आ) एकै छिनमा आउने भनी गएको केटो दुई घण्टा बितिसक्दा पनि आएन ।

इ) मेहनती विद्यार्थी राम्ररी पढ्छ ।

ई) विद्यार्थी आए ।

ख) आवश्यक कुरा थपघट गरी तलका वाक्यहरूलाई परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् ।

नेपालले सन् २०११ लाई पर्यटन वर्ष घोषणा गरेको छ । यसका लागि स्वदेश विदेशमा कार्यक्रमहरू गरिँदै छन् । पर्यटकलाई स्वदेश भित्र्याइँदै छ । उनीहरूको चाहना अनुरूप खानेकुरा होटेलहरूले तयार गरेका छन् । यस अघि पनि पर्यटन वर्ष मनाइयो । प्रशस्त सरकारी बजेट खर्च गरियो, पत्रपत्रिकामा प्रचारप्रसार गरियो । हामी पर्यटन वर्षलाई सफल बनाउने छौँ ।

ग) तलको वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :

मेरो विद्यालय गाउँका सिरानमा छ । त्यहाँको वातावरण शान्त छ । त्यहाँ अनुशासनलाई प्राथमिकता दिइएको छ । त्यहाँ नियमित पढाइ हुन्छ ।

९. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् : १०

नेपालको मेचीदेखी महाकालीसम्मको भूभागमा अनेक उपत्यका पाइन्छन् । मध्य पश्चिमको सुर्खेत महाकालीसम्मको भूभागमा अनेक उपत्यका पाइन्छन् । मध्य पश्चिमको सुर्खेत उपत्यका, दाङ र देउखुरी उपत्यका, पोखरा उपत्यका, चितवन, नवलपुर उपत्यका, काठमाडौं उपत्यका, सिन्धुली माडी उपत्यका र अरू नदी किनारका अनेक उपत्यका छन् । भूगर्भवेत्ता विद्वान्हरूको भनाइ अनुसार यी उपत्यकामा पहिले जल भरिएको थियो र करिब अढाई लाख वर्ष पहिले यी उपत्यकाबाट पानी निस्केर बाहिर गयो । सम्भवत: यी सबै उपत्यकाको पानी त्यसपछि खुल्यो होला । पानी बगेर गएपछि यहाँ जङ्गल भयो होला र जीवजन्तु पनि आफ्नो आहाराको खोजीमा यसतर्फ अग्रसर भएको हुनुपर्छ । त्यसपछि आदि मानव पनि आफ्नो जीवन निर्वाहका लागि यसतर्फ सिकार गर्न पस्यो होला । पहिले मानवको जीवन यायावरीय भए पनि पछि केही स्थिर हुँदै गयो । आजभन्दा दश हजार वर्ष पहिलेसम्म मानव पुरानै पाषाण युगको क्रममा थियो । तर इसापूर्व सात हजारदेखि पाँचहजार वर्षतिर आएरस आफ्नो जीवन नवपाषाण युगमा पुऱ्यायो । यस समयमा मानवले कृषिकर्म अपनाउन थालिसकेको थियो ।

<u>प्रश्नहरू:</u>

क) नेपालका उपत्यकाहरूमा कति वर्ष पहिले जङ्गल उत्पन्न भएको थियो ?

ख) आदि मानव यी उपत्यकामा पस्नुअघि यहाँ कस्तो वातावरण थियो ।

ग) मानवले यायावरीय जीवन बिताउनुको कारण के हो ?

घ) माथिको अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुन सक्छ ?

ङ) 'भूगर्भवेत्ता' र 'पाषाण युग' को अर्थ के हो ?

१०. तलको अनुच्छेद पढी मुख्यमुख्य पाँच बुँदा टिपोट गर्नुहोस् : ५

शिरताजको स्वरूपमा हिमरत्नले सजिएको राष्ट्र नेपाल आफ्नो अनुपम प्राकृतिक तथा सांस्कृतिक सम्पदाका कारण पर्यटन उद्योगका लागि सशक्त भूमि बन्न सक्ने देखिन्छ । यद्यपि प्रचार प्रसार विना यस उद्योगको भविष्य अँध्यारोतिर धकेलिन सक्ने यथार्थलाई पनि नकार्न सकिन्न तसर्थ पर्यटन प्रवर्द्धनका लागि देशका ऐतिहासिक, भौगोलिक, सांस्कृतिक एवम् विभिन्न नेपाली कलाकौशल झल्काउने खालका स्तरीय पोस्टर एवम् पत्रपत्रिका विश्वभर फैलाउनु पर्दछ । यसका साथै पर्यटक स्वयम् पनि प्रचारप्रसारको सबल माध्यम बन्न सक्ने यथार्थका आधारमा उनीहरूको सन्तुष्टि नै पर्यटन उद्योगको सफल सम्भावनाका लागि प्रथम भरोसा मान्न

सकिन्छ । यसका लागि सेवा भावनाले प्रेरित हुँदै होटलहरूको शुल्कभन्दा सुविधालाई ध्यानमा राखेर गुणात्मक कार्य सञ्चालन गर्नु वाञ्छनीय देखिन्छ । त्यस्तै गरी निजी क्षेत्रमा सञ्चालित नेपालका ट्राभल एजेन्सी र ट्रकिङ व्यवसायीहरूले पनि स्वस्थ प्रतिस्पर्धाका साथ आफ्नो उद्यमशीलता बढाउनु पर्ने देखिन्छ । यसका साथै पर्यटन विकासमा यातायातको भूमिका पनि निकै महत्त्वपूर्ण मानिन्छ । नेपाल भूपरिवेष्ठित मुलुक भएकाले यो देश जल यातायातको सुविधाबाट वञ्चित छ । यही तथ्यलाई हृदयङ्गम गरी हामीले पर्यटन प्रवर्द्धनका लागि वर्तमान मानव जीवनको महत्त्वपूर्ण आधार यातायातको प्रबन्ध सुव्यवस्थित र सङ्गठित रूपबाट गर्नु अनिवार्य हुन्छ । यिनै कुरालाई साकाररूप दिन नेपालले पनि केही समयका अन्तरालमा 'नेपाल भ्रमण वर्ष' को आयोजना गर्दै आएको छ ।

११. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । ५

क) आफ्नो जिल्लाबाट पठनपाठनका लागि काठमाडौं आएका विद्यार्थीहरूको 'वनभोज' कार्यक्रमका लागि आयोजकका तर्फबाट निकालिने एउटा सूचनाको नमुना तयार पार्नुहोस् ।

ख) आफ्नो घरमा खानेपानीको पाइप जडान गरिदिन अनुरोध गर्दै स्थानीय खानेपानी कार्यालयलाई सम्बोधन गरी एउटा निवेदन लेख्नुहोस् ।

१२. आफ्नो विद्यालयमा सम्पन्न वार्षिकोत्सव कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार गर्नुहोस् । ५

(मान्नुहोस् : तपाईंको नाम आदित्य हो र तपाईंको विद्यालयको नाम तिलिचो उ.मा.वि. नेपालनगर हो ।)

अथवा

'शिक्षित युवाको विदेश पलायन' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्नुहोस् । १०

क) हाम्रो पाहुना : पर्यटक

ख) मैले चाहेको नयाँ नेपाल

ग) सामाजिक उत्थानमा महिलाको भूमिका

१४. 'एक चिहान' उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् । ५+५=१०

के त ? यसको माने यही हो; किसानका छोरा केही होइनन् ? किसान केही होइन ? त्यसमा मनुष्यत्व केही छैन ? शिवनारानले पनि अलि दह्रो भएर जवाफ दिए । "किसान राजा हुन्, सम्राट हुन्, देउता हुन्, परमात्मा हुन् ।" व्यङ्गयभावना रामबहादुरले भने । "किसान माथि व्यङ्गय हानेर तपाईं यस्तो उपेक्षित कुरा नगर्नु होला रामबहादुरजी तपाईंलाई म यो पनि बताइदिन चाहन्छु- एक चोटिलाई मैले क्षमा गरेको छु । किसान अरू केही थोक नभए तापनि तपाईंको अन्नदाता हो, आफ्नो पसिना बगाएर समाज र देशलाई पाल्ने र रगत दिएर संसारलाई जिन्दगी दिइ रहने एउटा त्यागी र तपस्वी जाति हो । अझ यो भन्दा पनि बढ्ता तपाईं थाहा पाउन चाहनु हुन्छ भने पसिनाको परिश्रम र बलिदानको नातामा संसारमा सबभन्दा ठूलो किसान हो, जसलाई तपाईं ईश्वर भन्न चाहनु हुन्छ कि परमेश्वर अथवा जे भन्नोस् ।" बडो गर्वसाथ शिवनारानले भने ।

**प्रश्नहरू:**

क) माथिको गद्यांशमा आएको रामबहादुर कस्तो पात्र हो ? उपन्यासका आधारमा स्पष्ट पार्नुहोस् :

ख) उपर्युक्त गद्यांशका आधारमा किसान जातिको महत्त्व र तिनमा आएको क्रान्तिचेतनाको विश्लेषण गर्नुहोस् :

१५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×५=१०

क) तलको कवितांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

जहाँ
हरिया हरिया पहाडका फरिया
अलिक तल सारेर

निर्मल, स्वच्छ र न्यानो घाममा
हिमालले सधैँ ढाड सकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैँ मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ ।

**प्रश्नहरू:**

अ) यस कवितांशमा कस्तो वातावरणको चित्रण छ ?

आ) 'हरियो फरिया' भनेको के हो र त्यो कसले लगाएको छ ?

इ) 'हिमालले ढाड सेकेको हुन्छ' भन्नुको तात्पर्य के हो ?

ई) मनले सपनामा पाइला टेक्नु भनेको के हो ?

उ) यस कवितांशमा देशभक्तिपूर्ण भाव कसरी अभिव्यक्त भएको छ ?

ख) तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

के रूपैयाँको लोभ देखाउँछौँ साहु । गरिब छु निमेकमुजुरीले छाक टार्नुपर्छ तापनि पैसाको निम्ति आत्मा बेच्ने त्यति सानो निच भएको छैन । छिमेकीलाई "जिउँदाको जन्ती मर्दाका मलामी" भन्छन् । यस्तो बेलामा चटक्क छाडेर भारी खेप्न हिँडे मर्दैन ? तिमी त ठमठम्ती छौँ र रुपियाँको धाक देखाउँछौ, धनजितेको झैं चार दिन अन्न पानी भएर लड्नु परे थाहा पाउने थियौं ।"

**प्रश्नहरू :**

अ) यो भनाइ कसको हो ?

आ) यस उद्धरणको सन्दर्भ के हो ?

इ) 'पैसाका निम्ति आत्मा बेच्ने त्यतिसारो निच भएको छैन' भन्नुको तात्पर्य के हो ?

ई) "अन्न न पानी भएर लड्नु परे थाहा पाउने थियौ" भनेर के कुरा थाहा दिन खोजिएको छ ?

उ) यस अनुच्छेदमा छिमेकीमा हुनुपर्ने के कस्ता गुण देखाइएका छन् ?

ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।

स्वास्नी मान्छेलाई लोग्ने मान्छे र लोग्ने मान्छेलाई स्वास्नी मान्छे साथी बनाउन अप्ठ्यारो पार्ने एउटा ठुलो कारण सिद्धान्तलाई पूजा गर्ने हाम्रो बानी पनि हो अर्थात् हामी सिद्धान्तलाई व्यावहारिक रूप दिने प्रयत्न गर्नुको सट्टा त्यसको खालि गुन गाएर हिँड्छौँ । हामी न्यायको माहात्म्य गाउँछौँ तर स्वयम् अन्याय गर्नबाट पछि सर्दैनौं । हामी विश्वबन्धुत्व र देशभक्तिको बयान गर्छौ तर खुद मानवताको विपरीत र देश भाँड्ने काम गरी हिँड्छौँ । हामी साम्प्रदायिकताको निन्दा गर्छौं, आर्थिक समानता र स्त्री पुरुषको समानताको ओड लिन्छौँ तर आफैँ साम्प्रदायिक भावना अनुसार चल्छौँ । आफै स्त्री पुरुषको समानता र आर्थिक समानताको उल्टो हिँड्छौँ ।

**प्रश्नहरू:**

अ) यस निबन्धांशको लेखक को हुन् र निबन्धको शीर्षक के हो ?

आ) यहाँ समाजको कुन पक्षप्रति व्यङ्गय गरिएको छ ?

इ) नारी पुरुष साथी बन्न नसक्नुको मुख्य कारण के हो ?

ई) हामी कुन कुन पक्षमा उल्टो यात्रा गर्दै छौं ?

उ) हामीमा रहेका दुर्गुणहरू केके हुन् ?

१६. बहुलाकाजी साँच्चिकै बहुला हो वा होइन, 'बहुलाकाजीको सपना' नाटकका आधारमा आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।

-समाप्त-